# सङ्कुचनमा प्रेस




सेन्टर फर मिडिया रिसर्च - नेपाल

# सङ्कुचनमा प्रेस

द एसिया फाउन्डेसनको सहयोगमा
सेन्टर फर मिडिया रिसर्च–नेपाल, काठमाडौँद्वारा प्रकाशित

Center *for* Media Research NEPAL

२०७९

# सङ्कुचनमा प्रेस

लेखक : भुवन केसी, तिलक पाठक, रघुनाथ लामिछाने, उज्वल प्रजापति

प्रकाशित मिति : २०७९, असोज

Center for Media Research NEPAL

सेन्टर फर मिडिया रिसर्च-नेपाल, काठमाडौँ

वेब : http:/research.butmedia.org

सामाजिक सञ्जाल : CMRNepal

इमेल : cmrnepal@butmedia.org

The Asia Foundation

द एसिया फाउन्डेसन

पोष्ट बक्स ९३५, बुद्धिसागर मार्ग, वडा नं. ३

पानीपोखरी, काठमाडौं, नेपाल

www.asiafoundation.org

ISBN : 978-9937-1-2867-4

लेआउट तथा कभर डिजाइन : आवृति मिडिया

सङ्कुचनमा प्रेस पुस्तक द एसिया फाउन्डेसनको सहयोगमा प्रकाशित गरिएको हो । पुस्तकमा व्यक्त विचार तथा विषयहरूले द एसिया फाउन्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन ।

यो पुस्तक क्रियटिभ कमन्स CC BY 4.0 अन्तर्गत प्रकाशन गरिएको छ । यसका सामग्रीहरु स्रोत उल्लेख गरेर र मूल कुरा फरक नपर्ने गरी पुनः प्रकाशन गर्न पाइन्छ ।

# हाम्रो भनाइ

मुलुक सङ्घीयतामा गएपछि संविधानमा उल्लेख गरिएका मिडियासम्बन्धी क्षेत्राधिकार बाँडफाँटको जगमा सङ्घ, प्रदेश र स्थानीय तहमा मिडियासम्बन्धी नीति नियम तथा ऐन कानुनहरु बनाउने प्रक्रिया अघि बढेको छ । राजनीतिक र संरचनागत परिवर्तनको अनुभूति र समय सान्दर्भिक कानुन बनाउन पहल गर्नुलाई सकारात्मकरूपमा लिन सकिन्छ । तर, सङ्घीय संसद्, प्रदेश सभा र नगर/गाउँ सभाबाट बनाइएका र बन्ने क्रममा रहेका नीति तथा कानुनहरूमा मिडिया र पत्रकारलाई समन्वय, सहजीकरण र सहयोग गर्ने भन्दा पनि अधिकारहरु सङ्कुचित गर्न सक्ने प्रावधानहरु राखेको पाइन्छ ।

सङ्घबाट अघि सारिएका मिडियासम्बन्धी अधिकांश विधेयक विवादित भएका र सघन छलफल भइ सहमतिमा पुग्ने, विधेयक संसद्मा पेस हुने र पारित भइ कानुनको रूप लिन नसकेकाले सङ्घले धेरैजसो पुरानै नीति नियम तथा कानुनमा सामान्य संशोधन गरी काम गर्दै आएको छ । प्रदेशस्तरमा सङ्घीयताको अभ्याससँगै मिडियासम्बन्धी नीति तथा कानुनहरु बने पनि ती कानुनको निर्माण प्रक्रिया, तिनीहरूमा उल्लिखित कतिपय प्रावधानहरु, कार्यान्वयन पक्षलगायतमा समस्या र चुनौती देखापरेका छन् । केन्द्रकै प्रावधानहरूको नक्कल गर्ने, मिडियालाई नियन्त्रण गर्ने किसिमका प्रावधान राख्ने, बनाएका कानुनहरु केही समयपछि नै संशोधन तथा एकीकृत कानुनको प्रक्रियामा जानेलगायतका कार्यले प्रदेशहरु कानुन निर्माण र लागु गर्ने सन्दर्भमा सैद्धान्तिक र व्यावहारिकरूपमा प्रष्ट हुन नसकेको देखाउँछ । त्यस अतिरिक्त प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संविधानले प्रदान गरेका अधिकारहरूसमेत सङ्कुचित हुने गरी प्रावधानहरु राखेर नेपाली मिडिया र पत्रकारका लागि भयको तरबार झुण्डाउने प्रयास गरिएको छ ।

त्यति हुँदाहुँदै पनि सरोकारवाला पक्षको दबाबपछि कानुनमा उल्लेख भएका नियन्त्रणमुखी केही प्रावधानहरूलाई संशोधन तथा परिमार्जन गर्ने पक्षमा सङ्घ

र प्रदेशहरू अघि बढेका पाइन्छ । तर पनि ती प्रयास पर्याप्त छैनन् । यस सन्दर्भमा प्रस्तुत पुस्तकमा २०७५ सालदेखि २०७९ साल असोजको पहिलो हप्तासम्म सङ्घ, प्रदेश र स्थानीय तहमा बनेका र बन्ने क्रममा रहेका मिडियासम्बन्धी नीति तथा कानुनमा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालाई कसरी सङ्कुचित पार्ने प्रयास गरिएको छ भन्ने पक्ष केलाइएको छ । मिडियाका नीति नियम र कानुनसम्बन्धी रूचि राख्ने सबैलाई उपयोगी हुनुका साथै मिडिया नीति तथा कानुनलाई परिमार्जन र परिस्कृत गर्नसमेत पुस्तकले सहयोग पुऱ्याउने विश्वास लिएका छौँ । पुस्तक प्रकाशनमा सहयोग गर्ने संस्था द एसिया फाउन्डेसनलाई पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा, पुस्तक लेखकहरूका साथै तयारीका क्रममा सहयोग पुऱ्याउनुहुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौँ ।

**तृष्णा आचार्य**
**अध्यक्ष**
**सेन्टर फर मिडिया रिसर्च-नेपाल**

# विषयसूची


| | |
|---|---|
| प्रेस स्वतन्त्रता र संवैधानिक अधिकार | १ |
| सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार र अन्योल | १७ |
| सङ्घ र प्रदेशमा सञ्चारसम्बन्धी नीति तथा कानुन निर्माण | २३ |
| अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामा अङ्कुश | २९ |
| निष्कर्ष तथा सुझावहरू | ७१ |
| सन्दर्भ सामग्रीहरू | ७६ |

# प्रेस स्वतन्त्रता
# र
# संवैधानिक अधिकार

लोकतन्त्रमा मिडियाको भूमिकालाई विशेषरूपमा लिने गरिन्छ । त्यसैले मिडियालाई चौथो अङ्ग, समाजको पहरेदार, परिवर्तनका बाहक, जनताको प्रतिनिधिलगायतका सङ्ज्ञा दिने गरिन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा संविधान, नियम कानुन तथा विभिन्न घोषणाहरूमार्फत प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूत गरिन्छ । सूचनामा पहुँच, पारदर्शिता, जवाफदेहिता, स्वनियमन, विविधता, फरक विचारको सम्मानलगायतका पक्षहरु पनि महत्वपूर्ण हुन्छन् ।

सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रको दफा १९ मा प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने, अधिकारमा विनाहस्तक्षेप आफ्ना विचार राख्न पाउने स्वतन्त्रता, सिमानाको बन्देजविना कुनै पनि माध्यममार्फत सूचना र विचारहरु प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता समावेश हुने उल्लेख गरिएको छ । यस्तै सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा प्रत्येक व्यक्तिलाई विनाहस्तक्षेप आफ्ना विचार राख्न पाउने अधिकार हुने प्रावधान राखिएको छ । त्यसैगरी प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने, सीमाको बन्देजविना, मौखिक, लिखित वा मुद्रितरूपमा वा कलात्मकरूपमा वा आफ्नो छनोटको अन्य कुनै माध्यममार्फत सबै किसिमका सूचना र विचार प्राप्त गर्ने तथा दिने स्वतन्त्रता हुने, अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरूसमेत निहित हुने उल्लेख गरिएको छ । अधिकारहरु केही निश्चित प्रतिबन्धहरूको अधीनमा हुने जसमा अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण आवश्यक हुनुपर्ने पक्षलाई पनि प्राथमिकता दिइएको छ ।

नेपालको संविधानको प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रता' उल्लेख छ । संविधानको धारा १७ मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने उल्लेख छ भने धारा १९ मा सञ्चारको हकअन्तर्गत सूचना छाप्नु वा प्रवाह गर्नुअघि पूर्वप्रतिबन्ध नलगाउने, कुनै सामग्री प्रकाशन वा प्रसारण गरेबापत कुनै सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज नगरिने प्रावधान उल्लेख छ । त्यसैगरी धारा २७ मा सूचनाको हकको प्रावधान छ (हेर्नुहोस्, अनुसूची १)।

आमसञ्चार, सञ्चार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसम्बन्धी जति पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधान छन्, ती सबै नागरिक अधिकारको रक्षा तथा प्रवर्द्धनका लागि राखिएका हुन् भन्ने मान्यता छ । त्यस अतिरिक्त यिनीहरूले लोकतान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्न सहयोग पुऱ्याउँछन् किनकि मिडिया सबल र विश्वसनीय भएमात्र लोकतन्त्र पनि मजबुत हुन्छ । तर निरङ्कुश शासन व्यवस्थामा मात्र होइन, लोकतान्त्रिक शासन व्यवस्थामा पनि सत्ता र शक्तिमा रहनेहरूले मिडियासम्बन्धी नीति

नियम बनाउँदा र अभ्यासमा भने ती अधिकारलाई कुनै न कुनै रूपमा आघात वा सङ्कुचन गर्ने प्रयास गरेका पाइन्छ । त्यसैगरी विभिन्न राजनीतिक दल, सङ्घ सङ्गठनहरू तथा समूहहरूले पनि प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मिडिया र मिडियाकर्मीका अधिकारहरूलाई सङ्कुचित गर्ने प्रयास गर्न सक्छन् जसले नागरिकहरूका अधिकारलाई पनि कुनै न कुनै रूपमा असर गर्ने गर्छन् । नागरिक अधिकारहरू तथा क्षेत्रलाई सङ्कुचनका लागि नौवटा बुँदाहरूमध्ये अनलाइन दमनसहित अभिव्यक्ति स्वतन्त्रता नियन्त्रणलाई पनि राखिएको छ ।[१]

प्रेस तथा अभिव्यक्ति स्वतन्तत्रामा सङ्कुचन एउटा मात्र नभएर धेरै तरिकाले गरेको पाइन्छ जसअन्तर्गत नियम कानुन बनाएर नियन्त्रणका प्रावधानहरू राख्ने, निर्देशनहरू जारी गर्ने, नियमावलीहरू तयार पार्ने, संशोधन गर्ने, सूचना प्रवाहमा अवरोध सिर्जना गर्ने, पत्रकारलाई आरोप लगाउने, गिरफ्तार गर्ने, दुर्व्यवहार गर्ने, धम्काउने, अपहरण गर्ने, हत्या गर्ने कार्य हुन्छन् । त्यसैगरी आर्थिकरूपले मिडियालाई कमजोर पार्ने, पत्रकारलाई फौजदारी अभियोग लगाउने, मिडियाका नीति नियम बनाउँदा सरोकारवालाई बेवास्ता गर्ने, सुझावहरूलाई गम्भीररूपमा नलिने, पारदर्शिता र जवाफदेही नहुने, कानुनको दुरूपयोग गर्ने, दण्डहीनता हुने, मिथ्या सूचना रोक्ने भन्दै नियन्त्रणकारी कानुन बनाउने, सरकार आफैँले मिडिया सञ्चालन गर्नेलगायतका कार्यले पनि कुनै न कुनै रूपमा स्वतन्त्र मिडियाको अधिकार कटौती हुने वा क्षेत्र साँघुरिँदै जाने गरेको पाइन्छ । सरकारले मिडिया तथा पत्रकारलाई डर वा प्रलोभनमा पार्दा पनि प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता सङ्कुचित हुन पुग्छन् ।

त्यसैगरी संविधान तथा नियम कानुनमा पनि निश्चित विषयमा मनासिब प्रतिबन्ध लगाउन सक्ने गरी ऐन बनाउन रोक लगाएको मानिएको नहुने प्रावधान राखेको पाइन्छ । नेपालको संविधानको धारा १७ मा स्वतन्त्रताको हकअन्तर्गत नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा सङ्घीय एकाइ वा विभिन्न एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, जातीय वा छुवाछूतलाई दुरूत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन लगायतका प्रावधान उल्लेख छन् ।

त्यसैगरी धारा १९ मा सञ्चारको हकअन्तर्गत नै तर यस उपधारामा लेखिएको

१ Twomey, (eds), 2017.

कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन भन्ने उल्लेख छ । यसैगरी कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरूद्ध गरिने छैन भन्ने पनि उल्लेख छ । सत्ता र शक्तिमा रहेकाहरूको नियत सही नभएमा ती प्रावधानहरू दुरूपयोग हुने र अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामाथि अङ्कुश लगाउन सक्ने जोखिम रहन्छ ।

नेपालको सन्दर्भमा हेर्दा सङ्घीयतापछि पनि नीति तथा व्यावहारिकरूपमा अभिव्यक्ति अवरोध तथा प्रेस स्वतन्त्रता हननका घटना रोकिएका छैनन् । नेपाल पत्रकार महासङ्घका अनुसार २०७४ साल वैशाखदेखि २०७९ साल भदौ मसान्तसम्ममा प्रेस स्वतन्त्रता हननका २९९ वटा घटना भएका छन् जसमा मृत्यु/हत्या, बेपत्ता, कब्जा, अवरोध, आक्रमण, हिंसा, धम्की, विस्थापन, पेसागत असुरक्षा, नीतिगत बन्देज, पक्राउ, दुर्व्यवहारलगायत छन् ।[२]

## कानुन निर्माण प्रक्रिया र सरोकारवालाको भूमिका

नीति निर्माणले मिडिया क्षेत्रमा पनि महत्वपूर्ण भूमिका खेल्छ । कुनै पनि समाजमा नीति नियमले सञ्चारको क्षेत्रलाई आकार दिनुका साथै दिशानिर्देश गर्न पनि सहयोग पुऱ्याउँछ । मिडियाको सामग्री र संरचना तथा उनीहरूले खेल्ने भूमिकाबारेको बुझाइले मिडियासम्बन्धी नीति निर्माणमा प्रभाव पारेको हुन्छ । र, सोहीअनुसार मिडियासँग सम्बन्धित नियम र कानुन बनाउने गरिन्छ । मिडियाको नीति नियम कस्ता बनाइँदैछ र तिनीहरूको उद्देश्य के हो भन्ने कुरा त्यो देशको राजनीतिक पद्धतिमा पनि भर पर्छ किनकि राजनीतिक पद्धतिले पनि मिडियाको कानुन निर्माण प्रक्रियामा विशेष अर्थ राख्छ ।

सामान्यतया नीति निर्माणले देशको मिडियाको गतिविधि र उद्देश्यलाई अभिप्रेरित गर्ने गर्छ । निर्माण भएका नीति तथा कानुनहरूको प्रयोग तथा अपनत्व कति हुन्छ भन्ने कुरा मिडियाको नीति निर्माणको प्रक्रिया कसरी अघि बढाइयो भन्ने कुरामा पनि भर पर्छ । सरोकारवाला पक्षहरू, प्रविधि र मानकका साथसाथै मिडियासम्बन्धी नीति निर्माण प्रक्रियामा पारदर्शिता, उत्तरदायित्व र समावेशीकरण जस्ता पक्षहरू पनि महत्वपूर्ण हुन्छन् ।

२ नेपाल पत्रकार महासङ्घ, २०७८ ।

नेपालको संविधानको मर्मअनुसार सङ्घीयता कार्यान्वयन गर्न कानुन निर्माण महत्वपूर्ण पक्ष हो । सङ्घीय संसद्, प्रदेश सभा र स्थानीय तहले संविधानप्रदत्त अधिकार प्रयोग गरी विभिन्न क्षेत्रका कानुन बनाउने कार्य जारी राखेका छन् । कानुन बनाउनका लागि सबैभन्दा पहिले मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति लिइन्छ । त्यसपछि सम्बन्धित मन्त्रालयले कानुनको मस्यौदा तयार पार्ने, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट राय लिने, रायसहित मन्त्रिपरिषद्मा पठाउने, विधायन समितिमा पठाउने, त्यसमा छलफल गर्ने र मन्त्रिपरिषद्मा छलफल गरी अनुमोदन गरेपछि विधेयकका रूपमा सरकारले संसद् सचिवालयमा दर्ता गराउँछ । यसबीचमा कानुन मस्यौदा समिति पनि सक्रिय हुन्छ । त्यो विधेयक संसद्मा प्रस्तुत गरी छलफल गर्ने, आवश्यकताअनुसार विधायन समिति र सम्बन्धित क्षेत्रको समितिमा पठाउने, पुनः संसद्मा छलफल गरी पारित गर्ने र पारित विधेयकलाई प्रमाणीकरणका लागि सङ्घको हकमा राष्ट्रपतिसमक्ष पठाउने गरिन्छ ।[३]

## सङ्घमा कानुन निर्माण प्रक्रिया




कतिपय विधेयकमा आवश्यकताअनुसार जनताको राय लिन सक्ने व्यवस्था पनि हुन्छ । विधेयक बनाउँदा सम्बन्धित क्षेत्रले तयारी गर्ने र कार्यपालिकालाई मस्यौदाको प्रारम्भिक रूप उपलब्ध गराएर सहयोग गर्ने अभ्यास पनि छ । नीतिहरु भने सरकारले तयार गर्ने र मन्त्रिपरिषद्बाट पारित गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने गरिन्छ ।


प्रदेश सभामा पनि विधेयक बनाउनका लागि सबैभन्दा पहिले मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति लिनुपर्छ । त्यसपछि सम्बन्धित मन्त्रालयले कानुन मस्यौदा तयार पार्छ । यसबीचमा

---

३ नेपालको संविधान, २०७२ ।

कानुन मस्यौदा समिति पनि सक्रिय हुन्छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट राय लिइन्छ । त्यसपछि मन्त्रिपरिषद्मा छलफल हुन्छ र त्यहाँबाट अनुमोदन भएपछि विधेयक प्रदेश सभा सचिवालयमा दर्ता गराउने गरिन्छ । प्रदेश सभामा पेस गरी आवश्यकताअनुसार छलफल गरी समितिमा पठाउने र पुनः सभामा पठाएर पारित गर्ने प्रक्रिया हुन्छ । पारित भएका विधेयकलाई प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पठाउनुपर्ने हुन्छ ।

## प्रदेशमा कानुन निर्माण प्रक्रिया





तर केही ठाउँमा यी प्रक्रिया नपुऱ्याएको स्थिति पनि छ । मधेस प्रदेशमा प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा सैद्धान्तिक छलफल गरियो । तर संसद्‌ीय समितिमा छलफल गरिएन भन्दै प्रदेश सभा सदस्यहरूले आपत्ति प्रकट गरेका थिए ।[४]

स्थानीय तहमा गाउँपालिका र नगरपालिकाले संविधानको अनुसूची ८ र ९ मा उल्लिखित क्षेत्राधिकारभित्र रहेर कानुन बनाउँछन् । त्यसरी कानुन निर्माण गर्दा कार्यपालिकाबाट प्रक्रिया सुरू हुन्छ । कार्यपालिकाले कानुन बनाउने आवश्यकता पहिचान गरेपछि मस्यौदा तयार पार्न समिति गठन गरिन्छ । त्यसलाई कार्यपालिकाले स्वीकृत गरेपछि छलफलका लागि विधेयक सभामा पेस हुन्छ । त्यसमा छलफल भएपछि थप छलफलका लागि समिति पनि पठाउन सकिन्छ । त्यसपछि मस्यौदालाई पुनः सभामा पेस गरिन्छ र छलफलपछि पारित गरिन्छ । पारित भएको विधेयकलाई सभा प्रमुखले प्रमाणीकरण गरेपछि कानुन कार्यान्वयनको प्रक्रियामा जान्छ ।

४ अनलाइनखबर, २०७७ ।

# स्थानीय तहमा कानुन निर्माण प्रक्रिया




कानुन बनाउँदा स्थानीय तहमा पनि समस्या रहेको पाइन्छ । स्थानीय तहमा कानुन बनाउँदा प्रक्रिया पूरा नभएको सन्दर्भमा गण्डकी प्रदेशका तत्कालीन मुख्य मन्त्री पृथ्वी सुब्बा गुरूङले प्रशिक्षण कार्यक्रममा भनेका थिए– स्थानीय तहमा कानुन निर्माणका लागि सम्बन्धित क्षेत्रको समिति बनाएर विधेयकका रूपमा कार्यपालिकामा जानुपर्छ । त्यहाँबाट पारित गराएर गाउँ या नगर सभामा लानुपर्‍यो । त्यहाँ लामो छलफलबाट पारित गराउनुपर्‍यो । तपाईंहरूको मन्त्रिपरिषद् भनेको कार्यपालिका हो भने संसद् भनेको गाउँ या नगर सभा हो ।[५]

कानुन निर्माण गर्दा सरकारको मात्र होइन, राजनीतिक दलहरू, सांसदहरू, नागरिक समाज, सरोकारवालाहरू, मिडियालगायतको भूमिका हुन्छ । र, कानुन निर्माण प्रक्रियामा संविधान, नीति नियमका साथसाथै अन्तर्राष्ट्रिय मूल्य/मान्यता र घोषणाहरूको पनि प्रभाव पर्ने गर्छ । मिडियाको पहुँचको विस्तारसँगै इन्टरनेट र दूरसञ्चारको विकासले कुनै पनि आमसञ्चार माध्यम स्थानीय तथा राष्ट्रिय घेराभित्र सीमित नरहन सक्ने अवस्था सिर्जना भएको छ । त्यसैले मिडियासम्बन्धी नीति नियम बनाउँदा अन्तर्राष्ट्रिय पक्षलाई पनि ध्यान दिनुपर्ने हुन्छ जसबाट लोकतान्त्रिक मूल्य मान्यताहरूमा आधारित भएर कानुन निर्माणमा सहयोग पुग्छ ।

---

५ अनलाइनखबर, २०७६ ।

कानुन बनाउने प्रक्रियामा मस्यौदा कसले तयार पार्छ भन्ने पक्षले पनि धेरै अर्थ राख्छ किनकि मस्यौदा तयार पार्दा जति सहजरूपमा विषयहरु प्रवेश गराउन सकिन्छ, मस्यौदा तयार भइसकेपछि सुझावबाट परिस्कृत गर्न त्यति सहज हुँदैन । मस्यौदा बनाउँदा हुने कमजोरीले मूल विषयलाई पनि प्रभाव पार्न सक्छ । सङ्घीय संसद्ले गर्नुपर्ने मस्यौदा सरकारले गरेर पेस गर्ने चलनले गर्दा स्वेच्छाचारी विधेयकहरु ऐनका रूपमा आउने खतरा बढेको कानुनविद् रामप्रसाद श्रेष्ठको ठम्याइ छ । श्रेष्ठले भने– कर्मचारीहरु विधेयकको मस्यौदा गर्छन् र सरकार त्यसलाई जस्ताको तस्तै संसद्मा पेस गर्छ ।[६]

कानुन निर्माण प्रक्रियामा सरोकारवालाको सङ्ख्यासँगै परिधि पनि बढेको छ । पत्रकारहरूको संस्थाका रूपमा नेपाल पत्रकार महासङ्घ, नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, प्रेस सेन्टर नेपाल, सञ्चारिका समूह, अनलाइन पत्रकार सङ्घलगायत छन् । मिडिया सञ्चालकहरूको मिडिया सोसाइटी, मिडिया एलाइन्स नेपाल, सामुदायिक रेडियो प्रसारक सङ्घ, ब्रोडकास्टिङ एसोसिएसन नेपाललगायत छन् । आफ्नो क्षेत्रसँग जोडिएर कानुन आउने क्रममा उनीहरु कुनै न कुनै रूपमा सक्रिय भएको पाइन्छ । यसैगरी सेन्टर फर मिडिया रिसर्च नेपाल, फ्रिडम फोरमलगायतले पनि मिडियासम्बन्धी नीति तथा कानुनका विभिन्न पक्षमा काम गर्दै आएका छन् । त्यस अतिरिक्त मिडियाको नीति तथा कानुन बनाउने क्रममा विज्ञहरु र राजनीतिक दलहरूको पनि भूमिका रहने गरेको छ ।

केन्द्रीय नीति निर्माता र त्यसको शक्तिलाई चुनौती दिन सहज छैन । केन्द्रीय स्तरमा नीति निर्माताहरु आफ्नो वैचारिक घेरामा सीमित रही उनीहरूले चाहेबमोजिम बहस, संरचना तयार गर्नेदेखि कुन प्रकारको सहभागिता प्रभावकारी हुन्छ र नीति बनाउँदा शक्ति सन्तुलनको सर्त राख्ने अवस्था रहेको पाइन्छ । प्रदेशहरूलाई सङ्घले यस्तै कानुन बनाउन भनेर नमुना विधेयक नपठाए पनि स्थानीय तहमा भने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एफएम रेडियोसम्बन्धी नमुना कानुन बनाएर पठाएको थियो ।[७]

नीति तथा कानुन मस्यौदा तयारीका लागि प्रारम्भिक चरणदेखि नै सरोकारवाला तथा विज्ञहरूसँग छलफल, परामर्श र सुझाव लिन सकिन्छ । त्यस अतिरिक्त देशको राजनीतिक अवस्था, सरकारका नीति तथा कार्यक्रममा आधारित भएर सञ्चार नीति तथा विधेयकको प्रारम्भिक मस्यौदा तयार पार्न सकिन्छ । यसो गर्दा विज्ञहरूको पनि सहयोग लिन सकिन्छ । जति बढी सरोकारवालाहरु र विज्ञहरूसँग समन्वय गरी अघि बढ्न सक्यो, उत्ति नै बढी सबै पक्षका चासो र सरोकारलाई सम्बोधन गर्न सकिन्छ ।

६ खड्का, २०७६ ।

७ एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७४ (नमुना कानुन) ।

नभए नीति तथा विधेयकको प्रारम्भिक मस्यौदा बाहिर आउनासाथ विरोध र असन्तुष्टिहरू प्रकट हुन थाल्छन् । सङ्घ र प्रदेशको विधेयकहरू आउँदा विभिन्न पक्षहरूसँग पर्याप्त छलफल भएको पाइँदैन । कतिपय बेला सत्ता निकट केहीसँग परामर्श गर्ने र त्यसकै आधारमा अघि बढ्ने प्रवृत्ति देखियो भने कुनै बेला राजनीतिक क्षेत्र र कर्मचारीबीच मात्र छलफल हुने र सरोकारवालाले विधेयकको मस्यौदा बाहिर आएपछि मात्र थाहा पाएको पनि अवस्था रह्यो । वाग्मती प्रदेशका सञ्चार रजिस्ट्रार रेवतीप्रसाद सापकोटा समग्रमा मिडियाका नीति नियम र कानुन बन्दा धेरै परामर्श नभएको बताउँछन् ।[८]

मिडियासम्बन्धी कानुनका प्रावधानमा सरोकारवालाको विरोध हुनुमा उनीहरूलाई बेवास्ता गर्नु पनि एउटा कारण हो । सङ्घीयतामा गइसकेपछि नेपाल पत्रकार महासङ्घ केन्द्र, प्रदेश र जिल्ला शाखाले सङ्घ, प्रदेश र स्थानीय तहमा कानुन निर्माणसम्बन्धी विशेष चासो लिएको पाइन्छ । प्रेस युनियन, प्रेस चौतारी, प्रेस सेन्टरलगायतका सङ्गठनहरूले पनि बेला–बेलामा आवाज उठाउने गरेका छन् ।

२०७५ साल माघ १८ गते जारी चितवन घोषणापत्रमा महासङ्घले आमसञ्चार नीति कार्यान्वयन हुने वातावरण निर्माणका लागि नयाँ बन्ने सङ्घ र प्रदेशका कानुनहरू बनाइयोस् भन्ने माग गरेको थियो । त्यसपछि महासङ्घले निरन्तरजसो आवाज उठाएको पाइन्छ । २०७६ साल कात्तिक २३ गते पत्रकार महासङ्घले सङ्घ, प्रदेश र स्थानीय तहले निर्माण गरेका, संसद्मा प्रस्तुत गरिसकेका तथा मस्यौदा हुँदै गरेका सञ्चारसम्बन्धी र अन्य कुनै पनि कानुनमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने, खुम्च्याउने वा कुनै पनि प्रकारले बाधा, व्यवधान र अवरोध पुऱ्याउनेखालका प्रावधान राखिएमा त्यसलाई अस्वीकार गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानुन र संरचना निर्माणका पक्षमा पहल गर्नेछ भनेको थियो । महासङ्घले कानुन र संरचना निर्माण गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मूल्य र मान्यता एवं संविधानले व्यवस्था गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अनुकूल हुने गरी सरोकारवालाहरूसँग छलफल र सहमति गरेर ल्याउन सरकारसँग माग गरेको थियो ।

कानुन निर्माण प्रक्रियामा संवाद र परामर्शले पनि धेरै अर्थ राख्छ । सुझावहरू दिँदै जाने र सरकार र संसद्ले बेवास्ता गर्दा दूरी बढ्ने स्थिति पनि देखा पर्छ । मिडियासम्बन्धी सुझाव दिने तर ती सुझावहरू कार्यान्वयन नभएपछि २०७६ माघ १६ गते महासङ्घले संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता एवं अभिव्यक्ति स्वतन्त्रता कार्यान्वयनका लागि विभिन्न ऐन कानुन निर्माण एवं परिमार्जनका सन्दर्भमा सरकार र संसद् एकतर्फी ढङ्गले अगाडि बढिरहेको आरोप लगायो ।

---

८ २०७९ साल असार १६ गते वाग्मती प्रदेशका सञ्चार रजिस्ट्रार रेवतीप्रसाद सापकोटासँग गरिएको कुराकानीमा आधारित ।

२०७६ साल चैत १५ गते महासङ्घले प्रेस स्वतन्त्रता विरोधी प्रावधान राखेर सरकारले संसद्मा प्रस्तुत गरेका कतिपय कानुनमा आंशिक सुधार भए पनि सरोकारहरूको पर्याप्त सम्बोधन हुन नसकेका टिप्पणी गऱ्यो । २०७७ साल वैशाख २० गते पत्रकार महासङ्घले विभिन्न ऐन तथा कानुनमार्फत प्रेसको स्वतन्त्रतालाई नियन्त्रण गर्न खोजिनु प्रेस स्वतन्त्रतामाथिकै गम्भीर चुनौती भएको बतायो ।

नीति निर्माण गर्ने क्रममा कुनै निर्णयमा पुग्न बढी भन्दा बढी सरोकारवाला पक्ष र नागरिकहरूलाई सहभागी गराउन आवश्यक हुन्छ । कुनै बेला सरोकारवाला पक्ष आफैं पनि धेरै नै सक्रिय भएको पाइन्छ । आमसञ्चार विधेयकबारे नेपाल पत्रकार महासङ्घले तयार पारेको विधेयकको मस्यौदालाई त्यसको उदाहरणका रूपमा लिन सकिन्छ । सबै तहले सञ्चारसम्बन्धी नीति, कानुन र संरचना बनाउँदा पत्रकार महासङ्घसहित सरोकारवाला पक्षसँगको व्यापक छलफल र सहमति कायम गर्न आग्रह गर्नुका साथै महासङ्घले सञ्चारसम्बन्धी एकीकृत कानुनको नमुना मस्यौदा बनाएर सरकारलाई हस्तान्तरण गऱ्यो । महासङ्घले बनाएको मस्यौदा कानुनमा तुलनात्मकरूपमा लचिला प्रावधानहरू राखिएका छन् ।

तालिका १ : आमसञ्चार विधेयकमा ल्याइएका प्रावधान र नेपाल पत्रकार महासङ्घले तयार पारेको मस्यौदामा उल्लिखित प्रावधानहरूको तुलनात्मक अवस्था

| | आमसञ्चार विधेयकका प्रावधानहरू | पत्रकार महासङ्घले तयार पारेको नमुना विधेयकका प्रावधानहरू |
|---|---|---|
| प्रस्तावना | नेपालको संविधानले प्रत्याभूत गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवं सञ्चार र सूचनाको हक सुनिश्चित गरी आमसञ्चार क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र व्यावसायिक बनाइ लोकतन्त्रको सुदृढीकरण गर्न आमसञ्चार माध्यमको स्थापना र सञ्चालनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले | संविधानप्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सुसूचित हुन पाउने हकलाई सुनिश्चित गर्न स्वतन्त्र, पारदर्शी र व्यावसायिक आमसञ्चार माध्यमको दिगो विकास, प्रबर्द्धन र नियमनमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्न वाञ्छनीय भएकाले, सङ्घीय संसद्ले यो ऐन बनाएको छ । |
| प्राधिकरणको स्थापना | ३. आमसञ्चार माध्यमको अभिलेखीकरण, दर्ता, इजाजत, अनुगमन तथा नियमन गर्न आमसञ्चार प्राधिकरण स्थापना गरिनेछ । | ३.(१) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सुसूचित हुन पाउने नागरिक हकलाई सुनिश्चित गर्न आमसञ्चार माध्यमको विकास, प्रबर्द्धन र नियमनका लागि राष्ट्रिय आमसञ्चार प्राधिकरण स्थापना गरिनेछ । |

| | आमसञ्चार विधेयकका प्रावधानहरू | पत्रकार महासङ्घले तयार पारेको नमुना विधेयकका प्रावधानहरू |
|---|---|---|
| प्राधिकरण गठन | ५.(१) प्राधिकरणमा दफा ६ बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेका एकजना अध्यक्ष र चारजना सदस्य रहनेछन् ।<br>(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्य नियुक्ति गर्दा पत्रकारिता वा आमसञ्चार, सूचना प्रविधि वा फ्रिक्वेन्सी व्यवस्थापन वा व्यवस्थापन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ । | ६.(१) प्राधिकरणमा उपदफा (३) बमोजिमको सिफारिस समितिको सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद्ले नियुक्ति गरेको अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् ।<br>(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्य नियुक्ति गर्दा छापा, अनलाइन र प्रसारण माध्यम, सूचना प्रविधि, कानुन वा व्यवस्थापन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नुपर्नेछ । |
| सिफारिस समितिको गठन | ६.(१) प्राधिकरणको अध्यक्ष र सदस्यको नियुक्तिका लागि दफा (७) बमोजिमको योग्यता पुगेका व्यक्तिहरूमध्येबाट उपयुक्त व्यक्तिको छनोट गरी सिफारिस गर्न देहायबमोजिमको एक समिति रहनेछ :-<br>(क) मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय-संयोजक<br>(ख) सभापति, प्रतिनिधि सभाको सञ्चारसम्बन्धी विषय हेर्ने समिति-सदस्य<br>(ग) प्रतिनिधि सभाको विपक्षी दलको नेताले मनोनयन गरेको प्रतिनिधि सभाको सञ्चारसम्बन्धी विषय हेर्ने समितिको सदस्य एक जना- सदस्य<br>(घ) मन्त्रालयले नियुक्त गरेका आमसञ्चार क्षेत्रका विज्ञ दुईजना-सदस्य | ६.(३) प्राधिकरणको अध्यक्ष र सदस्यको नियुक्तिका लागि दफा ७ बमोजिमका योग्यता पुगेका व्यक्तिमध्येबाट सिफारिस गर्न देहायबमोजिमको एक सिफारिस समित रहनेछ :-<br>(क) प्रतिनिधि सभाका सभामुख-अध्यक्ष<br>(ख) राष्ट्रिय सभाका अध्यक्ष वा उपाध्यक्ष (महिला)- सदस्य<br>(ग) नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्य मन्त्री-सदस्य<br>(घ) प्रतिनिधि सभामा प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक- सदस्य<br>(ङ) नेपाल पत्रकार महासङ्घका अध्यक्ष-सदस्य |
| पदावधि | ५. (३)प्राधिकरणका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्तिको मितिले चार वर्षको हुनेछ । | ८. प्राधिकरणको अध्यक्ष तथा सदस्यको पदावधि पाँच वर्षको हुनेछ । |

| | आमसञ्चार विधेयकका प्रावधानहरू | पत्रकार महासङ्घले तयार पारेको नमुना विधेयकका प्रावधानहरू |
|---|---|---|
| अध्यक्ष र सदस्यलाई हटाउने व्यवस्था | ८. (१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले गठन गरेको समितिको छानविनबाट देहायको आधारमा निज अध्यक्ष र सदस्य पदमा रहिरहन उपयुक्त नभएको सिफारिस प्राप्त भएमा त्यस्तो अध्यक्ष र सदस्यलाई पदबाट हटाउन सकिनेछ ।<br>(क) कार्यक्षमताको अभाव भएमा,<br>(ख) खराब आचरण भएमा,<br>(ग) इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेमा<br>(घ) निजको काम सन्तोषजनक नभएमा,<br>(ङ) मानसिक सन्तुलन ठीक नभएको वा मगज बिग्रेकोमा वा<br>(च) आमसञ्चारसँग सम्बन्धित व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वामित्व वा निजी स्वार्थ भएमा । | ११.(१) देहायको अवस्थामा अध्यक्ष वा सदस्य पदमा रहिरहनु उपयुक्त छैन भनी प्रतिनिधि सभाको सूचना तथा सञ्चारसँग सम्वन्धित समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ सदस्य उपस्थित भई बसेको बैठकको दुईतिहाइ बहुमतबाट निर्णय भएको प्रस्ताव प्रतिनिधि सभाको बैठकको बहुमतबाट पारित भएमा अध्यक्ष र सदस्य पदबाट नेपाल सरकारले हटाउन सक्नेछ ।<br>(क) कार्यक्षमताको अभाव भएमा,<br>(ख) खराब आचरण भएमा,<br>(ग) इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेमा,<br>(घ) मानसिक सन्तुलन ठीक नभएमा वा मगज विग्रेमा वा<br>(ङ) आमसञ्चारसँग सम्बन्धित व्यवसायमा स्वामित्व वा लगानी भएमा ।<br>(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्यलाई पदबाट हटाउनुपूर्व निजलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिइनेछ । |

'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यता एवम् संविधानको मूल मर्म र भावनाअनुरूप राज्यका तीनवटै तहमा सञ्चारसम्बन्धी नीति, कानुन र संरचना निर्माण गर्न हामी यहाँमार्फत विशेष ध्यानाकर्षण गराउन चाहन्छौं'[९] नेपाल पत्रकार महासङ्घले २०७६ साल वैशाख १५ गते नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल र नेपाली कङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई बुझाएको ज्ञापनपत्रमा उल्लेख थियो ।

९ नेपाल पत्रकार महासङ्घ, २०७६ ।

त्यसो त नीति नियम र कानुन बनाउने क्रममा सङ्घ तथा प्रदेशमा गरिएका छलफल तथा अन्तरर्क्रियामा पनि समस्या देखियो । मधेस प्रदेशका पूर्वआन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादवले मिडियासम्बन्धी कानुन बनाउने क्रममा पत्रकार महासङ्घसँग नियतवश भन्दा पनि समन्वयका लागि जिम्मेवारी दिएका साथीहरूबाट समस्या हुँदा छलफल हुन नसकेको बताए ।[१०] नेपाल पत्रकार महासङ्घ प्रदेश नं. १ ले एफएफ रेडियो र टेलिभिजनसम्बन्धी विधेयक ल्याएपछि विधेयकमा प्रेस स्वतन्त्रतासम्बन्धी प्रावधानहरू रहेको भन्दै तिनीहरूलाई हटाउन मात्र होइन, सञ्चार सम्बद्ध कानुनहरू निर्माण प्रक्रियामा नेपाल पत्रकार महासङ्घ र सञ्चारकर्मीसँग छलफल र परामर्शको वातावरण तयार गर्न आग्रह गऱ्यो । विधेयक पारित गर्दा महासङ्घले आपत्ति जनाएको प्रसारणमा रोक लगाउन सक्ने प्रावधानलाई परिमार्जन गरेर प्रसारणमा सचेत गराउन सकिने व्यवस्था गरियो । इजाजतपत्र रद्द गर्न सकिने प्रावधान पनि हटाइयो ।

अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता विरोधी प्रावधानहरू रहेको भन्दै मिडियाका विधेयकहरू ल्याउँदा र पारित भएपछि पनि गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पत्रकारहरूले विरोध गर्नुका साथै आलोचना गरेका थिए ।[११] कतिपय बेलामा नीति तथा विधेयकहरूलाई परिस्कृत गरी समृद्ध पार्नेभन्दा केवल औपचारिकताका लागि मात्र हो कि भन्ने शङ्का पनि सरोकारवालाहरूको छ । आमसञ्चार माध्यमसम्बन्धी विधेयकको मस्यौदाको छलफलका क्रममा बोलाए पनि कुनैबेला महासङ्घ पनि सहभागी भएन । सल्लाह लिनका लागि भन्दा पनि लिएझैँ मात्र गर्ने ठाउँमा महासङ्घ सहभागी नभएको नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष गोविन्द आचार्यको भनाइ छ ।[१२]

सरोकारवाला मात्र होइन, कानुन निर्माण प्रक्रियामा कर्मचारीको पनि भूमिका रहने गर्छ । मिडियासम्बन्धी नीति र विधेयकको मस्यौदा बनाउँदा पनि प्रायः कर्मचारीको संलग्नता हुने गर्छ । सबै उस्तै छैनन् तर कतिपय सन्दर्भमा उनीहरू हाबी हुने गरेको सरोकारवाला र सांसदहरूको भनाइ छ । कर्मचारी प्रभुत्व बढी हुन्छ कि राजनीति क्षेत्रको भन्ने कुरा नेता र कर्मचारीको क्षमतामा पनि निर्भर हुन्छ । कानुन निर्माणमा गर्दा राजनीतिज्ञहरू चलाख भएको ठाउँमा राजनीतिज्ञको प्रभुत्व हुने र कर्मचारी नेताभन्दा चलाख भएको ठाउँमा कर्मचारीको दबदबा हुने गरेको पाइन्छ ।[१३] समय सान्दर्भिक

---

१० २०७९ साल असार ५ गते सेन्टर फर मिडिया रिसर्च नेपालद्वारा जनकपुरमा आयोजित कार्यक्रममा व्यक्त विचार ।

११ बस्नेत, २०७७ ।

१२ २०७९ साल असार १० गते नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष गोविन्द आचार्यसँग गरिएको कुराकानीमा आधारित ।

१३ २०७९ साल असार १६ गते वाग्मती प्रदेशका सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटासँग गरिएको कुराकानीमा आधारित ।

सोच, परिवर्तनलाई आत्मसात गर्ने र उदारवादी सोचका साथ मिडियाका नीति नियम बनाउन चाहने कर्मचारीहरू पनि छन् । तर, कतिपय कर्मचारीमा मिडियालाई सहजीकरण र विस्तार गर्ने वातावरण सिर्जना गर्ने भन्दा नियन्त्रण र यथास्थिति पक्षलाई जोड दिने प्रवृति रहेको सरोकारवालाको भनाइ छ । विधेयकमा केही प्रावधान थप गरौँ भन्दा त्यो त मिल्दैन भन्ने प्रवृत्ति पनि कर्मचारीतन्त्रमा पाइन्छ । ऐन संशोधन होस् वा नियमावली कुनै पनि नयाँ बुँदा राख्नुपर्ने अवस्था आएमा कुनै पुरानो ऐनमा त्यस्तो व्यवस्था भए सजिलै मान्ने प्रवृत्ति कर्मचारीमा देखिन्छ भने बदलिँदो परिस्थितिलाई ऐन वा नियमावलीमा परिवर्तन गर्नुपर्ने प्रावधानहरू राख्न हिच्किचाउने प्रवृत्ति पनि देखियो । कर्मचारीका अनुसार अग्रसरता लिएर कानुनमा नयाँ नयाँ प्रावधानमा रूचि नदेखाउनुमा विद्यमान कानुनहरूको पनि भूमिका छ किनकि विद्यमान कानुनले परिवर्तनलाई आत्मसात गर्नेभन्दा कानुनको सीमामा रहँदा कर्मचारी हाबी भए जस्तो र मन्त्री, सांसद तथा सरोकारवालाले भनेको नमानेको जस्तो देखिन्छ । तर राजनीतिक नेतृत्वले चाहेमा कर्मचारीले चाहेर पनि परिवर्तनलाई रोक्न सक्दैनन् ।[१४]

लोकतान्त्रिक आन्दोलन र सङ्घीयतालाई मजबुत बनाउनुपर्छ भन्ने पक्षमा धेरै राजनीतिक दल र सांसद देखिन्छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्धता पनि व्यक्त गर्छन् तर सरोकारवालाको भनाइ अनुसार व्यावहारिक पक्षमा पनि मन्त्री तथा सांसदहरूले प्रश्न उठाउने गरेका छन् । स्वतन्त्रतासँगै अराजकता पनि बढ्यो भन्ने उनीहरूको बुझाइ छ । गण्डकी प्रदेश कानुन, सञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापाले मिथ्या सूचनाबाट आफू पनि पीडित भएको भन्दै मिथ्या सूचना प्रवाह गर्नेलाई दण्ड गर्नुपर्ने र त्यसका लागि कानुन आवश्यक भएको बताए ।[१५]

त्यसैगरी कतिपय बेला सत्तामा हुँदा र प्रतिपक्षमा हुँदा लिने अडानमा समेत फरक हुने गरेको पाइन्छ । कङ्ग्रेसले नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वको सरकारले संसद्मा पेस गरेका विधेयकहरू अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता विरोधी भन्दै विरोधका साथसाथै संशोधन प्रस्ताव पनि पेस गऱ्यो । तर नेपाली कङ्ग्रेसको नेतृत्वको सरकारले राष्ट्रिय प्रसारण (एघारौँ संशोधन) नियमावली ल्यायो । नियमावलीमा इन्टरनेट माध्यमबाट प्रसारण गर्ने गरी इजाजतपत्र प्राप्त गरेको अनलाइन टेलिभिजनले अन्य वितरण

---

१४ २०७८ साल पुस ११ गते नेपाल सरकारका पूर्व सचिव ध्रुवप्रसाद शर्मासँग गरिएको कुराकानीमा आधारित ।

१५ २०७९ साल जेठ २८ गते सेन्टर फर मिडिया रिसर्च नेपालले पोखरामा आयोजना गरेको कार्यक्रममा व्यक्त विचार ।

प्रणालीको माध्यमबाट टेलिभिजन कार्यक्रम प्रसारण गर्नुअघि यस नियमावलीबमोजिम अनुमति लिनुपर्ने व्यवस्था गरिएको थियो । यसले अभिव्यक्ति स्वतन्त्रतालाई असर गर्न सक्ने भन्दै विरोध भयो ।[१६]

राजनीति क्षेत्रले मात्र होइन, अरु क्षेत्रले हेर्ने दृष्टिकोणमा पनि परिवर्तन भएको पाइन्छ । नेकपा सरकारले सूचना प्रविधिसम्बन्धी विधेयकमार्फत सामाजिक सञ्जाल दर्ता गर्नुपर्ने प्रावधान ल्यायो । यसले अभिव्यक्ति स्वतन्त्रतामा आँच पुऱ्याउने भन्दै विरोध भयो । नेपाली कङ्ग्रेसको नेतृत्वको सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०७९ जारी गरी विद्युतीय सेवा प्रदायकलाई करको दायरामा ल्याउने घोषणा गऱ्यो । तर यसको विरोध भएन । यसबारे कटाक्ष गर्दै पूर्वसञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले २०७९ साल असार ३० गते ट्विटरमा लेखे-सरकारले फेसबुक ट्विटर, युट्युब जस्ता सोसल साइट सञ्चालकलाई साउनदेखि करको दायरामा ल्याउने भएछ । तर म माइतीघर मण्डलामा बगैँचा माड्न जान्न र स्वतन्त्रता हनन भो भनेर सञ्चार मन्त्रीको पुत्ला जलाउँदिन । बरु कार्यविधिले हुँदैन, सूचना प्रविधि कानुन घर्राबाट निकाल भन्छु । त्यही हिजो गलत आज ठीक ? देखाओ रमिता !

सामाजिक सञ्जाल, अनलाइन, अनलाइन पत्रकारिता, मिथ्या सूचनालगायतबारे प्रष्ट नहुँदा नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता बढी भएको र त्यसलाई नियन्त्रण गर्नुपर्छ भनेर राजनीतिक दलहरु र सरकारमा पुग्ने कतिपयको भनाइ आएको पाइन्छ । मिडियाले सांसदहरूको आलोचना गर्ने भएकाले कतिपय मिडियाप्रति उनीहरु नकारात्मकरूपमा प्रस्तुत हुने गर्छन् । अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतासम्बन्धी सत्तापक्ष र प्रतिपक्षको बुझाईमा खासै फरक छैन । सार्वजनिकरूपमा सांसदहरूले व्यक्त गर्ने भनाई एवं प्रतिबद्धता र उनीहरूको बुझाइ एवं नियतमा देखिने फरकचाहिँ अचम्मलाग्दो छ । नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्टका अनुसार प्रेस स्वतन्त्रतासम्बन्धी व्यवस्थामा राजनीतिक दलका नेताहरूको सार्वजनिक प्रतिबद्धता र कोठामा हुने कुरामा धेरै तालमेल छैन जुन समस्याको मूल जड हो ।[१७]

---

१६ सेजुवाल, न्यौपाने, २०७८ ।

१७ २०७९ साल साउन १३ गते सेन्टर फर मिडिया रिसर्च नेपालले काठमाडौँमा आयोजना गरेको कार्यक्रममा व्यक्त विचार ।

सङ्घ र प्रदेशहरूमा विधेयकको प्रारम्भिक मस्यौदादेखि संसद्बाट पारित गर्ने बेलासम्म पनि नेपाल पत्रकार महासङ्घलगायतले सुझावहरु दिएको र केही ठाउँमा मात्र सम्बोधन भएको पाइन्छ । सुदूरपश्चिममा विधेयक पारित भए पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचन गर्ने प्रावधानहरु रहेको भन्दै विरोध भएको थियो । र, पत्रकार महासङ्घ सुदूरपश्चिम समितिले सुदूरपश्चिम प्रदेशका तत्कालीन सभामुख अर्जुनबहादुर थापा, प्रमुख प्रतिपक्षी दल कङ्ग्रेस संसदीय दलका नेता डा. रणबहादुर रावल, विधायन तथा प्रदेश मामिला समितिका सभापति नेपालु चौधरी र सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी नेकपाका प्रमुख सचेतक तारा लामा तामाङलाई ज्ञापनपत्र बुझाएको थियो ।[१८]

●■●■

१८ अनलाइनखबर, २०७७ ।

# सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार र अन्योल

संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी ३ तहको सरकारको अधिकार तोकेकामा त्यसमध्ये ३५ वटा विषय सङ्घको कार्य क्षेत्रभित्र र २१ वटा विषय प्रदेशको कार्य क्षेत्रभित्र पर्छन् । २५ वटा विषय सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा छन् । १५ वटा विषय सङ्घ, प्रदेश र स्थानीयको साझा अधिकारको सूचीमा राखिएको छ । अधिकार बाँडफाँटका क्रममा सञ्चारसँग सम्बन्धित अधिकारबारे संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लेख छ । जसअनुसार संविधानमा रेडियो फ्रिक्वेन्सीको बाँडफाँटको अधिकार सङ्घमा, प्रदेशको अधिकारमा रेडियो एफएम र स्थानीय तहको अधिकारमा एफएम सञ्चालन राखिएको छ । यसैगरी टेलिभिजनको अधिकार सङ्घ र प्रदेश दुवैमा राखिएको छ भने पत्रपत्रिकाको अधिकार सङ्घ, प्रदेश र स्थानीय तहमा राखिएको छ ।

तालिका २ : तहगत सरकारको संविधानमा सूचीकृत अधिकार

| मुख्य विषय क्षेत्र | सङ्घको अधिकार अनुसूची -५) | प्रदेशको अधिकार (अनुसूची -६) | स्थानीय तहको अधिकार (अनुसूची -८) | सङ्घ र प्रदेशको साझा अधिकार (अनुसूची -७) | सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार (अनुसूची-९) |
|---|---|---|---|---|---|
| सञ्चार तथा विज्ञान प्रविधि | दूरसञ्चार | | | सञ्चार माध्यमसम्बन्धी | |
| | रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो | रेडियो, एफएम | एफएम सञ्चालन | | |
| | टेलिभिजन | टेलिभिजन सञ्चालन | | | |
| | हुलाक | | | | |
| | सुरक्षित छापाखाना | | | | पत्रपत्रिका |
| | | | | चलचित्र, सिनेमा हल | |

संविधानअनुसार ३ वटै सरकारको एकल र साझा अधिकार छन् भने सङ्घीय सरकारमा अवशिष्ट अधिकार रहेको छ । साझा अधिकारको विषयमा सङ्घले कानुन बनाउने

र सङ्घको कानुनअनुसार प्रदेशमा बनाउने र प्रदेशको अनुसार स्थानीयले अधिकार प्रयोग गर्नुपर्ने हुन्छ । साझा अधिकारमा सङ्घीय कानुन सर्वोच्च हुन्छ र सङ्घीय कानुनअनुसार प्रदेश, प्रदेशअनुसार स्थानीय कानुन बन्नुपर्ने हुन्छ ।

यस्तै संविधानको धारा २३२ ले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भन्ने कुरा स्पष्ट उल्लेख छ । तर संविधानले सिर्जना गरेका राज्य संरचना र ती संरचनामा विभाजन गरिएका राज्यशक्तिको बाँडफाँट तथा सो सम्बन्धमा अधिकार क्षेत्रहरूको सूची प्रस्तुत गरिएका संविधानका अनुसूचीहरूमा उल्लिखित अधिकार क्षेत्रहरूबीच तीनै तहमा अस्पष्टता र साझा अवधारणाको अभाव देखिएको छ । यस्तो समस्या सञ्चारसँग सम्बन्धित कानुनहरूमा निकै देखापरेको छ ।[१९] संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको सूचीलाई सङ्घ, प्रदेश र स्थानीय तहको कार्यको कार्य विस्तृतीकरण प्रतिवेदनमा थप परिभाषित गरिएको छ (हेर्नुहोस्, अनुसूची २) । यी अधिकारको तुलनात्मक विवरण तल प्रस्तुत गरिएको छ :

तालिका ३ : एकल तथा साझा अधिकार

| | मिडिया | सङ्घ एकल अधिकार | प्रदेश एकल अधिकार | स्थानीय तह एकल अधिकार |
|---|---|---|---|---|
| | पत्रपत्रिका | • राष्ट्रिय नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र नियमन | • छापा सञ्चार माध्यमको दर्ता, अनुमति, | ....... |
| | रेडियो | • राष्ट्रिय नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र नियमन<br>• राष्ट्रियस्तरमा प्रसारण १००० वाट भन्दा माथि एफएम रेडियो र प्रसारण सञ्जालीकरण, अनुमति, नवीकरण र नियमन | • प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन<br>• १०० देखि १००० वाटसम्मको एफएम रेडियो इजाजत र नवीकरण | • १०० वाटसम्मका एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन |

१९ २०७८ साल चैत १६ गते कानुनविद् काशीराज दाहालसँग गरिएको कुराकानीमा आधारित ।

| | | | | |
|---|---|---|---|---|
| | टेलिभिजन | • राष्ट्रिय नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र नियमन<br>• राष्ट्रिय टेलिभिजनको अनुमति, नवीकरण र नियमन | • प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन | • स्थानीय क्षेत्रभित्र... स्थानीय केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन |
| | समाचार संस्था | • राष्ट्रिय नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र नियमन | ....... | ....... |
| | अनलाइन | • नीति, मापदण्ड र नियमन | • विद्युतीय सञ्चार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन | ....... |
| | केबुल | ....... | • केबुल वितरणको इजाजत, नवीकरण र नियमन | • स्थानीय क्षेत्रभित्र... स्थानीय केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन |
| | अन्य | • श्रमजीवी सञ्चारकर्मीको न्यूनतम पारिश्रमिक सम्बन्धमा मापदण्ड निर्धारण<br>• सार्वजनिक प्रसारण संस्थाको सञ्चालन<br>• केन्द्रीय प्रेस रजिस्ट्रार<br>• आमसञ्चार माध्यमहरूको अभिलेख, वर्गीकरण, सहजीकरण र नियमन<br>• विज्ञापन नीति तर्जुमा, कार्यान्वयन, मापदण्ड निर्धारण र नियमन<br>• सबै प्रकारका बहुवितरण प्रणालीको अनुमति, नवीकरण र नियमन | • पत्रकार आचारसंहिता अनुगमन, आचारसंहिता निर्धारण, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन<br>• श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन, प्रदेशस्तरीय प्रेस रजिस्ट्रार | |

| | | | | |
|---|---|---|---|---|
| साझा अधिकार सङ्घ र प्रदेश अधिकार | | • माथि उल्लेखित सबै सङ्घको साझा अधिकारभित्रको अधिकार | • माथि उल्लिखित सबै प्रदेशको साझा अधिकारभित्रको अधिकार केवुल प्रशारण इजाजत, नवीकरण<br>• पत्रकार आचारसंहिता अनुगमन, प्रेस सूचना प्रवाह गर्ने,<br>• सूचना समग्रीको उत्पादन, प्रकाशन वितरण गर्ने<br>• श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन | |
| साझा अधिकार सङ्घ, प्रदेश र स्थानीय तह | | • पत्रपत्रिकासम्बन्धी आचारसंहिताको मापदण्ड,<br>• सार्वजनिक छापा सञ्चार माध्यमको सञ्चालन, विस्तार र नियमन<br>• अनुगमन अभिलेख र व्यवस्थापन (सङ्घस्तरीय पत्रपत्रिका) | | • स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन |

कार्य विस्तृतीकरण प्रतिवेदन मुख्य आधार भए पनि कानुनी दस्ताबेज होइन र विस्तृतीकरणमा सही तरिकाले व्याख्या नगरिएको भन्ने बुझाइ देखिन्छ । मिडियाबारे कार्य विस्तृतीकरण गर्दा, स्थानीय तहले एफ.एफ. सञ्चालन गर्न सक्ने प्रावधानलाई व्याख्या गर्दा एफएम प्रसारणको अनुमति दिने गरी राखिएको भनाइ  पनि छ । आधार मान्न सकिन्छ तर कार्य विस्तृतीकरणमा उल्लेख भएका विषयहरूलाई कार्यान्वयनका लागि कानुन बनाएर नै प्रष्ट पार्नुपर्ने हुन्छ । तर यससम्बन्धी कानुन नबन्दा क्षेत्राधिकारबारे अन्योल सिर्जना भएको छ ।[२०]

अधिकार सूचीमा उल्लेख नभएका अन्य विषयहरू अनुसूची ५ मा नै पर्ने गरी स्पष्ट पारिएको छ । यो सूचीलाई स्पष्ट र विस्तृत पार्ने कानुन हालसम्म बनेको छैन । तीनै तहको सरकारको अधिकार क्षेत्रमा परेका विषयमा पनि पहिला सङ्घीय ऐन बन्नु आवश्यक छ । तर यसअनुसार हालसम्म माथि उल्लेख गरिएका अधिकार क्षेत्रसँग

२० २०७८ साल चैत १६ गते कानुनविद् काशीराज दाहालसँग गरिएको कुराकानीमा आधारित ।

सम्बन्धित सङ्घीय ऐन बनेको छैन । त्यसैले अधिकार प्रयोग र व्याख्यामा अन्योल छ । दोहोरो-तेहेरो र फरक–फरक मापदण्डका नियमनकारी ऐन, नीति र संस्थाहरू खडा भइरहेका छन् ।[२१] सङ्घले मिडियासम्बन्धी कानुनहरू बेलैमा बनाउन नसक्दा साझा अधिकारबारे अन्योल सिर्जना हुनुका साथै प्रदेशहरूलाई समेत स्पष्ट बाटो देखाउन नसकेको अवस्था छ ।

'...अधिकारहरूको विस्तृतीकरण सूचीमा सञ्चार र पत्रकारितासँग सम्बन्धित केही विषय अस्पष्ट रहेका छन् । तीनै तहले गर्ने साझा कार्यहरूको पनि स्पष्ट बाँडफाँट देखिन्न । प्रदेश र स्थानीय तहले नीति र कानुन बनाउँदा तोकिएको क्षेत्रभन्दा थप केही क्षेत्रलाई पनि समेट्ने तथा आपसमा अधिकार बाझिने गरेका छन् । यसको निराकरणका लागि सिङ्गो सञ्चार क्षेत्रकै समग्र नियमन र अधिकार क्षेत्रको बाँडफाँट हुने गरी सबभन्दा पहिले सङ्घीय ऐन निर्माण गरिनुपर्दछ । तत्पश्चात संविधान र सङ्घीय ऐनअनुरूप प्रदेश र स्थानीय तहबाट कानुन बनाउनु उचित हुन्छ ।'[२२]

सङ्घमा मिडियासम्बन्धी कानुनहरू निर्माण भएपछि प्रदेश र स्थानीय तहमा मिडिया कानुन बनेको भए धेरै कुरा प्रष्ट र सहज हुने थियो । तर प्रदेशमा कानुन बन्न नसक्दा स्थानीय तहमा कानुन बने । त्यसमा कतिपय अधिकार क्षेत्रबाहिर समेत छन् भने कतिपयमा चाहिँ प्रदेशलाई अधिकार दिइएको छैन । पत्रपत्रिकाको अधिकार प्रदेशलाई पनि छ । तर वाग्मती प्रदेशमा सञ्चार रजिस्ट्रारको कार्यालय स्थापना भई सञ्चालनमा भए पनि यसले पत्रपत्रिकाको कार्य गर्ने गरी ऐनमा व्यवस्था गरिएको छ । फ्रिक्वेन्सी वितरणको अधिकार सङ्घमा भए पनि लुम्बिनी प्रदेशको सञ्चार नीतिमा फ्रिक्वेन्सी वितरणको अधिकार पनि उल्लेख गरिएको थियो ।[२३] यस्तै सञ्चारसम्बन्धी विधेयकमा भूउपग्रह र भूसतहीको अधिकार पनि राखिएको छ जुन अधिकार सङ्घमा छ । कतिपय कुरा प्रष्ट नहुँदा समस्याहरू पनि थपिएका छन् । प्रदेश सरकारहरूले इजाजत दर्ता, नवीकरण जस्ता विभिन्न नियमनका अभ्यास गरे पनि अन्ततः केन्द्रीय निकायबाटै यसका लागि नियमन भइरहेको छ । स्पष्ट कानुनको अभावमा प्रसारण संस्थाको स्थापना र सञ्चालनका लागि अनेक निकायमा पुग्नुपर्ने झन्झटहरू थपिएका छन् ।[२४]

●■●■

२१ २०७८ साल चैत १६ गते कानुनविद् काशीराज दाहालसँग गरिएको कुराकानीमा आधारित ।

२२ नेपाल पत्रकार महासङ्घ, २०७८ ।

२३ प्रदेश नं. ५ प्रदेश सञ्चार नीति २०७५ ।

२४ २०७८ साल चैत १६ गते कानुनविद् काशीराज दाहालसँग गरिएको कुराकानीमा आधारित ।

# सङ्घ र प्रदेशमा सञ्चारसम्बन्धी नीति तथा कानुन निर्माण

सङ्घीयतामा गइसकेपछि सङ्घबाट मिडियासम्बन्धी कानुनहरू बनाउने प्रयास भए । सोहीअनुसार २०७५ साल असारमा आमसञ्चार विधेयकको प्रारम्भिक मस्यौदा तयार पारियो । त्यसपछि सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, नेपाल मिडिया काउन्सिल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तयार भए । विधेयकहरूमध्ये विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेकोबाहेक अरू विधेयक संसद्बाट पारित भएका छैनन् । मिडिया काउन्सिल विधेयक राष्ट्रिय सभाबाट पारित भइ २०७९ साल भदौ १७ गते प्रतिधिनिसभाको बैठकमा पेश भएको थियो । प्रतिनिधिसभाले थप छलफलका लागि भदौ २२ गते विकास तथा प्रविधि समितिमा पठाएको छ ।

सङ्घले तयार पारेको आमसञ्चार विधेयक, सूचना प्रविधिसम्बन्धी विधेयक, मिडिया काउन्सिलसम्बन्धी विधेयक र सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयकमा नेपाल पत्रकार महासङ्घलगायतको विरोध छ । आमसञ्चार प्राधिकरणको अध्यक्ष र सदस्यहरूको सिफारिसका लागि समितिमा रहने व्यक्ति, स्वायत्त संस्थाको सुनिश्चिता नभएको भन्दै सरोकारवालाहरूको विरोध रहेको छ ।

त्यसैगरी सूचना प्रविधिसम्बन्धी विधेयकमा सामाजिक सञ्जालमा राखिएका विषयहरू हटाउन निर्देशन दिने, जरिवाना गर्ने र सार्वजनिक सेवा प्रसारण विधेयकमा पदाधिकारीहरू नियुक्तिमा सरकारी प्रभुत्व, सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा परिषद् गठन गर्न सक्ने, सरकारी अनुदानलाई प्राथमिकता दिनेलगायतका विषयमा नेपाल पत्रकार महासङ्घको विरोध छ । विधेयकहरू अघि बढ्न नसकेको अवस्थामा २०७८ साल फागुनमा सरकारले राष्ट्रिय प्रसारण (एघारौँ संशोधन) नियमावाली, २०७८ जारी गऱ्यो ।

सङ्घले मिडियासम्बन्धी धेरै कानुन बनाउन नसकिरहेका बेला प्रदेशहरू मिडिया नीति तथा कानुनहरू बनाउन सक्रिय भए । ५ वर्षमा नीति, कानुन र नियमावाली गरी १५ वटा पारित भए । ९ वटा प्रक्रियामा छन् । पारित भएकामा प्रदेश नं. १ मा प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, मधेस प्रदेशमा मधेस प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७, र प्रदेश एफएम रेडियो र टेलिभिजनको सञ्चालन सम्बन्धी ऐन, २०७५, छन् । ऐन नबनाइ नियमावली जारी गरेको भन्दै नेकपा समाजवादीको नेतृत्वमा बनेको प्रदेश सरकारले सो नियमावलीलाई खारेज गऱ्यो जसले गर्दा प्रदेश नं. १ मा आमसञ्चार प्रतिष्ठान पनि खारेज भयो ।

वाग्मती प्रदेशमा प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी विधेयक र प्रदेश सूचनाको

हकसम्बन्धी ऐन, २०७६ पारित भई कार्यान्वयनमा रहेकामा २०७९ साल साउनमा प्रदेश सञ्चार माध्यम व्यवस्थापन २०७५ मा पहिलो संशोधन गरिएको छ । गण्डकी प्रदेशमा प्रदेश आमसञ्चार नीति पारित भएको छ भने लुम्बिनी प्रदेशमा प्रदेश सञ्चार नीति, प्रदेश नं. ५, सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक र प्रदेश नं ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएका छन् । विज्ञापनसम्बन्धी नियमावली २०७६ पनि पारित भएको छ । कर्णालीमा कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ पारित भएको छ ।

यसैगरी सुदूरपश्चिम प्रदेशमा रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ पारित भएको छ । प्रदेश नं. १ को प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक प्रक्रियामा छ । यस्तै सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ र कर्णाली प्रदेश सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पनि प्रक्रियामा छन् । पहिले प्रदेशहरूले एफएम रेडियो, टेलिभिजन र छापाखानासम्बन्धी छुट्टै विधेयक ल्याए पनि पछि मधेस प्रदेशमा प्रदेश सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरिसकेको छ । र, त्यसलाई पनि परिमार्जन गर्ने गरी आमसञ्चार प्राधिकरणसम्बन्धी विधेयक ल्याइएको छ ।

प्रदेश नं. १ ले सबैलाई समेटेर सञ्चारसम्बन्धी विधेयक अघि बढाएको छ । लुम्बिनी प्रदेशले सञ्चारसम्बन्धी विधेयक पारित गरिसकेको छ । प्रदेशमा विधेयकहरू तयारी हुँदा र आइसकेपछि पनि पत्रकार महासङ्घका प्रदेश कमिटी र जिल्ला शाखालगायत मिडियाका सरोकारवालाहरू सक्रिय भएको पाइन्छ । गण्डकी प्रदेशले आमसञ्चारसम्बन्धी विधेयक ल्याएपछि कानुन, सञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापालाई महासङ्घको प्रदेश समितिले ज्ञापनपत्र बुझाइ पत्रकारलाई ऐन विपरित हुने कार्य गरे वा ऐनमा तोकिएअनुसारको काम नगरे कसुरको मात्रा हेरी ५ हजारदेखि २५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने प्रावधान पत्रकारलाई अङ्कुश लगाउने नियतले आएको आरोप लगायो ।[२५] पत्रकार महासङ्घ जिल्ला शाखा कास्की, प्रेस युनियन, प्रेस चौतारी, प्रेस सेन्टरलगायतले पनि प्रेस विज्ञप्ति जारी गरी आमसञ्चार विधेयकको विरोध गरेका थिए । त्यसपछि अघि नबढेको विधेयक अहिले पनि विधायन समितिमा छलफलकै क्रममा छ ।

सङ्घीयतामा गइसकेपछि प्रदेशले आआफ्नो आवश्यकताअनुसार नियम कानुन बनाउनुपर्ने हो । तर व्यवहारमा केन्द्रीय कानुनबाट बढी प्रभावित भएको पाइन्छ । संविधानमा रहेका प्रावधानभित्र रहेर प्रदेशअनुसार कानुन निर्माण गर्दा उपयुक्त भए पनि संविधानका प्रावधानमा

---

२५ श्रेष्ठ, २०७८ ।

रहेका मनासिब कानुन बनाउन सकिने प्रावधानहरु नै दोहोराउने, छापाखाना तथा प्रकाशन ऐन २०४८ र प्रसारण ऐन २०४९ सालका कैयौँ प्रावधानहरु नै राख्ने वा त्यसको सेरोफोरमा केन्द्रित गरेको पाइन्छ । इजाजतपत्र रद्द, कार्यक्रम प्रसारण, विज्ञापन, विदेशी सञ्चार माध्यमलाई समय उपलब्ध, प्रकाशन तथा प्रसारण गर्न नहुने, पैठारी गर्न नहुनेलगायतका प्रावधानहरु प्रदेशका विधेयक तथा कानुनहरुमा पनि उल्लेख छ ।

तालिका ४ : सङ्घमा नीति तथा कानुन

| सङ्घ | |
|---|---|
| पारित विधेयक | • विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| प्रक्रियामा रहेका विधेयक | • सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक<br>• नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक<br>• आमसञ्चार विधेयक<br>• सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक<br>• सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |

तालिका ५ : प्रदेशमा नीति तथा कानुन

| प्रदेश | | |
|---|---|---|
| प्रदेशको नाम | पारित नीति/विधेयक/नियमावाली | प्रक्रियामा रहेका विधेयक |
| प्रदेश नं. १ | • प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | • प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक |
| मधेस प्रदेश | • प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक<br>• प्रदेश एफएम रेडियो र टेलिभिजन सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | • आमसञ्चार प्राधिकरण विधेयक २०७९ |

| | | |
|---|---|---|
| वाग्मती प्रदेश | • प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९<br>• प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ | |
| गण्डकी प्रदेश | प्रदेश आमसञ्चार नीति | • आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| लुम्बिनी प्रदेश | • प्रदेश सञ्चार नीति<br>• प्रदेश नं. ५, सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक<br>• प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक<br>• विज्ञापन नियमावली, २०७६<br>• सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ | • कर्णाली प्रदेश सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक |
| सुदूरपश्चिम प्रदेश | • रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | |

मुलुकमा ७५३ वटा स्थानीय तह छन् । त्यसमध्ये २०७९ साल असार १० गतेसम्म १८६ वटा स्थानीय तहमा मिडिया कानुन छन् । तीमध्ये अधिकांश स्थानीय तहको सङ्घीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको नमुना कानुनमा आधारित भएको पाइन्छ ।

तालिका ६ : स्थानीय तहमा मिडिया नीति

| प्रदेश नाम | मिडिया नीति तथा कानुन भएका स्थानीय तह |
|---|---|
| प्रदेश नं. १ | २९ |
| मधेस प्रदेश | १७ |
| वाग्मती प्रदेश | ३१ |
| गण्डकी प्रदेश | १९ |
| लुम्बिनी प्रदेश | ३३ |
| कर्णाली प्रदेश | २७ |
| सुदूरपश्चिम प्रदेश | ३० |
| जम्मा | १८६ |

# अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामा अङ्कुश

सङ्घ, प्रदेश र स्थानीय तहबाट बनेका र बन्दै गरेका कानुनहरूमा सैद्धान्तिक र व्यावहारिक पक्षमा समस्या छन् । ऐन र विधेयकहरू हेर्दा राज्य पक्षले मिडिया सञ्चालक, प्रकाशन तथा प्रसारण हुने सामग्री, नियमन गर्ने निकाय र स्रोतमा आफ्नो प्रभाव कायम राख्न चाहेको देखिन्छ । र, त्यसकै आधारमा चाहेको खण्डमा राज्यले मिडिया र पत्रकारलाई जुनसुकै बेलामा पनि समस्यामा पार्न सक्छ ।

नेपालको संविधान २०४७ को धारा १७ मा स्वतन्त्रताको हकअन्तर्गत उपधारा (२) को (क) मा विचार तथा अभिव्यक्तिको प्रत्याभूति गरिएको छ । यस्तै धारा १९ मा सञ्चारको हकअन्तर्गत उपधारा (१) मा कुनै पनि सामग्री प्रकाशन तथा प्रसारण पूर्व प्रतिबन्ध नलगाउने स्पष्ट गरिएको छ । उपधारा (२) मा कुनै पनि सामग्री प्रकाशन तथा प्रसारण गरेबापत बन्द, जफत वा दर्ता खारेज नगरिने उल्लेख छ ।

सङ्घ, प्रदेश र स्थानीय तहमा बनेका र बन्दै गरेका कानुनमा अभिव्यक्ति तथा हकसम्बन्धी प्रतिबद्धता व्यक्त गर्नुका साथै पूर्वप्रतिबन्ध नलगाइने, पत्रपत्रिका दर्ता खारेज नगरिने, इजाजतपत्र खारेज नगरिनेलगायतका प्रावधानहरू राखिए पनि ती कानुनमा उल्लेख गरिएका इजाजतपत्र रद्द, दर्ता खारेज, प्रकाशन तथा प्रसारण गर्न नहुने, प्रकाशनमा प्रतिबन्ध, प्रकाशनमा निषेध, विदेशी प्रकाशनको पैठारीमा नियन्त्रणलगायतका प्रावधानहरू संविधानको मूल मान्यतासँग बाझिनेखालका छन् ।

त्यस अतिरिक्त संविधानको धारा १७ र १९ मा रहेका मनासिब प्रतिबन्ध लगाउन सकिनेलगायतका प्रावधानहरू ऐन तथा विधेयकहरूमा छन् । मनासिब प्रतिबन्धसम्बन्धी स्पष्ट व्याख्या नभएको र अनुकूलता र सन्दर्भअनुसार आआफ्नो अर्थ लगाउँदा विचार तथा अभिव्यक्ति र प्रेस स्वतन्त्रतामा जुनसुकै बेला आँच आउन सक्ने अवस्था छ । सञ्चार तथा मिडियाविज्ञ विनोद भट्टराईका अनुसार नेपालमा मिडिया अधिकारबारे स्पष्ट हुन संविधानमा रहेका मनासिब प्रतिबन्धसम्बन्धी प्रावधानहरूको अदालतबाट व्याख्या हुन जरूरी छ ।[२६]

सङ्घ र प्रदेशमा मिडिया कानुनहरू बनाउँदा छापाखाना तथा प्रकाशन ऐन २०४८ र राष्ट्रिय प्रसारण ऐन २०४९ मा उल्लिखित मिडियालाई अवरोध गर्न सक्ने प्रावधानहरू राखेको पाइन्छ । छापाखाना तथा प्रकाशन ऐन २०४८ मा प्रमाणपत्रको खारेज, प्रकाशनमा प्रतिबन्ध, प्रकाशनमा निषेध, विदेशी प्रकाशनको पैठारीमा नियन्त्रण, प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुनेलगायतका प्रावधानहरू

२६ २०७८ साल चैत १६ गते सेन्टर फर मिडिया रिसर्च नेपालले काठमाडौँमा आयोजना गरेको कार्यक्रममा व्यक्त विचार ।

छन् । यसैगरी राष्ट्रिय प्रसारण ऐन २०४९ मा इजाजतपत्र नलिइ प्रसारण गर्न नहुने, प्रसारणमा रोक लगाउन सकिने, प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने, कार्यक्रम उत्पादन तथा प्रसारणमा प्राथमिकताका विषय, विज्ञापन प्रसारण गर्न नपाइने, प्रसारकको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । यहाँ सङ्घ, प्रदेश र स्थानीय तहका मिडियासम्बन्धी नीति तथा कानुन र विधेयकमा रहेका त्यस्ता प्रावधानहरू जसका आधारमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा जुनसुकै बेला पनि समस्या आउन सक्छ, ती विषयहरूको विषयमा चर्चा गरिएको छ ।

## ● *इजाजतपत्र रद्द गर्न सकिने*

नेपालको संविधानको धारा १९ को उपधारा (२) मा कुनै सामग्री प्रकाशन गरेबापत रेडियो वा टेलिभिजनको दर्ता खारेज गरिने छैन भन्ने उल्लेख छ । तर २०७४ सालमा तयार पारिएको आमसञ्चार विधेयकको दफा ३० मा प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने प्रावधान छ । विधेयकमा दफा २८ बमोजिम इजाजतपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा प्राधिकरणले निजले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ भन्ने उल्लेख छ । सोही विधेयकको दफा ५२ मा भने आमसञ्चार माध्यमको इजाजत तथा अभिलेखीकरण खारेज नगरिने उल्लेख छ । एकातिर इजाजत रद्द गर्न सकिने र अर्कातिर इजाजत खारेज नगरिने प्रावधानले इजाजतपत्रबारे नीति निर्माताहरू प्रष्ट नभएको देखाउँछ ।

तालिका ७ : इजाजतपत्र रद्द गर्न सकिने

| | | |
|---|---|---|
| सङ्घ | आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | दफा ३०. (१) दफा २८ बमोजिम इजाजतपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा प्राधिकरणले निजले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि प्राधिकरणले त्यस्तो संस्थालाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।<br>दफा ५२. यस ऐनबमोजिम इजाजत पाएको तथा अभिलेखीकरण भएको कुनै आमसञ्चार माध्यममा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशन वा प्रसारण गरेबापत त्यस्तो आमसञ्चार माध्यमको इजाजत वा अभिलेखीकरण खारेज गरिने छैन भनिएको छ । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु–सम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो आमसञ्चार माध्यमलाई मनासिब प्रतिबन्ध लगाउन बाधा परेको मानिने छैन ।<br>दफा ५३. मा अनुमतिपत्र रद्द गर्न सक्ने : प्राधिकरणले आमसञ्चार माध्यमको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछ :<br>(क) इजाजत लिएको दुई वर्षसम्म प्रसारण प्रारम्भव नगरेमा<br>(ख) कुनै मनासिब कारण बाहेक एक वर्षभन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा ।<br>(ग) यस ऐन बमोजिम नविकरण नगरेमा । |

| | | |
|---|---|---|
| सङ्घ | सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २६ (१) प्रमाणीकरण निकायको काम कारवाहीका सम्बन्धमा तोकिए बमोजिमको रित पुऱ्याइ भएको जाँचबुझबाट देहायका कुनै कुरा हुन गएको देखिएमा नियन्त्रकले यस ऐन बमोजिम जारी गरेको इजाजतपत्र जुनसुकै बखत रद्द गर्न सक्नेछ ।<br>(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अन्तर्गत पूरा गर्नुपर्ने दायित्व प्रमाणीकरण गर्ने निकालये पूरा नगरेमा<br>(ख) प्रमाणीकरण निकायले इजाजतपत्र प्राप्त गर्नका लागि निवेदन दिँदाको बखत वा इजाजतपत्र नविकरणका लागि निवेदन दिँदाका बखत झुठ्ठा वा गलत विवरण तथा कागजात दाखिला गरेको देखिएमा<br>(ग) प्रमाणीकरण निकायले सार्वजनिक हित वा राष्ट्रिय अर्थतन्त्रलाई प्रतिकूल असर पर्ने किसिमबाट कारोबार सञ्चालन गरेमा<br>(घ) प्रमाणीकरण निकायले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अन्तर्गत कसुर ठहरिने कुनै काम गरेमा<br>(ङ) नियन्त्रकले दिएको निर्देशन पालना नगरेमा<br>२ उपदफा (१) बमोजिम नियन्त्रकले इजाजतपत्र रद्द गर्नु अघि प्रमाणीकरण निकायलाई भनाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।<br>३ इजाजतपत्र रद्द गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ । |
| प्रदेश नं. १ | सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७८ | दफा ३६ (१) देहायको अवस्था मन्त्रालयले प्रसारकको इजाजतपत्र रद्द गर्न सक्नेछ :<br>(क) इजाजतपत्र लिएको १ वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा<br>(ख) कुनै मनासिब कारणबेगर १ वर्ष भन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा<br>(ग) २ वर्षसम्म नवीकरण नगरेमा<br>(२) उपदफा (१) बमोजिम कारवाहीपूर्व नियामक निकायले प्रसारकलाई तोकिए बमोजिम सुनुवाइको मौका प्रदान गर्नुपर्नेछ । |

| | | |
|---|---|---|
| मधेस प्रदेश | एफएम, रेडियो र टेलिभिजनको सञ्चालन सम्बन्धी ऐन, २०७५ | १२ (१) दफा ७ बमोजिम इजाजत प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा तोकिएको निकायले निजले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम इजाजत पत्र रद्द गर्नु अघि मन्त्रालयले त्यस्तो संस्थालाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।<br>(३) उपदफा (१) बमोजिम इजाजत रद्द भएको संस्थाले प्रयोग गरेको फ्रिक्वेन्सी स्वतः प्रदेश सरकारको हुनेछ । |
| | आमसञ्चार प्राधिकरण विधेयक, २०७९ | १३ नियमन गर्न सकिने : (१) कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्राधिकरणले त्यस्तो प्रसारण संस्थालाई पहिलो पटक जरिवाना गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि प्राधिकरणले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौका दिनुपर्नेछ ।<br>(३) उपदफा (१) बमोजिम सचेत गराउँदा समेत यस ऐन वा ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ ।<br>(४) इजाजतपत्र रद्द हुने अवस्थामा पुग्न नदिन सम्बन्धित सञ्चार माध्यमलाई मन्त्रालयले पटक पटक सचेत गराउनुपर्नेछ । सचेत गराउँदा पनि कानुनी प्रकृयामा नआउने सञ्चार माध्यमको हकमा प्रदेश सरकारले उपयुक्त वैकल्पिक निर्णय गर्न सक्नेछ । |

| | | |
|---|---|---|
| वाग्मती प्रदेश | सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ | १२. नियमन गर्न सकिने : (१) कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई पहिलो पटक जरिवान गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौका दिनुपर्नेछ ।<br>(३) उपदफा (१) बमोजिम सचेत गराउँदा समेत यस ऐन वा ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ । |
| लुम्बिनी प्रदेश | सञ्चार माध्यम ऐन, २०७८ | ४४.(३) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ । |

त्यसैगरी ऐनबमोजिम इजाजत पाएको तथा अभिलेखीकरण भएको कुनै आमसञ्चार माध्यममा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशन वा प्रसारण गरेबापत त्यस्तो आमसञ्चार माध्यमको इजाजत वा अभिलेखीकरण खारेज गरिने छैन भनिएको छ । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो आमसञ्चार माध्यमलाई मनासिब प्रतिबन्ध लगाउन बाधा परेको मानिने छैन भन्ने प्रावधान पनि राखिएको छ । आमसञ्चार विधेयकमा यी प्रावधान राखेर इजाजतपत्र रद्द र मिडियालाई अवरोध गर्न सक्ने बाटो खुला राखेको देखिन्छ ।

विधेयकको दफा ५३ मा अनुमतिपत्र रद्द गर्न सक्ने प्रावधान राखिएको छ । विधेयकअनुसार इजाजत लिएको २ वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा, कुनै मनासिब कारणबाहेक १ वर्षभन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा र ऐनबमोजिम नवीकरण नगरेमा अनुमतिपत्र रद्द हुन सक्छ । कारबाही गर्नुपूर्व नियामक निकायले प्रसारकलाई सुनुवाइको मौका प्रदान गर्ने उल्लेख छ ।

प्रदेश नं. १ ले २०७५ सालमा ल्याएको प्रदेश रेडियो एफएम र टेलिभिजन प्रसारणसम्बन्धी विधेयकको दफा ११ (१) मा प्रसारणमा रोक लगाउन सकिनेअन्तर्गत १ पटकमा ६ महिना नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ भन्ने उल्लेख गरियो । त्यसैगरी दफा १२ (१) मा कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा सम्बन्धित मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई पहिलोपटक सचेत गराउन सक्नेछ भन्ने पनि उल्लेख थियो । दफा १२ (२) मा उपदफा (१) बमोजिम सचेत गराउँदासमेत ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्ने प्रावधान थियो ।

नेपाल पत्रकार महासङ्घ प्रदेश नं. १ कमिटीले २०७५ साल असार ३ गते आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई विधेयकमा समावेश केही प्रावधानप्रति ध्यानाकर्षण गराउँदै दफा ११ र १२ मा उल्लिखित विषय संवैधानिक प्रावधानविरूद्ध रहेको जनायो । र, सच्चाउन आग्रह गर्‍यो । प्रदेश संसद्मा त्यतिबेला प्रतिपक्षमा रहेको दल नेपाली कङ्ग्रेसका सांसदले मात्रै होइन, सत्तापक्षमा रहेका नेकपाका सांसदले पनि विधेयकमाथि संशोधन प्रस्ताव पेस गरे । त्यसपछि विधेयकको दफा ११ (१) मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई दुरूत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई प्रदेश सरकारले पहिलोपटक सचेत गराउन सक्नेछ भन्ने उल्लेख गरियो । यो विधेयक २०७५ साल असार ५ गते प्रदेश सभाबाट पारित हुँदा दफा १२ को २ मा रहेको इजाजतपत्र रद्द गर्न सक्ने प्रावधान हटाइयो । .

रेडियो र टेलिभिजनसम्बन्धी ऐन जारी भई लागु भएको साढे ३ वर्षपछि प्रदेश नं. १ सरकारले प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७८ तयार पार्‍यो । विधेयकमा सामग्री प्रसारण गरेबापत नभइकन कानुनी प्रक्रिया पूरा नगरेमा एफएम प्रसारणमा रोक लगाउन सकिने प्रावधान राखिएको छ । विधेयकको दफा ३६ मा एफएम रेडियोले इजाजतपत्र लिएको १ वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा, कुनै मनासिब कारणबेगर १ वर्ष भन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा र २ वर्षसम्म नवीकरण नगरेमा अनुमतिपत्र रद्द हुन सक्ने व्यवस्था छ । कारबाही गर्नुपूर्व नियामक निकायले प्रसारकलाई सुनुवाइको मौका प्रदान गर्नुपर्ने व्यवस्था पनि छ ।

मधेस प्रदेशले २०७७ सालमा तयार पारेको प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को मस्यौदामा प्रेस काउन्सिलले सञ्चार माध्यममा श्रेणी विभाजन गर्ने, आमसञ्चार माध्यमको इजाजत तथा अभिलेखीकरण खारेज नगरिने प्रावधान राखिएको छ । यस्तै इजाजत लिएको २ वर्षसम्म प्रसारण सुरू नगरेमा, कुनै मनासिब कारणबाहेक १ वर्ष भन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा र ऐनअनुसार नवीकरण नगरेमा अनुमतिपत्र रद्द गर्न सक्ने प्रावधान राखिएको छ ।

त्यसैगरी २०७५ सालमा ल्याइएको प्रदेश एफएम रेडियो र टेलिभिजनको सञ्चालनसम्बन्धी ऐनमा इजाजत प्राप्त संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा तोकिएको निकायले निजले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्ने उल्लेख छ । मधेस प्रदेशले तयार पारेको सञ्चारसम्बन्धी विधेयकमा पनि इजाजत लिएको २ वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा अनुमतिपत्र रद्द गर्न सकिने प्रावधान राखेको पाइन्छ । मधेस प्रदेशले २०७९ सालमा आमसञ्चार प्राधिकरण विधेयक २०७९ तयार पारेको छ । विधेयकको दफा १३ को नियमन गर्न सकिने प्रावधानअन्तर्गत उपदफा (२) मा कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्राधिकरणले त्यस्तो प्रसारण संस्थालाई पहिलोपटक कारबाही गर्ने उल्लेख छ । तर उपदफा (२) मा उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि प्राधिकरणले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौका दिनुपर्नेछ भन्ने उल्लेख छ ।

त्यसैगरी वाग्मती प्रदेशको प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा १२ को उपदफा (१) मा ऐन विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले पहिलोपटक जरिवाना गर्न सक्ने र उपदफा (३) मा मन्त्रालयले कुनै प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था राखिएकामा २०७९ सालमा गरिएको पहिलो संशोधनबाट सो प्रावधान हटाएको छ ।

यसैगरी २०७५ सालमा तयार पारिएको गण्डकी प्रदेश आमसञ्चारसम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदामा प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने प्रावधान थियो जसमा नियम विपरित प्रसारण गरेमा, इजाजतपत्र प्राप्त गरेको मितिले १ वर्षभित्र तोकिएको सर्तबमोजिम प्रसारण गर्न नसकेमा, लगातार ३ वर्षसम्म इजाजतपत्र नवीकरण नगराएमा भन्ने प्रावधान थिए । ती प्रावधानहरूलाई पछिल्लो विधेयकमा हटाइएको छ ।

लुम्बिनी प्रदेशको प्रदेश सञ्चार माध्यमसम्बन्धी ऐन २०७८ को दफा ४४ मा उल्लिखित प्रकाशन तथा प्रसारण गर्न प्रतिबन्ध लगाएको अवस्थामा बाहेक कुनै समाचार सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाउने व्यवस्था दफा ३६ मा राखिएको

छ । यस्तै दर्ता खारेज नगरिने र ऐनबमोजिम कुनै सञ्चार माध्यमको इजाजतपत्र वा दर्ता खारेज गर्न कुनै बाधा नपर्ने प्रावधान पनि राखिएको छ ।

लुम्बिनी प्रदेशको प्रसारण विधेयक २०७५ मा कुनै प्रसारण संस्थाले ऐन वा ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्य गरेमा प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्ने प्रावधान राखेको थियो । पछि ऐनमा सो प्रावधान हटाइयो ।

## ● *प्रसारणमा रोक*

मधेस प्रदेशले २०७७ सालमा ल्याएको प्रदेश एफएम रेडियो तथा टेलिभिजन सञ्चालनसम्बन्धी ऐन २०७७ मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई प्रत्यक्ष वा परोक्ष सहयोग पुग्ने कुनै कार्यक्रम प्रसारण गरेमा त्यस्तो संस्थालाई मन्त्रालयले सचेत गराउन सक्ने व्यवस्था गरिएको छ । सचेत गराउँदा पनि नमानेमा वा त्यस किसिमको प्रसारण पुनः गरेमा प्रसारण रोक लगाउन सक्ने व्यवस्था पनि राखिएको छ । सो आदेश वा निर्णयमा चित्त नबुझ्ने पक्षले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था राखिएको छ ।

तालिका ८ : प्रसारणमा रोक

| | | |
|---|---|---|
| मधेस प्रदेश | एफएम रेडियो र टेलिभिजनको सञ्चालनसम्बन्धी ऐन, २०७७ | नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई प्रत्यक्ष वा परोक्ष सहयोग पुग्ने कुनै कार्यक्रम प्रसारण गरेमा त्यस्तो संस्थालाई मन्त्रालयले सचेत गराउन सक्ने सचेत गराउँदा पनि नमानेमा वा त्यस किसिमको प्रसारण पुनः गरेमा प्रसारण रोक लगाउन सक्ने |

| | | |
|---|---|---|
| मधेस प्रदेश | आमसञ्चार प्राधिकरण विधेयक, २०७९ | दफा १२ : नेपालको संविधानको धारा ५ र धारा २० को मर्म र भावना विपरित काम गरेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी १ पटकमा ६ महिना नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था छ । |
| वाग्मती प्रदेश | सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ | नेपालको संविधानको धारा ५ र धारा १९ को मर्म र भावना विपरित काम गरेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी १ पटकमा ६ महिनामा नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बिन्धत कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने प्रावधान छ । |
| लुम्बिनी प्रदेश | प्रसारणसम्बन्धी ऐन २०७५ | सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई ध्यानमा राखी मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी १ पटकमा ६ महिनामा नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ । |
| लुम्बिनी प्रदेश | सञ्चार माध्यम ऐन, २०७८ | अनलाइन सञ्चार माध्यममा प्रकाशित वा प्रसारित कुनै सामग्री संविधान वा कानुन विपरीत रहेको जानकारी प्राप्त भएमा त्यस्तो सामग्रीको प्रकाशन वा प्रसारणमा रोक लगाउन सक्ने व्यवस्था गरिएको छ । |
| कर्णाली प्रदेश | प्रसारण ऐन, २०७५ | नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न प्रोत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई प्रोत्साहन गर्ने कार्यक्रम उत्पादन वा प्रसारण गरेमा त्यस्तो संस्था वा व्यक्तिलाई प्रदेश सरकारले रोक लगाउन सक्ने |

| | | |
|---|---|---|
| सुदूरपश्चिम प्रदेश | रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७६ | दफा १५ (१) मा प्रसारण संस्थाको इजाजत नलिइ प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारणसम्बन्धी काम कारबाहीमा रोक लगाउन सक्ने उल्लेख छ । |

त्यसैगरी मधेस प्रदेशले २०७९ सालमा तयार पारेको आमसञ्चार प्राधिकरण विधेयकको दफा १२ मा नेपालको संविधानको धारा ५ र धारा २० को मर्म र भावना विपरित काम गरेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी १ पटकमा ६ महिना नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था छ ।

वाग्मती प्रदेशको सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ मा नेपालको संविधानको धारा ५ र धारा १९ को मर्म र भावना विपिरत काम गरेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी १ पटकमा ६ महिनामा नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बिन्धत कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने प्रावधान छ ।

लुम्बिनी प्रदेशले २०७५ सालमा प्रदेश प्रसारणसम्बन्धी ऐन बनायो । ऐनमा प्रसारणमा रोक लगाउन सकिने प्रावधानमा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई ध्यानमा राखी मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी १ पटकमा ६ महिनामा नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ भन्ने प्रावधान छ ।

लुम्बिनी प्रदेश सञ्चार माध्यमसम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७८ मा अनलाइन सञ्चार माध्यम सञ्चालनका लागि दर्ता हुनुपर्ने, दर्ता नभई अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न नपाइने, अनलाइन सञ्चार माध्यमले प्रत्येक आर्थिक वर्ष सुरू भएको ६० दिनभित्र नवीकरणका लागि निवेदन दिनुपर्ने, नवीकरण नगराउने अनलाइन सञ्चार माध्यमलाई रोक लगाउन सक्ने व्यवस्था राखिएको छ ।

प्रकाशित सामग्रीको जवाफदेहिता हुनुपर्ने, सामग्री सुरक्षित राख्नुपर्ने, सामग्रीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि तत्काल सच्याउनुपर्ने प्रावधान राखिएको छ । अनलाइन सञ्चार माध्यममा प्रकाशित वा प्रसारित कुनै सामग्री संविधान वा कानुन विपरीत रहेको जानकारी प्राप्त भएमा त्यस्तो सामग्रीको प्रकाशन वा प्रसारणमा रोक लगाउन सक्ने व्यवस्था गरिएको छ । विधेयकको प्रारम्भिक मस्यौदामा रजिस्ट्रारले सम्बन्धित निकायलाई आदेश दिन सक्ने उल्लेख थियो ।

कर्णाली प्रदेशले कर्णाली प्रदेश प्रसारण ऐन २०७५ ल्यायो । ऐनमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न प्रोत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई प्रोत्साहन गर्ने कार्यक्रम उत्पादन वा प्रसारण गरेमा त्यस्तो संस्था वा व्यक्तिलाई प्रदेश सरकारले रोक लगाउन सक्ने प्रावधान छ । सुदूरपश्चिम प्रदेशको प्रसारणसम्बन्धी ऐनको दफा १५ (१) मा प्रसारण संस्थाको इजाजत नलिइ प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारणसम्बन्धी काम कारबाहीमा रोक लगाउन सक्ने उल्लेख छ ।

स्थानीय तहमा निर्माण भएका मिडियासम्बन्धी कानुनमा पनि प्रसारणमा रोक लगाउन सक्ने प्रावधानहरू राखिएको छ । नेपालगन्ज उपमहानगरपालिका, मुसीकोट नगरपालिका, प्युठान नगरपालिका, गुलरिया नगरपालिका, तिलोत्तमा नगरपालिका, बगनासकाली गाउँपालिका, कञ्चन गाउँपालिकालगायतमा गाउँपलिका/नगरपालिकाले जारी गरेको एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधिमा कुनै एफएम रेडियो प्रसारणस्थलको निरीक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानविन गर्दा सर्तबमोजिम काम नगरेको देखिएमा र अनाधिकृतरूपमा कुनै कार्यक्रम प्रसारण गरेको पाइएमा बढीमा ३ महिनाका लागि रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्ने प्रावधान छ ।[२७] अहिलेसम्म १८६ वटा स्थानीय तहले एफएम रेडियो (व्यवस्थापन र सञ्चालन) सम्बन्धी कार्यविधि ल्याएकामा अधिकांशले यस्तै प्रावधान राखेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण एवं सङ्कुचन गर्न खोजेका देखिन्छ ।

## ● *प्रकाशन, प्रसारण र सम्प्रेषण गर्न नहुने*

२०७४ सालमा तयार पारिएको आमसञ्चारसम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदाको दफा ५० मा देहायका कुराहरू कुनै पनि स्वदेशी, विदेशी आमसञ्चारको माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामग्रीको उत्पादन र प्रवाह गर्न हुँदैन भन्ने उल्लेख छ :

*(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने विषय,*
*(ख) विभिन्न सङ्घीय एकाइबीचको सु-सम्बन्धमा आँच आउने विषय,*
*(ग) विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने,*
*(घ) राज्यद्रोह वा अदालतको अवहेलना वा अपराध गर्न दुरूत्साहन गर्ने विषय,*

२७ सेन्टर फर मिडिया रिसर्च नेपाल, २०७६ ।

*(ङ) गाली बेइज्जती*

*(च) सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने विषय,*

*(छ) श्रमप्रति अवहेलना गर्ने विषय,*

*(ज) जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने विषय ।*

माथिका व्यवस्थाले डर र भय सिर्जना गर्न सक्छ । र, प्रेस स्वतन्त्रतामा आँच आउन सक्छ । कुनै पनि मिडिया वा पत्रकारसँग द्वन्द्व भएमा वा स्थार्थ नमिलेमा माथिका प्रावधानहरूका आधारमा सरकारले समस्यामा पार्न सक्छ ।

तालिका ९ : प्रकाशन, प्रसारण र सम्प्रेषण गर्न नहुने

| | | |
|---|---|---|
| सङ्घ | आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | दफा ५० : देहायका कुराहरु कुनै पनि स्वदेशी, विदेशी आमसञ्चारको माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामग्रीको उत्पादन र प्रवाह गर्न हुँदैन :<br>(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने विषय,<br>(ख) विभिन्न सङ्घीय एकाइबीचको सु-सबन्धमा आँच आउने विषय,<br>(ग) विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने,<br>(घ) राज्यद्रोह वा अदालतको अवहेलना वा अपराध गर्न दुरूत्साहन गर्ने विषय,<br>(ङ) गाली बेइज्जती<br>(च) सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने विषय,<br>(छ) श्रमप्रति अवहेलना गर्ने विषय,<br>(ज) जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने विषय । |
| मधेस प्रदेश | एकीकृत सञ्चार विधेयक, २०७५ | सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने, सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जानेलगायतका विषयमा प्रकाशनमा प्रतिबन्ध लगाउन सक्ने<br>राष्ट्रिय हित र मर्यादाविरूद्ध हुने कुराहरु गर्ने, राष्ट्रको शान्ति, व्यवस्था र सुरक्षामा खलल पुर्‍याउनेलगायतका विषय, विदेशी प्रकाशनको पैठारीमा नियन्त्रण, कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकास, बिक्री वितरण आदि गर्न नहुने |

| | | |
|---|---|---|
| मधेस प्रदेश | प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ | प्रकाशन तथा प्रसारण गर्न नहुने भन्दै सार्वजनिक शिष्टाचार र नैतिकता प्रतिकूल हुने विषय, श्रमप्रति अवहेलना गर्ने विषयलगायतका ८ वटा बुँदा उल्लेख |
| वाग्मती प्रदेश | सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ | दफा ४५ मा प्रकाशन तथा प्रसारण गर्न नहुने बुँदा उल्लेख |
| गण्डकी प्रदेश | आमसञ्चार सम्बन्धमा व्यवस्थ गर्न बनेको विधेयक | दफा ४२ मा प्रकाशन तथा प्रसारण गर्न नहुने बुँदा समावेश |
| लुम्बिनी प्रदेश | सञ्चार माध्यम ऐन, २०७८ | नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, सङ्घीय एकाइबीच सुसम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने, विभिन्न जाति, भाषा, धर्म, सम्प्रदाय वा संस्कृतिलाई अपव्याख्या, अवहेलना तथा अवमूल्यन गरी तिनीहरूबीचको सुसम्बन्ध खलल पर्ने, राजद्रोह, अदालतको अवहेलना हुने, हिंसा, आतङ्क वा अवरोध गर्न दुरूत्साहन गर्ने सामग्रीलाई प्रकाशन तथा प्रसारण गर्न नहुने व्यवस्था ।<br>नेपालको कुनै मित्रराष्ट्रसँगको सम्बन्धमा खलल पर्ने, सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा अश्लील व्यवहारसम्बन्धी, श्रमप्रति अवहेलना गर्ने, जातीय छुवाछूत एवं लैङ्गिक हिंसा वा विभेदहरूलाई दुरूत्साहन गर्ने, गाली बेइज्जती अपमान हुने, कसैको चरित्र हत्या र कुनै व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनसँग सम्बन्धित, जनमानसमा अस्वाभाविक भय, आतङ्क, अफवाह तथा भ्रम पैदा गर्ने, जनस्वास्थ्यलाई हानि पुर्‍याउने धूमपान तथा मदिराजन्य पदार्थहरूको विज्ञापन र कानुनले निषेध गरेका कार्यलाई दुरूत्साहन गर्ने सामग्री पनि प्रकाशन तथा प्रसारण गर्न नपाइनेलगायतका व्यवस्था । |
| लुम्बिनी प्रदेश | छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०७५ | दफा १५ मा प्रकाशनमा प्रतिबन्धात्मक व्यवस्था, दफा १६ मा प्रकाशनमा निषेध, दफा १७ मा प्रतिबन्धात्मक प्रकाशन वा निषेधित प्रकाशन निकास, बिक्री वितरण आदि गर्न नहुने उल्लेख |

| | | |
|---|---|---|
| गण्डकी प्रदेश | आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | कुनै पनि स्वदेशी, विदेशी आमसञ्चारको माध्यमबाट नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सु-सम्बन्धमा आँच आउने, विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने विषय प्रकाशन तथा प्रसारण गर्न नहुने व्यवस्था गरिएको छ । यस्तै सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने, श्रमप्रति अवहेलना गर्ने, जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने, प्रदेशबीचको सु-सम्बन्धमा खलल पार्ने तथा विवाद सिर्जना हुने र स्रोत पुष्टि नभएका र अफवाह फैलाउने उद्देश्यले प्रेरित सामग्री प्रकाशन तथा प्रसारण गर्न नहुने पनि उल्लेख |
| कर्णाली प्रदेश | प्रसारण ऐन, २०७५ | दफा ११ मा प्रसारण गर्न नहुने विषय उल्लेख |

यस्तै गरी मधेस प्रदेशले ल्याएको एकीकृत सञ्चार विधेयक, २०७५ को मस्यौदामा सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राष्ट्रियतामा आँच आउने, सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जानेलगायतका विषयमा प्रकाशनमा प्रतिबन्ध लगाउन सक्ने उल्लेख छ । यसैगरी राष्ट्रिय हित र मर्यादाविरूद्ध हुने कुराहरु गर्ने, राष्ट्रको शान्ति, व्यवस्था र सुरक्षामा खलल पुऱ्याउनेलगायतका विषय, विदेशी प्रकाशनको पैठारीमा नियन्त्रण, कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकास, बिक्री वितरण आदि गर्न नहुनेलगायतका विषय पनि विधेयकमा छ । मधेस प्रदेशको सञ्चारसम्बन्धी विधेयकमा पनि प्रकाशन तथा प्रसारण गर्न नहुने भन्दै सार्वजनिक शिष्टाचार र नैतिकता प्रतिकूल हुने विषय, श्रमप्रति अवहेलना गर्ने विषयलगायतका ८ वटा बुँदा उल्लेख छ ।

यस्तै वाग्मती प्रदेश सञ्चारसम्बन्धी ऐनको दफा ४५ मा प्रकाशन तथा प्रसारण गर्न नहुने बुँदा उल्लेख छ । गण्डकी प्रदेशको आमसञ्चारसम्बन्धी विधेयकको दफा ४२ मा प्रकाशन तथा प्रसारण गर्न नहुने बुँदा समावेश छ ।

लुम्बिनी प्रदेशले सञ्चार माध्यमसम्बन्धी व्यवस्था गर्न बनेको ऐनमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, सङ्घीय एकाइबीच सुसम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने, विभिन्न जाति, भाषा, धर्म, सम्प्रदाय वा संस्कृतिलाई अपव्याख्या, अवहेलना तथा अवमूल्यन गरी तिनीहरुबीचको सुसम्बन्ध खलल पर्ने, राजद्रोह, अदालतको अवहेलना हुने, हिंसा, आतङ्क वा अवरोध गर्न दुरूत्साहन गर्ने सामग्रीलाई प्रकाशन तथा प्रसारण गर्न नहुने व्यवस्था गरिएको छ ।

यस्तै नेपालको कुनै मित्रराष्ट्रसँगको सम्बन्धमा खलल पर्ने, सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा अश्लील व्यवहारसम्बन्धी, श्रमप्रति अवहेलना गर्ने, जातीय छुवाछूत एवं लैङ्गिक हिंसा वा विभेदहरूलाई दुरूत्साहन गर्ने, गाली बेइज्जती अपमान हुने, कसैको चरित्र हत्या र कुनै व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनसँग सम्बन्धित, जनमानसमा अस्वाभाविक भय, आतङ्क, अफवाह तथा भ्रम पैदा गर्ने, जनस्वास्थ्यलाई हानि पुऱ्याउने धूमपान तथा मदिराजन्य पदार्थहरूको विज्ञापन र कानुनले निषेध गरेका कार्यलाई दुरूत्साहन गर्ने सामग्री पनि प्रकाशन तथा प्रसारण गर्न नपाइनेलगायतका व्यवस्था गरिएको छ ।

लुम्बिनी प्रदेशको छापाखाना र प्रकाशनसम्बन्धी ऐनको दफा १५ मा प्रकाशनमा प्रतिबन्धात्मक व्यवस्था, दफा १६ मा प्रकाशनमा निषेध, दफा १७ मा प्रतिबन्धात्मक प्रकाशन वा निषेधित प्रकाशन निकास, बिक्री वितरण आदि गर्न नहुने उल्लेख छ ।

गण्डकी प्रदेश आमसञ्चारसम्बन्धी विधेयकमा कुनै पनि स्वदेशी, विदेशी आमसञ्चारको माध्यमबाट नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सु–सम्बन्धमा आँच आउने, विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु–सम्बन्धमा खलल पर्ने, राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने विषय प्रकाशन तथा प्रसारण गर्न नहुने व्यवस्था गरिएको छ । यस्तै सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने, श्रमप्रति अवहेलना गर्ने, जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने, प्रदेशबीचको सु–सम्बन्धमा खलल पार्ने तथा विवाद सिर्जना हुने र स्रोत पुष्टि नभएका र अफवाह फैलाउने उद्देश्यले प्रेरित सामग्री प्रकाशन तथा प्रसारण गर्न नहुने पनि उल्लेख छ ।

यस्तै कर्णाली प्रदेशको कर्णाली प्रदेश प्रसारणसम्बन्धी ऐनको दफा ११ मा प्रसारण गर्न नहुने विषय उल्लेख छ ।

- *विज्ञापन प्रसारण गर्न नपाइने*

विज्ञापन (नियमन) ऐन, २०७६ को दफा ५ मा स्वच्छ प्रतिष्पर्धाको प्रतिकूल असर पर्ने गरी लगायत विज्ञपान गर्न नपाइने २३ वटा बुँदा उल्लेख छ ।

प्रदेश नं. १ को रेडियो, एफएम र टेलिजिभन प्रसारणसम्बन्धी ऐनको दफा १५ मा गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पार्ने, निर्वाचित सङ्घीय, प्रदेश र स्थानीय सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरूलगायतमा विज्ञापन प्रसारण गर्न रोक लगाइएको छ ।

तालिका १० : विज्ञापन प्रसारण गर्न नपाइने

| सङ्घ | विज्ञापन (नियमन) ऐन, २०७६ | दफा ५ मा विज्ञापन गर्न नहुने प्रावधानको व्यवस्था |
|---|---|---|
| प्रदेश नं. १ | रेडियो, एफएम र टेलिजिभन प्रसारणसम्बन्धी ऐन, २०७५ | दफा १५ मा गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पार्ने, निर्वाचित सङ्घीय, प्रदेश र स्थानीय सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरूलगायतमा विज्ञापन प्रसारण गर्न रोक |
| मधेस प्रदेश | एफएम रेडियो र टेलिभिजनको सञ्चालनसम्बन्धी ऐन, २०७७ | गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पार्ने कुराहरू, अश्लील किसिमका सामग्रीहरु विज्ञापन प्रसारण गर्न नपाइने |
| मधेस प्रदेश | एकीकृत सञ्चार विधेयक २०७५ | दफा २९ मा विनाआधार लगाइएका आक्षेपपूर्ण कुराहरू, देशको परराष्ट्र नीति विपरितका कुराहरूलगायतमा विज्ञापन प्रकाशन तथा प्रसारण गर्न पाइने छैन |
| मधेस प्रदेश | आमसञ्चार प्राधिकरण विधेयक | दफा १७ मा विज्ञापन प्रसारण गर्न नपाइने |
| वाग्मती प्रदेश | सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ | दफा १६ को १ को (क) मा राजनीतिक दलहरूलाई झुटो आरोप र लाञ्छना लगाउने विषयका कुराहरू, अश्लील तथा कुनै व्यक्तिको मञ्जुरीविना निजको पारिवारिक तथा सामाजिक पक्षसँग सम्बन्धित सामग्रीहरूलगायतमा विज्ञापन प्रसारण गर्न नपाइने |
| गण्डकी प्रदेश | आमसञ्चारसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | दफा २२ मा विज्ञापन गर्न नपाइने बुँदा उल्लेख |

| | | |
|---|---|---|
| लुम्बिनी प्रदेश | प्रसारण ऐन, २०७५ | दफा १४ मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, सङ्घीय एकाइबीचको सुसम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्य, अश्लील किसिमका सामग्रीलगायतमा विज्ञापन प्रसारण गर्न नपाइने उल्लेख |
| कर्णाली प्रदेश | प्रसारण ऐन, २०७५ | गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू, हिंसालाई प्रोत्साहन हुने गरी सङ्घीय, प्रदेश र स्थानीय सरकारका नियमित कामलाई बाधा अवरोध पुर्‍याउने सामग्रीहरूलगायतका विज्ञापन प्रसारण गर्न नहुने |

यस्तै मधेस प्रदेशले २०७७ सालमा प्रदेश एफएम रेडियो तथा टेलिभिजन सञ्चालनसम्बन्धी ऐन २०७७ गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पार्ने कुराहरू, अश्लील किसिमका सामग्रीहरु विज्ञापन प्रसारण गर्न नपाइनेलगायतका प्रावधान राखिएको छ । त्यसैगरी मधेस प्रदेशले तयार पारेको एकीकृत सञ्चार विधेयक २०७५ को दफा २९ मा विनाआधार लगाइएका आक्षेपपूर्ण कुराहरू, देशको परराष्ट्र नीति विपरितका कुराहरूलगायतमा विज्ञापन प्रकाशन तथा प्रसारण गर्न पाइने छैन भन्ने उल्लेख छ । मधेस प्रदेशको आमसञ्चार प्राधिकरण विधेयकको दफा १७ मा विज्ञापन प्रसारण गर्न नपाइने विषय समावेश छ ।

वाग्मती प्रदेशले प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा १६ को १ को (क) मा राजनीतिक दलहरूलाई झुटो आरोप र लाञ्छना लगाउने विषयका कुराहरू, अश्लील तथा कुनै व्यक्तिको मञ्जुरीविना निजको पारिवारिक तथा सामाजिक पक्षसँग सम्बन्धित सामग्रीहरूलगायतमा विज्ञापन प्रसारण गर्न नपाइने प्रावधान छ । दफा १६ को उपदफा २ मा उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा प्रदेश सरकारले निर्वाचन आयोगको अनमुति लिइ कुनै पनि राजनीतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रमलगायतको जानकारी गराउन यस दफाले बन्देज लगाएको मानिने छैन भन्ने छ । त्यसैगरी गण्डकी प्रदेशमा आमसञ्चारसम्बन्धी बनेको विधेयकको दफा २२ मा विज्ञापन गर्न नपाइने बुँदा उल्लेख छ ।

लुम्बिनी प्रदेशले २०७५ सालमा ल्याएको प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको

ऐन दफा १४ मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, सङ्घीय एकाइबीचको सुसम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्य, अश्लील किसिमका सामग्रीलगायतमा विज्ञापन प्रसारण गर्न नपाइने उल्लेख छ ।

कर्णाली प्रदेशको प्रसारण ऐनमा गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू, हिंसालाई प्रोत्साहन हुने गरी सङ्घीय, प्रदेश र स्थानीय सरकारका नियमित कामलाई बाधा अवरोध पुऱ्याउने सामग्रीहरूलगायतका विज्ञापन प्रसारण गर्न नहुने व्यवस्था छ ।

- *दर्ता कायम नरहने*

लुम्बिनी प्रदेशले ल्याएको प्रदेश सञ्चार माध्यमसम्बन्धी ऐन २०७८ मा पत्रपत्रिका दर्ता भएको १ वर्ष प्रकाशन नगरेमा र पत्रपत्रिका प्रकाशन नगरेको मितिले १ वर्षभित्र त्यसको लिखित सूचना कार्यालयलाई नदिएमा र लगातार ५ वर्षसम्म प्रकाशन नगरेमा प्रमाणपत्रको दर्ता खारेज हुने व्यवस्था गरिएको छ । यस्तै प्रावधान छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०७५ मा उल्लेख थियो ।

गण्डकी प्रदेश आमसञ्चारसम्बन्धी विधेयकमा छापा सञ्चार दर्ता भएको मितिले १ वर्षभित्र १ अङ्क पनि प्रकाशन नगरेमा, छापा सञ्चार प्रकाशन नगरेको मितिले १ वर्षभित्र त्यसको लिखित सूचना प्रेस रजिस्ट्रारलाई नदिएमा, दर्ता भई सञ्चालनमा रहेको छापा सञ्चारले ५ वर्षसम्म पनि कुनै अङ्क प्रकाशन नगरेमा छापा सञ्चारको दर्ता कायम नरहने उल्लेख छ । त्यसैगरी कुनै छापाखानाले समाचार, लेख, वा अन्य पाठ्यसामग्री मुद्रण गरेबापत त्यस्तो छापाखाना बन्द वा जफत गरिने छैन भन्ने व्यवस्था पनि छ ।

- *जँचाएर मात्र प्रकाशन*

मधेस प्रदेशमा २०७५ सालमा एकीकृत सञ्चार विधेयक, २०७५ को मस्यौदामा विधेयकमा राष्ट्रिय हितलाई ध्यानमा राखी सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै सामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको थियो । यस्तै आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्न समेत पाउँदैन भन्ने प्रावधान राखिएको थियो । सो प्रावधानलाई ऐनमा हटाइएको छ ।

लुम्बिनी प्रदेशले तयार पारेको छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा दफा १६ मा राष्ट्रिय हितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशन गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्ने प्रावधान छ । दफा १६ को २ मा उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्नसमेत हुँदैन भन्ने प्रावधान राखिएको छ । यी प्रावधानहरूको दुरुपयोग हुन सक्छ ।

- *पैठारीमा आदेश जारी गर्न सक्ने*

लुम्बिनी प्रदेशले २०७८ सालमा ल्याएको प्रदेश सञ्चार माध्यमसम्बन्धी ऐनमा राष्ट्रिय हित र मर्यादाविरूद्धमा हुने कुराहरु गर्ने, विदेशी राज्य तथा सरकारसँगको सम्बन्धमा खलल पुऱ्याउने, विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने, सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जानेलगायत विषयका सामग्री भएको विदेशी प्रकाशनको पैठारीमा रोक लगाउने गरी प्रदेश सरकारले आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ ।

- *विदेशबाट सञ्चालित अनलाइनका सामग्रीलाई रोक लगाउन सकिने*

आमसञ्चार विधेयकमा विदेशबाट प्रसारण वा प्रकाशित हुने अनलाइन न्युज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री नियम विपरित रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा प्राधिकरणले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्ने व्यवस्था रहेको छ । मधेस प्रदेश आमसञ्चार प्राधिकरणसम्बन्धी विधेयकको दफा ३१ मा पनि कानुन विपरित भए विदेशबाट प्रकाशित अनलाइन न्युज पोर्टललाई रोक्न सकिने व्यवस्था छ ।

यस्तै वाग्मती प्रदेशले प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा ३० मा विदेशबाट प्रकाशन हुने अनलाइनलाई प्रदेशभित्र प्रतिबन्ध लगाउन सकिने व्यवस्था छ । ऐनमा विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्युज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्रीलाई सञ्चार रजिस्ट्रारले प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्ने उल्लेख छ ।

गण्डकी प्रदेश आमसञ्चारसम्बन्धी विधेयकमा विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन पत्रिकामा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ४२ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा त्यस्तो सामग्री प्रकाशन वा प्रसारणमा रोक लगाउन सकिने उल्लेख छ ।

- *निर्देशन दिन सक्ने*

सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र पत्रकारितासँग सम्बन्धित विषयहरू छन् । विधेयकको दफा ९४ मा कुनै व्यक्तिलाई जिस्काउने, झुक्याउने, होच्याउने, हतोत्साहित गर्ने, हप्काउने, घृणा तथा द्वेष उत्पन्न गराउने वा प्रापकलाई भ्रमित पार्ने आशयले सन्देश सम्प्रेषण गर्न नहुनेलगायतका विषय सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुनेलगायत व्यवस्था छ । राज्यले चाहेमा यस्ता प्रावधानको दुरूपयोग हुन सक्ने देखिन्छ ।

ऐनबमोजिमको कसुर ठहरिने विषयवस्तु सामाजिक सञ्जालमा सम्प्रेषण गरेको वा गर्न लागेको विषयमा एक सरकारी प्रशासनिक विभागले त्यस्तो विषयवस्तु वा सूचना हटाउन तत्काल सामाजिक सञ्चालकलाई निर्देशन दिन सक्ने व्यवस्था राखिएको छ । यसले विचार र अभिव्यक्तिमाथि अङ्कुश लगाउन सक्छ । विधेयक आमसञ्चारको क्षेत्रलाई नियन्त्रण गर्न दुरूपयोग हुन सक्ने गम्भीर खतरा देखिएको नेपाल पत्रकार महासङ्घको भनाइ थियो । महासङ्घले सरोकारवालासँग छलफल र सहमति गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र सम्मान हुनेगरी सूचना प्रविधिसम्बन्धी विधेयक अघि बढाउन माग गऱ्यो । यसैगरी सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने विषयषवस्तु पनि उल्लेख छन् । सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने विषयवस्तुको लामो सूची अभिव्यक्ति स्वतन्त्रता विरोधी पुच्छर हो । नागरिकको वैयक्तिक गोपनीयताको अधिकार अनुसन्धान अधिकारीहरूलाई र राष्ट्रिय सूचना प्रविधि केन्द्रको जिम्मेवारी अप्राविधिक व्यक्तिहरूको पोल्टामा हालिदिने जस्तो असंवैधानिक र असङ्गत परिकल्पना पनि यस विधेयकले गरेको छ ।[२८]

मिडिया सोसाइटीले विधेयकमा प्रस्ताव गरिएका जरिवाना, कैद तथा त्यसका लागि गठन गर्ने भनिएको न्यायिक निकायसम्बन्धी व्यवस्था तत्काल हटाउन माग गऱ्यो ।[२९] यसको कानुनविद्ले पनि विरोध गरेका थिए । 'न्यायका अन्तर्राष्ट्रिय मान्यताका सामान्य पक्ष नै सरकारले बुझ्दैन भन्ने होइन, जानाजान वा बुझ पचाएर यो विधेयक ल्याइएको छ'[३०]– वरिष्ठ अधिवक्ता शम्भु थापाको भनाइ थियो । 'प्रधानमन्त्रीसँग मैले सूचना प्रविधि विधेयकमा भएका त्रुटिबारे कुरा गरेको थिएँ,' संविधानविद् विपिन अधिकारीले भने– 'सूचना प्रविधि विधेयकबारे मैले प्रधानमन्त्रीसँग कुरा गरेको थिएँ । प्रधानमन्त्रीले त्यसमा गल्तीहरू भएको जानकारी पाइसक्नुभएको रहेछ र त्यसलाई संविधानविपरीत नहुने गरी सच्याउने कुरा गर्नुभएको थियो ।'[३१]

---

२८ ढुङ्गेल, २०७८ ।

२९ कारोबार दैनिक, २०७६ ।

३० खड्का, २०७६ ।

३१ खड्का, २०७६ ।

विधेयकबारे प्रतिनिधि सभा, विकास तथा प्रविधि समितिमा छलफल हुँदा त्यतिबेला प्रतिपक्षमा रहेको कङ्ग्रेसका सांसदहरूले नेपालको संविधानले प्रदत्त गरेका अभिव्यक्ति स्वतन्त्रतालगायत मौलिक हकमाथि बन्देजको दायरालाई फराकिलो पार्ने गरी (स्वतन्त्रता बन्देज गर्ने गरी) विधेयकमा व्यवस्था गरिएको छ भन्दै प्रकारान्तरले सामाजिक सञ्जालमार्फत हुने अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने मनसायवाट यो प्रावधान रहेको देखिन्छ । जुन संविधानको मर्म विपरित छ । संविधान विपरितका प्रावधानहरु विधेयकमा राख्न हुँदैन भनेर सामाजिक सञ्जाल दर्ता सम्भव नभएको भन्दै संशोधन प्रस्ताव पेस गरेका थिए । समितिमा छलफल भई ३६ बुँदामा संशोधनसहित बहुमतले पारित गऱ्यो । सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले फरक मत राख्ने सांसदको भनाइ पनि सम्बोधन भएको भन्दै भने- 'यो देशको कानुन हो, सत्ता पक्षको मात्र कानुन होइन, विधेयकमा नागरिक अधिकार कुण्ठित गर्ने विषय छन् भन्नु स्याल हुइयाँ मात्र हो, सरकारको आलोचना गर्न पाइन्छ तर जथाभावी गर्न पाइँदैन ।'[३२] विधेयकबारे प्रतिनिधि सभामा छलफल भए पनि निर्णायकरूपमा प्रस्तुत गरिएन । त्यसैले विधेयक संसद्मै छ ।

- *दण्ड/जरिवाना*

तालिका ११ : दण्ड/जरिवाना

| | ऐन/विधेयक | प्रावधान | दण्ड/जरिवाना |
|---|---|---|---|
| सङ्घ | आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | प्रकाशन गर्न नहुने कुरा प्रकाशित गरेमा | कसुरको मात्रा हेरी ५० लाख रूपियाँदेखि १ करोड रूपियाँसम्म जरिवाना वा १० वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने |
| सङ्घ | सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, | सामाजिक सञ्जालमा प्रेषित कसुरजन्य सामग्री भएमा | ५ वर्ष कैद र १५ लाखसम्म जरिवाना |
| | | विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग गरेमा | ५ लाख रूपियाँसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै |
| | | विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग भएमा | दफा २९ को कसुर र सजाय प्रावधानअन्तर्गत ३ वर्षसम्म कैद वा ३० हजार जरिवाना |

३२ हिमालखबर, २०७६ ।

| | | | |
|---|---|---|---|
| सङ्घ | विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ | कानुन विपरित विज्ञापन गरेको खण्डमा | १ लाखदेखि ५ लाख रूपियाँसम्म जरिवाना गर्न सक्ने र कैद सजाय ३ देखि ५ वर्षसम्म हुन सक्ने |
| प्रदेश १ | प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५ | दफा ११ को उपदफा २ मा उपदफा १ बमोजिम सचेत गराउँदासमेत यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरित कुनै कार्यको प्रसारण गरे/गराएमा | रू. १० हजारदेखि रू. १ लाखसम्म जरिवाना गर्न सक्ने |
| प्रदेश १ | प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक | काउन्सिलको स्वीकृतिविना पत्रपत्रिकाले १ भन्दा बढी भाषामा पत्रिका प्रकाशित गरेमा, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र लेखा परीक्षण प्रतिवेदन र कर्मचारीको विवरण काउन्सिलमा पेस नगरेमा, काउन्सिलमा दर्ता नगरी अनलाइन सञ्चालन गरेमा, कानुन विपरित सामग्री प्रसारण गरेमा, बिमा नगरेमा र आचारसंहिता उल्लङ्घन गरेमा | २५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने |
| | | न्यूनतम पारिश्रमिक प्रदान नगर्ने सञ्चार संस्थालाई | १ लाख रूपियाँसम्म जरिवाना |
| मधेस प्रदेश | प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ | प्रदेशमा दर्ता अभिलेखीकरण नगराएमा, विदेशी पत्रपत्रिकाको नेपाली संस्करण प्रकाशन गरेमा | १० हजारदेखि २० हजार रूपियाँसम्म जरिवाना गरी पत्रपत्रिका प्रकाशनका लागि प्रयोग भएका यन्त्र उपकरण जफत गर्ने |

| | | | |
|---|---|---|---|
| वाग्मती प्रदेश | सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ | इजाजत नलिइ कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई पहिलोपटक सचेत गराउने र पुनः सोही प्रकृतिको कसुर दोहोऱ्याएमा | इजाजतपत्र दस्तुरबापत लाग्ने दस्तुर बराबरको रकम असुलउपर गरी सो बराबरको रकम जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने |
| गण्डकी प्रदेश | आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | कसैले प्रकाशन तथा प्रसारण गर्न नहुने दफा ४२ को प्रावधान विपरीत प्रकाशन तथा प्रसारण गरेमा | विषयको गाम्भीर्यता हेरी १० हजार रूपियाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने |
| | | ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्नुपर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा | कसुरको मात्रा हेरी ५ हजारदेखि २५ हजार रूपियाँसम्म जरिबाना गर्न सकिने |
| लुम्बिनी प्रदेश | छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०७६ | प्रमाणपत्र नलिइ छापाखाना सञ्चालन गरेमा | ५० हजार रूपियाँ जरिवाना गरिने |
| लुम्बिनी प्रदेश | सञ्चार माध्यम ऐन, २०७८ | इजाजतपत्र नलिइ कुनै कार्यक्रम प्रसारण गरेमा, र | इजाजतपत्रबापत लाग्ने दस्तुर र प्रसारण वा वितरण शुल्क असुल गरी सोही रकम बराबरको रकम जरिवाना वा १ वर्ष कैद वा दुवै सजाय हुने |
| | | दर्ता नगरी अनलाइन सञ्चालन गरेमा | ५ हजार रूपियाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै हुने |
| | | विवरण उल्लेख नगरेमा वा उल्लेख गरेको विवरण झुटा ठहरेमा | मा ५ हजार रूपियाँसम्म जरिवाना हुन सक्ने |
| | | आदेश उल्लङ्घन गरेमा | १० हजार रूपियाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने |

| | | | |
|---|---|---|---|
| सुदूरपश्चिम प्रदेश | रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७६ | कसैले ऐन वा ऐनअन्तर्गत बनेका नियमविपरित कुनै कार्यक्रम, विज्ञापन, समाचार सामग्री प्रसारण गरे/गराएमा | १० हजारदेखि १ लाख रूपियाँसम्म जरिवाना गर्न सक्ने |

आमसञ्चार विधेयकमा प्रकाशन गर्न नहुने कुरा प्रकाशित गरेमा कसुरको मात्रा हेरी ५० लाख रूपियाँदेखि १ करोड रूपियाँसम्म जरिवाना वा १० वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने प्रावधान राखेको पाइन्छ ।[३३] ऐन र विधेयकहरूमा दण्ड/सजायप्रति चित्त नबुझे अदालतमा पुनरावेदन गर्न सकिने प्रावधान राखेको पाइन्छ ।

सूचना प्रविधि विधेयकमा सामाजिक सञ्जालमा प्रेषित कसुरजन्य सामग्री भएमा सजाय ५ वर्ष कैद र १५ लाखसम्म जरिवाना प्रस्ताव गरिएको छ । यस्तै विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग गरेमा ५ लाख रूपियाँसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवैको व्यवस्था गरिएको छ । विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग भएमा दफा २९ को कसुर र सजाय प्रावधानअन्तर्गत ३ वर्षसम्म कैद वा ३० हजार जरिवाना राखिएको छ । २०७६ साल पुस १५ गते नेपाल पत्रकार महासङ्घले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी विचार तथा अभिव्यक्ति लेखेकै भरमा जरिवाना र कैदको व्यवस्थाले नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने बतायो । अदालतमा नगइकनै र अपराध संहितासँग पनि मेल नखाने मात्राको जरिवाना र सजाय सरकारले नै तोक्ने, सूचना प्रविधि अदालत नै सरकारले गठन गर्ने जस्ता काम शक्ति सन्तुलनको सिद्धान्त र प्राकृतिक न्यायको सिद्धान्तसित पनि मेल नखानेखालका छन् ।[३४]

विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा नेपालबाट प्रसारण हुने कुनै पनि विदेशी च्यानल विज्ञापनरहित हुनुपर्ने, विदेशी विज्ञापन 'डबिङ' गरेर प्रसारण गर्न नपाइने, अनलाइन तथा इन्टरनेट माध्यमबाट हुने विज्ञापनलाई नियमन गर्ने, सम्बन्धित व्यक्तिको मन्जुरीविना इमेल अथवा मोबाइलमा एसएमएस विज्ञापनमूलक सन्देश पठाउन नपाइनेलगायतका प्रावधान थिए । कानुन विपरित विज्ञापन गरेको खण्डमा १ लाखदेखि ५ लाख रूपियाँसम्म जरिवाना गर्न सक्ने र कैद सजाय ३ देखि ५ वर्षसम्म हुन सक्ने प्रावधान राखिएको थियो तर ऐन बन्दा फौजदारी सजाय हटाइएको छ ।

३३ नेपाललाइभ, २०७६ ।

३४ ढुङ्गेल, २०७८ ।

प्रदेश नं. १ को प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ को दफा ११ को उपदफा २ मा उपदफा १ बमोजिम सचेत गराउँदासमेत यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरित कुनै कार्यको प्रसारण गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले रू. १० हजारदेखि रू. १ लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ । तर जरिवाना गर्नुअघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेस गर्न मुनासिव माफिकको मौका दिनुपर्नेछ' भन्ने प्रावधान थप गरियो । ऐनको दफा १७ (१) मा प्रसारण संस्थाको इजाजतपत्र नलिइ प्रसारण संस्था खोली प्रसारण गरेमा तोकिएको अधिकारीले त्यस्तो प्रसारणसम्बन्धी संस्था बन्द गर्न वा प्रसारणसम्बन्धी काम गर्न सक्नेछ भन्ने उल्लेख छ ।

प्रदेश १ ले तयार पारेको प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयकमा काउन्सिलको स्वीकृतिविना पत्रपत्रिकाले १ भन्दा बढी भाषामा पत्रिका प्रकाशित गरेमा, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र लेखा परीक्षण प्रतिवेदन र कर्मचारीको विवरण काउन्सिलमा पेस नगरेमा, काउन्सिलमा दर्ता नगरी अनलाइन सञ्चालन गरेमा, कानुन विपरित सामग्री प्रसारण गरेमा, बिमा नगरेमा र आचारसंहिता उल्लङ्घन गरेमा २५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ । त्यसैगरी न्यूनतम पारिश्रमिक प्रदान नगर्ने सञ्चार संस्थालाई १ लाख रूपियाँ जरिवाना गर्ने व्यवस्था छ ।

त्यसैगरी रेडियो उपकरणका लागि प्रक्रिया पूरा नगरेमा, अनुमतिविना प्रसारण केन्द्र स्थापना गरेमा, अनुमतिविना प्रसारण संस्थाले क्षमता वृद्धि गरेमा, अनुमतिविना कलसाइन परिवर्तन गरेमा ५० हजार रूपियाँ जरिवानाको व्यवस्था छ । न्यूनतम पारिश्रमिक प्रदान नगर्ने सञ्चार संस्थालाई १ लाख रूपियाँसम्म जरिवाना हुन सक्ने व्यवस्था पनि विधेयकमा छ ।

मधेस प्रदेशले ल्याएको प्रदेश सञ्चारसम्बन्धी विधेयकमा पत्रकारलाई ५० लाखदेखि १ करोड रूपियाँसम्म जरिवाना हुन सक्ने भन्ने प्रावधान विधेयकमा राखिएको थियो । त्यसको विरोध भयो । त्यसपछि मुख्य मन्त्रीले भुलबस ल्याइएको भन्दै विधेयक सच्चाउने प्रतिबद्धता व्यक्त गरे । पछि सो प्रावधान हटाइयो । त्यसैगरी ऐनमा पत्रपत्रिका अभिलेखीकरण नगराइ प्रकाशन र बिक्री वितरण गर्न नहुने प्रावधान राखिएको छ । दफा ६२ मा सञ्चार माध्यमले प्रदेशमा दर्ता अभिलेखीकरण नगराएमा, विदेशी पत्रपत्रिकाको नेपाली संस्करण प्रकाशन गरेमा कसुरको मात्रा हेरी १० हजारदेखि २० हजार रूपियाँसम्म जरिवाना गरी पत्रपत्रिका प्रकाशनका लागि प्रयोग भएका यन्त्र उपकरण जफत गर्ने भनिएको छ । दफा ६३ मा अनलाइन सञ्चार माध्यमले मुख्य पृष्ठमा आफ्नो सञ्चार माध्यमको विवरण

नराखेमा वा दर्ता नगराएमा १० हजारदेखि २० हजारसम्म जरिवाना र यन्त्र उपकरण जफत गर्ने भन्ने उल्लेख छ । ऐनको दफा ५२ मा उल्लेख भएका कार्यहरूमध्ये कुनै प्रकाशन तथा प्रसारणको कार्य गरे वा गर्न लगाएमा १० हजारदेखि २० हजार रूपियाँसम्म जरिवाना गरी सो कार्यबाट कसैलाई क्षति पुगेको भएमा क्षति पुगेको व्यक्तिलाई मनासिब माफीको क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था पनि गरिएको छ । इजाजतपत्र नलिइ वा स्वीकृति नलिइ कुनै सामग्री प्रकाशन तथा प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था राखिएको थियो । फौजदारी अभियोग पनि ऐनमा हटाइएको छ ।

त्यसैगरी मधेस प्रदेशले ल्याएको एकीकृत सञ्चार विधेकयमा प्रमाणपत्र नलिइ सञ्चार माध्यम सञ्चालन  गरेमा, झुटा विवरण दिएमा, उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमा, अनधिकृततवरले सञ्चालन गरेमा, प्रतिबन्धित वा निषेधित प्रकाशन प्रकाशित गरेमा दण्ड/सजाय हुने उल्लेख छ ।

मधेस प्रदेशले प्रदेश एफएम रेडियो तथा टेलिभिजन सञ्चालनसम्बन्धी ऐन २०७७ मा प्रसारण संस्थाको इजाजतपत्र नलिइ प्रसारण संस्था स्थापना गरी प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्था बन्द गरी त्यस्तो प्रसारण संस्थालाई इजाजतपत्र तथा अनुमतिपत्र दर्ता गर्दा लाग्ने दस्तुरको दोब्बर जरिवाना हुने व्यवस्था गरिएको छ ।

वाग्मती प्रदेशको प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा ४५ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सुसम्बन्धमा आँच आउनेलगायतका विषयमा प्रकाशन तथा प्रसारण गर्न नपाइने प्रावधान छ भने दफा ४६ मा इजाजत नलिइ कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई पहिलोपटक सचेत गराउने र पुनः सोही प्रकृतिको कसुर दोहोऱ्याएमा इजाजतपत्र दस्तुरबापत लाग्ने दस्तुर बराबरको रकम असुलउपर गरी सो बराबरको रकम जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । यसैगरी दफा ४५ बमोजिम प्रकाशन तथा प्रसारण गरेमा २५ हजार रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको पहिलो संशोधनबाट फौजदारी कारबाहीको प्रावधान हटाइएको छ । तर ऐन नियमबमोजिम गर्नुपर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा सञ्चार रजिस्ट्रारले कसुरको मात्रा हेरी ३ हजारदेखि ५० हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था भने कायमै छ ।

गण्डकी प्रदेशले २०७५ सालमा ल्याएको आमसञ्चार नीतिमा प्रकाशकलाई कारबाहीको व्यवस्था गरिने उल्लेख छ । नीतिमा कुनै एक व्यक्ति, परिवार वा समूहलाई अनलाइन माध्यमबाहेक छापा, श्रव्यदृश्य र श्रव्य माध्यम गरी तीनै माध्यममा लगानी गर्न रोक

लगाइ सञ्चार माध्यममा एकाधिकार कायम गर्न नदिन निश्चित सर्तसहित लगानीको सीमा तोक्ने कानुनी व्यवस्था गरिने, छापा सञ्चार माध्यमलाई उपलब्ध गराइने लोक कल्याणकारी विज्ञापनलाई औचित्यका आधारमा वितरण गर्ने व्यवस्था मिलाइने व्यवस्था राखिएको छ । यसैगरी अनुदानका लागि मात्र पत्रपत्रिका प्रकाशन गर्ने बदनियतलाई निरूत्साहित गरिने र यस्ता पत्रिकाका प्रकाशकलाई कारबाहीको व्यवस्था मिलाइने पनि नीतिमा व्यवस्था छ ।

यसैगरी गण्डकी प्रदेशलाई लक्षित गरी अन्य प्रदेश वा विदेशबाट इन्टरनेटको माध्यमबाट सञ्चालन हुने अनलाइन सञ्चार माध्यमका सम्बन्धमा कानुनबमोजिम नियमनको व्यवस्था गरिने र दर्ता नगरिकन सञ्चालित अनलाईन सञ्चार माध्यमलाई कारबाही गरिने व्यवस्था छ । स्रोत पुष्टि नहुने, कसैको चरित्र हत्या हुने र गलत लाभ लिने गरी वा आममानिसमा हिंसा, आतङ्कलाई प्रोत्साहन गर्ने सामग्री प्रकाशन, प्रसारण गर्न नदिइने पनि नीतिमा छ । त्यस अतिरिक्त भ्रामक सूचना सम्प्रेषण गर्नेमाथि सो सूचना वा समाचारले पारेको प्रभाव र समाचार प्रकाशित गर्नेको नियतका सम्बन्धमा प्रेस रजिस्ट्रारको कार्यालयसँग परामर्श लिइ कानुनबमोजिम कारवाहीको व्यवस्था मिलाइने प्रावधान पनि राखिएको छ ।

गण्डकी प्रदेश आमसञ्चार विधेयकमा इजाजतपत्र नलिइ कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिंक गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुरबापत लाग्ने दस्तुर बराबरको रकम असुल गरी सो बराबरको रकम जरिवाना हुने व्यवस्था छ । २०७५ सालमा तयार पारिएको विधेयकमा असुलउपर गरी सो बराबरको रकम वा १ वर्ष कैद वा दुवै सजायसमेत हुने उल्लेख थियो ।

कसैले प्रकाशन तथा प्रसारण गर्न नहुने दफा ४२ को प्रावधान विपरीत प्रकाशन तथा प्रसारण गरेमा विषयको गाम्भीर्यता हेरी १० हजार रूपियाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था राखिएको छ । २०७५ सालमा तयार पारिएको विधेयकमा विषयको गाम्भीर्यतालाई हेरी २५ हजार रूपियाँसम्म कैद वा दुवै सजाय हुने उल्लेख छ ।

यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्नुपर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा कसुरको मात्रा हेरी ५ हजारदेखि २५ हजार रूपियाँसम्म जरिबाना गर्न सकिने व्यवस्था गरिएको छ । २०७५ सालमा तयार पारिएको विधेयकमा प्रेस रजिस्ट्रारले कसुरको मात्रा हेरी ५ हजारदेखि १ लाख रूपियाँसम्म जरिवाना गर्ने व्यवस्था गरिएको थियो ।

लुम्बिनी प्रदेशले २०७५ सालमा ल्याएको सञ्चार नीतिमा दर्ता नगरिकन सञ्चालित अनलाइन सञ्चार माध्यमलाई कारवाही गरिनेछ भन्ने व्यवस्था राखिएको छ । अनलाइन सञ्चार माध्यम

र पत्रकारिता गर्ने अनलाइनलाई एउटै तरिकाले हेरिएको छ जुन आफैँमा समस्याग्रस्त छ । भ्रामक सूचना सम्प्रेषण गर्नेमाथि सो सूचना वा समाचारले पारेको प्रभाव र समाचार प्रकाशित गर्नेको नियतका सम्बन्धमा साइवर सुरक्षासम्बन्धी कानुनअनुसार कारबाहीको व्यवस्था मिलाइनेछ भन्ने व्यवस्था राखिएको छ । यसो गर्दा साइबर सुरक्षाअनुसार पत्रकारलाई पनि फौजदारी कारबाही हुन सक्छ, यो आफैँमा गलत छ ।

लुम्बिनी प्रदेशले ल्याएको छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको दफा १७ मा प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुने प्रावधान राखिएको छ । यस्तै दफा २२ मा कसैले दफा ५ बमोजिम बुझाउनुपर्ने किताब नबुझाएमा दर्ता अधिकारीले बुझाउनुपर्ने किताबको मूल्य र सो मूल्य बराबरको रकम जरिवाना गर्न सक्नेछ भन्ने प्रावधान राखिएको छ ।

यस्तै प्रमाणपत्र नलिइ छापाखाना सञ्चालन गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्ति वा संस्थालाई ५० हजार रूपियाँ जरिवाना गरिने व्यवस्था राखिएको छ । सोही दफाको उदफदा २ मा कसैले दफा ३ को उपदफा ४ बमोजिम परिवर्तन भएको विवरण नसच्याइ छापाखाना सञ्चालन गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्ति वा संस्थालाई ३० हजार रूपियाँ जरिवाना गर्न सक्ने व्यवस्था छ ।

दफा २१ मा कसैले दफा ३ र ७ अनुसार दिएको विवरण जानी जानी झुटा दिएको ठहरेमा निजलाई दर्ता अधिकारीले ३० हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ । दफा २३ मा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमा : कुनै प्रकाशकले दफा ६ र ९ अनुसार किताब वा पत्रपत्रिकामा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमा त्यस्तो प्रकाशकलाई दर्ता अधिकारीले ५ हजार रूपियाँ जरिवाना गर्न सक्नेलगायतका प्रावधान छन् ।

लुम्बिनी प्रदेशले २०७५ सालमा प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन बनायो । जसमा दफा १७ मा कसैले प्रसारण संस्थाको इजाजतपत्र नलिइ वा कार्यक्रम प्रसारणको स्वीकृति नलिइ कुनै कार्यक्रम प्रसारण गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्रबापत लाग्ने दस्तुर वा शुल्क असुल गरी सो बराबराको रकम जरिवाना हुने व्यवस्था राखिएको छ । दफा २ मा कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्य गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले ५ हजारदेखि ३० हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ भन्ने प्रावधान छ । कारबाही गर्दा पनि सोही कसुर दोहोराएमा रकमको दोब्बर जरिवाना गरिने पनि उल्लेख छ । विधेयकमा राखिएको १ वर्षसम्मको कैद सजाय ऐनमा हटाइएको छ भने जरिवाना रकममा वृद्धि गरिएको छ । जरिवाना गर्दा पनि सोही कसुर दोहोराएमा इजाजतपत्र रद्द गर्ने व्यवस्था राखिएको छ

तर त्यो भन्दा अघि सफाइ पेस गर्ने मौका पनि दिइएको छ ।

लुम्बिनी प्रदेश सञ्चार माध्यमसम्बन्धी ऐन २०७८ मा दण्ड सजायका प्रावधानहरु धेरै राखिएको पाइन्छ । ऐनको मूल भागमा प्रचलित कानुनबमोजिम हुनेछ भन्ने उल्लेख छ तर व्याख्यात्मक टिप्पणीमा इजाजतपत्र नलिइ कुनै कार्यक्रम प्रसारण गरेमा, रजिस्ट्रारले इजाजतपत्रबापत लाग्ने दस्तुर र प्रसारण वा वितरण शुल्क असुल गरी सोही रकम बराबरको रकम जरिवाना वा १ वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ । यस्तै दर्ता नगरी कुनै प्रकाशन प्रकाशित गरेमा त्यस्तो व्यक्तिलाई रजिस्ट्रारले ५ हजार रूपियाँसम्म जरिवाना र ६ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने, जानी जानी झुटा विवरण दिएको ठहरेमा रजिस्ट्रारले १० हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ ।

यस्तै विवरण उल्लेख नगरेमा रजिस्ट्रारले ५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने, रोक लगाइएका विदेशी प्रकाशन पैठारी गरेमा १० हजार रूपियाँसम्म जरिवाना र प्रकाशन जफत गर्न सक्ने, प्रतिबन्धित वा निषेधित प्रकाशन निकासी वा बिक्री वितरण गरेमा १० हजार रूपियाँसम्म जरिवाना र जफत गर्न सक्ने व्यवस्था छ । यस्तै दर्ता नगरी अनलाइन सञ्चालन गरेमा ५ हजार रूपियाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै हुने, विवरण उल्लेख नगरेमा वा उल्लेख गरेको विवरण झुटा ठहरेमा ५ हजार रूपियाँसम्म जरिवाना हुन सक्ने, आदेश उल्लङ्घन गरेमा १० हजार रूपियाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने प्रावधान राखिएको छ ।

कानुनको पालना गर्नु सबै नागरिकको कर्तव्य हो । र, कानुनको उल्लङ्घन गर्नेहरूलाई कारबाही गर्नुपर्ने हुन्छ । तर परिच्छेद ८ को दफा ६८ देखि ८७ सम्म मिडिया सञ्चालक र पत्रकारलाई देवानी र फौजदारी सजाय हुने विभिन्न प्रावधानहरु राखिएको छ । जुन प्रावधानहरु व्याख्यात्मक टिप्पणीमा राखिएको छ ।

मिडिया सञ्चालक वा पत्रकारले मिडियामा प्रकाशन वा प्रसारण भएकै कारण फौजदारी मुद्दामा कारागार जानुपर्ने विवादास्पद विषय हो । मिडिया सञ्चालक वा पत्रकारले अपराधजन्य कार्य गरेमा राज्यका अरु कानुनहरु आकर्षित हुन सक्छन् तर मिडियामा आएका विषयलाई आधार बनाएर फौजदारी मुद्दाअन्तर्गत कारागार जाने वातावरण बनाउनु कुनै हिसाबले पनि उपयुक्त देखिँदैन । त्यसैगरी अदालतको प्रक्रियाभन्दा अगाडि नै जरिवाना गर्ने प्रावधानले पनि प्रेस स्वतन्त्रतामाथि अङ्कुश लगाउँछ । सुदूरपश्चिम प्रदेशको रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा बनेको विधेयकको दफा नं. १५ मा कसैले ऐन वा ऐनअन्तर्गत बनेका नियमविपरित कुनै कार्यक्रम, विज्ञापन, समाचार सामग्री प्रसारण गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई १० हजारदेखि १ लाख रूपियाँसम्म जरिवाना गर्न सक्ने प्रावधान राखिएको छ ।

सूचना प्रविधिसम्बन्धी विधेयकमा सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने विषय सम्प्रेषण भएमा कसुरको मात्रा हेरी ५ लाख रूपियाँसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै सजाय हुने उल्लेख छ ।

- *सुविधामा रोक*

मधेस प्रदेशमा २०७५ सालमा एकीकृत सञ्चार विधेयक, २०७५ को मस्यौदा तयार पारिएको थियो । २०७६ साल जेठमा प्रदेश सभामा विधेयक पेस भएको थियो । ऐनको परिच्छेद ५ ले श्रमजीवी पत्रकारको सेवा, सर्त र सुविधासम्बन्धी व्यवस्था गरेको छ । ऐनमा न्यूनतम पारिश्रमिक भन्दा कम दिन नपाइने, श्रमजीवी पत्रकारसम्बन्धी ऐन नियम लागु नगर्नेलाई सुविधा रोक लगाउनका लागि सम्बन्धित निकायलाई सिफारिस गर्न सक्ने प्रावधान छन् । जसमा सञ्चार संस्थानलाई प्रचलित कानुनबमोजिम आमसञ्चार माध्यमको श्रेणी विभाजनमा समावेश नगर्ने, प्रदेश सरकारबाट दिने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न, सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउने, सरकारी भ्रमण दलमा सहभागी नगराउन र प्रदेश सरकारले आमसञ्चार संस्थालाई उपलब्ध गराउने अन्य सुविधामा रोक लगाउन सिफारिस गर्न सक्ने व्यवस्था छन् । यसैगरी ऐनको दफा ४५ को (ग) ऐन विपरीत काम गरेको देखिएमा प्रदेश सरकारले सञ्चार माध्यमको सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन सक्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी आमसञ्चार विधेयकको दफा ४२ मा कुनै सञ्चार प्रतिष्ठानले ऐन वा ऐनअन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा प्राधिकरणले त्यस्तो सञ्चार प्रतिष्ठानलाई सुविधा प्रदान गर्नबाट रोक लगाउन सिफारिस गर्न सक्छ । जसमा सञ्चार प्रतिष्ठानलाई श्रेणी विभाजनमा समावेश नगर्ने, अनुदान वा विज्ञापनमा रोक्न लगाउन सक्नेलगायत छन् ।

- *यन्त्रहरू जफत*

मधेस प्रदेशमा २०७५ सालमा एकीकृत सञ्चार विधेयक, २०७५ दफा ६२ मा पत्रपत्रिकाको अभिलेखीकरण नगराइ प्रकाशन तथा बिक्री वितरण गरेमा वा विवरण परिवर्तन गरेको अभिलेख संशोधन नगराइ प्रकाशन तथा बिक्री वितरण गरेमा प्रकाशनका लागि प्रयोग भएका यन्त्र/उपकरणहरु जफत हुने उल्लेख गरिएको छ । ऐनको दफा ६३ मा अभिलेखीकरण नगराइ अनलाइन सञ्चार माध्यम सञ्चालन गरेमा वा विवरणहरु बेवसाइटको मुख्य पृष्ठमा नराखेमा अनलाइन सञ्चालनमा प्रयोग भएका यन्त्रहरु जफत गर्ने उल्लेख छ ।

आमसञ्चार विधेयकमा पनि इजाजत्रपत्र नलिइ कार्यक्रम उत्पादन, प्रकाशन, प्रसारण वा

डाउनलिङ्क गरेमा यन्त्रहरु जफत गर्ने प्रावधान राखिएको छ । यी प्रावधान नेपालको संविधान विपरित देखिन्छन् ।

- *नियुक्ति र हटाउने प्रावधान*

विधेयकहरूमा मिडियासम्बन्धी संरचनाहरूको प्रमुखमा मन्त्री वा सचिव रहने, सरकारले नियुक्त गर्ने वा नियुक्तिका लागि सिफारिस समितिमा मन्त्री वा सचिवलाई राख्नमा जोड दिएको पाइन्छ ।

आमसञ्चार विधेयकको दफा ६ मा आमसञ्चार प्राधिकरणको अध्यक्ष नियुक्तिका लागि सञ्चार तथा सूचना मन्त्रीको संयोजकत्वमा सिफारिस समिति गठन गर्न सक्ने प्रावधान राखिएको छ । राजनीतिक व्यक्ति मन्त्री हुने र मन्त्री नै सिफारिस समितिको अध्यक्ष बस्दा सिफारिस समितिले निष्पक्ष भएर काम गर्ने अवस्था हुँदैन । त्यस अतिरिक्त सरकारले गठन गरेको समितिको छानविनबाट निज अध्यक्ष र सदस्य पदमा रहिरहन उपयुक्त नभएको सिफारिस प्राप्त भएमा हटाउन सकिने व्यवस्था राखिएको छ । पदबाट हटाउन पूर्वसफाइ पेस गर्ने अवसर प्रदान गरिने विधेयकमा उल्लेख छ ।

त्यसैगरी नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा अध्यक्ष पद नियुक्तिका लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा एक सिफारिस समिति गठन गरिने जसमा कानुन, सूचना प्रविधि वा सामाजिक क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति सदस्य, वरिष्ठ पत्रकारमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति सदस्य हुने व्यवस्था छ । सचिवको अध्यक्षतामा सिफारिस समिति बनाउने प्रावधानको नेपाल पत्रकार महासंघ लगायतले विरोध गरेका छन् ।

त्यसैगरी विधेयकमा अध्यक्ष तथा सदस्यको पदावधि सम्बन्धमा नेपाल सरकारले अध्यक्ष वा सदस्यलाई निजको पदावधि सकिनुअगावै पदबाट हटाउन सक्ने व्यवस्था छ । विधेयकमा पदाधिकारीहरु हटाउने प्रक्रियासमेत उल्लेख छैन भने काम सन्तोषजनक नभएमा पनि हटाउने प्रावधानमा व्याख्याको क्षेत्र असीमित भएकाले सरकारले चाहेको बखत हटाउन सक्ने देखिन्छ ।

त्यसैगरी सार्वजनिक सेवा प्रसारण विधेयकमा सार्वजनिक सेवा प्रसारण संस्थाको नीति निर्माण गर्न तथा संस्थाले सम्पादन गर्नुपर्ने कार्यका लागि निर्देशन दिन सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा परिषद् गठन गर्ने व्यवस्था गरियो । नेपाल सरकारले नियुक्त गरेको व्यक्ति कार्यकारी समिति अध्यक्ष हुने व्यवस्था छ । अध्यक्षलाई सरकारले हटाउन सक्ने प्रावधान पनि छ ।

विज्ञापन बोर्डमा पनि नेपाल सरकारले नियुक्त गरेका व्यक्ति अध्यक्ष हुने प्रावधान राखिएको छ । अध्यक्षको कार्यावधि ४ वर्ष तोकिएको छ । काम सन्तोषजनक नदेखिएमा, बोर्डको हित विपरित कुनै काम गरेमा वा खराब आचरण भएमा वा कार्य सम्पादन नगरी निष्क्रिय भएमा पदावधि पूरा नहुँदै कारण खुलाइ जुनुसुकै बखत पदमुक्त गर्न सक्ने व्यवस्था छ । यस्तो प्रावधानले सरकारले चाहेको बेला आरोप लगाएर अध्यक्षलाई पदमुक्त गर्न सम्भावना रहन्छ ।

प्रदेश नं. १ को प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयकमा प्रदेश मिडिया काउन्सिलको व्यवस्था गरिएको छ । तर काउन्सिललाई स्वायत्त र स्वतन्त्र बनाउनेतिर ध्यान दिइएको छैन । सम्बन्धित मन्त्रालयको एउटा एकाइका रूपमा हेर्न खोजिएको छ ।

विधेयकमा सञ्चार क्षेत्र हेर्ने मन्त्रीको संयोजकत्वमा काउन्सिलको अध्यक्ष सिफारिस गर्ने समिति बनाउने उल्लेख छ । मन्त्रीको अध्यक्षतामा सिफारिस समिति बनाउँदा राजनीतिक छत्रछायाँबाट बाहिर जान सक्ने निकै कम हुन्छ । त्यसैगरी जुनुसुकै कुरा लेखिएको भए तापनि कार्यक्षमताको अभाव वा खराब आचरण देखिएमा काउन्सिलको अध्यक्ष र सदस्यलाई प्रदेश सरकारले जुनसुकै बेला पदमुक्त गर्न सक्ने उल्लेख छ । सरकार बदलिँदा साथ राजनीतिक आग्रह तथा पूर्वाग्रह हुने सक्ने भएकाले र काउन्सिलमा पदाधिकारीहरूले पूरा समय काम गर्न सक्ने सम्भावना कम रहने देखिन्छ । विधेयकमा काउन्सिलले प्रदेश सरकारसँग सम्पर्क गर्नुपर्दा सञ्चार क्षेत्र हेर्ने मन्त्रालयमार्फत गर्नुपर्ने उल्लेख छ । यसले काउन्सिल स्वायत्त नभएर मन्त्रालयको एकाइका रूपमा जस्तै हुन सक्ने सम्भावना रहन्छ ।

मधेस प्रदेशमा तयार पारिएको एकीकृत सञ्चार विधेयक, २०७५ मा मिडिया काउन्सिलको अध्यक्ष र पदाधिकारीहरू मन्त्रिस्तरीय निर्णयबाट गर्ने उल्लेख थियो । सिफारिस गर्ने संयन्त्रविना मन्त्रिस्तरीय निर्णयबाट हुने नियुक्तिले काउन्सिल स्वशासित संस्था हुन सक्दैन । विधेयकमा काउन्सिलका पदाधिकारीलाई निलम्बन तथा पदमुक्त गर्न सक्ने प्रावधान राखिएकामा ऐनमा सो प्रावधान हटाइएको छ । विधेयकमा सञ्चार प्रतिष्ठानका पदाधिकारीहरूलाई चेतावनी दिन र निलम्बन गर्न सक्ने व्यवस्था गरिएकामा ऐनमा सो प्रावधान हटाइएको छ । मधेस प्रदेशले तयार पारेको प्रदेश सञ्चारसम्बन्धी विधेयकमा आमसञ्चार प्राधिकरणको अध्यक्ष मन्त्रिपरिषद्बाट नियुक्त हुने र सदस्य मन्त्रिस्तरीय बैठकबाट हुने उल्लेख छ । त्यसैगरी मिडिया काउन्सिलको अध्यक्ष मन्त्रालयको सिफारिसमा सरकारले नियुक्त गर्ने व्यवस्था राखिएको छ । त्यसैगरी आमसञ्चार प्राधिकरण विधेयकको दफा ३३ पनि प्रदेश सञ्चारकै प्रावधान उल्लेख गरेको पाइन्छ ।

लुम्बिनी प्रदेश सञ्चार माध्यमसम्बन्धी विधेयकको दफा ५२ मा सञ्चार समन्वय परिषद् स्थापना गर्ने उल्लेख छ । परिषद्को अध्यक्षमा सञ्चार, कानुन, सार्वजनिक प्रशासन वा व्यवस्थापन विषयमा स्नातकोत्तर  राखिए पनि नियुक्ति प्रक्रियाका बारेका प्रष्ट पारिएको छैन ।

गण्डकी प्रदेशले २०७५ सालमा गण्डकी प्रदेश आमसञ्चारसम्बन्धी विधेयक २०७५ तयार पारेको थियो । विधेयकमा गण्डकी प्रदेश सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्रीको अध्यक्षमा सञ्चार समन्वय समिति गठन हुने र त्यसमा मन्त्रालयका सचिव र मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव सदस्य, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष, रेडियो, टेलिभिजन, छापा र अनलाइन सञ्चालक संस्थामध्ये मन्त्रालयबाट मनोनीत कम्तीमा २ जना महिलासहित ४ जना सदस्य रहने र प्रेस रजिस्ट्रार सदस्यसचिव रहने व्यवस्था छ ।

मनोनीत सदस्यको पदावधि २ वर्षको हुने र मनोनीत सदस्यको कार्य सन्तोषजनक नभएमा मन्त्रालयले निजलाई पदावधि पूरा हुनुअगाडि नै पदमुक्त गर्न सक्ने प्रावधान राखिएको छ । सरकारको अनुकूल नभएका जुनसुकै बेला पनि हटाउँदा अस्थिर बन्ने सम्भावना हुन्छ । त्यसैगरी कुनै न कुनै रूपमा सम्झौता गर्ने वा डरमा रहनुपर्ने हुन सक्छ ।

## ● *संस्थागत स्वायत्तताको प्रश्न*

विधेयकमा प्रेस काउन्सिल नेपाललाई स्वायत्तको अधिकार दिइएन । स्वशासित संस्था भनियो । विधेयकको दफा ३ को (१) मा स्वतन्त्र नियमनकारी संस्थाका रूपमा उल्लेख गरियो । २०७६ साल वैशाख २७ गते नेपाल पत्रकार महासङ्घले प्रेस विज्ञप्ति जारी गरी मिडिया काउन्सिल विधेयकको विरोध गर्दै त्यसका विरूद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्‍यो । प्रेस काउन्सिलसहित सरोकार पक्षसँगको छलफल र सहमतिबिना संसद्मा दर्ता गरिएको उक्त विधेयकका प्रावधानहरूले मिडिया काउन्सिललाई सरकार नियन्त्रित अङ्गका रूपमा स्थापित गर्ने महासङ्घको भनाइ थियो । र, काउन्सिल विधेयकको विरोधमा महासङ्घले दबाबमूलक कार्यक्रम गर्‍यो । सङ्घीय संसद् प्रतिनिधि सभाका सभामुख, नेकपाका  संसदीय दलका नेता, नेकपा महासचिवलगायतलाई ध्यानाकर्षणपत्र बुझायो । प्रेस काउन्सिल नेपालले पनि मिडिया काउन्सिल विधेयकको विरोध गर्‍यो । विधेयकबारे प्रेस काउन्सिल नेपालका तत्कालिन कार्यबाहक अध्यक्ष किशोर श्रेष्ठको भनाइ थियो– पाइला पाइलामा सरकारसँग सोधेर मन्त्रालयसँग सोधर मात्रै चल्नुपर्ने गरी ठिङ्गुराएर राखिएको अवस्थामा छ मिडिया काउन्सिल विधेयक ।[३५] तर पछि सत्तारूढ दल नेकपाका नेताहरूले महासङ्घले उठाउँदै आएको मिडिया काउन्सिलको स्वायत्तता, गठन

३५ नागरिक, २०७६ ।

प्रक्रिया, दण्ड/जरिवानालगायतका सरोकारहरूलाई सम्बोधन गर्ने तथा सञ्चारसम्बन्धी अन्य विधेयकमा पनि महासङ्घसँग छलफल गरी अघि बढाउने लिखित प्रतिबद्धता गरेपछि महासङ्घले आन्दोलनका कार्यक्रम स्थगित गर्‍यो ।

महासङ्घले मिडिया काउन्सिल विधेयकमा सुझावहरू पेस गर्‍यो । जसमा प्रेस काउन्सिललाई थप स्वायत्त र स्वतन्त्र बनाइनुपर्ने, न्याय क्षेत्रका व्यक्ति काउन्सिलको प्रमुख नेतृत्व हुनुपर्ने, पत्रकार आचारसंहिता उल्लङ्घनमा कुनै पनि दण्ड/जरिवाना वा क्षतिपूर्तिका प्रावधान राख्न नहुने तथा काउन्सिलमा सरकारको कुनै पनि हस्तक्षेप हुन नहुने र पत्रपत्रिका वर्गीकरण गर्ने जस्ता काम काउन्सिलबाट अलग गर्नुपर्नेलगायतका प्रस्ताव थिए । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको बैठकले मिडिया काउन्सिल विधेयकका केही बुँदा संशोधन गर्नुका साथै केही बुँदा थप गर्‍यो । महासङ्घले प्रस्तुत गरेका केही बुँदालाई आंशिकरूपमा सम्बोधन गरिए पनि पत्रकारलाई सरकारी निकायबाट जाँच लिइ लाइसेन्स दिने जस्ता प्रावधान थपिएकामा असहमति जनायो । राष्ट्रिय सभाको विधायन समितिबाट विधेयकमा दण्ड, जरिवाना र क्षतिपूर्तिको प्रावधान हटाइयो भने काउन्सिल स्वायत्त हुने प्रावधान थप गरियो । नयाँ आउने पत्रकारका लागि प्रवेश परीक्षा अनिवार्य गरियो । प्रवेश परीक्षा अनिवार्य गरिएकामा विरोध भयो । सो प्रावधानलगायतलाई संशोधन गरी राष्ट्रिय सभाबाट विधेयक पारित भयो । तत्कालीन सूचना तथा सञ्चार मन्त्री गोकुलप्रसाद बाँस्कोटाले मिडियाको हातमा सधैँ नाङ्गो तरबार नहोस् भन्ने उद्देश्यले विधेयक ल्याएको दाबी गरेका थिए ।[३६]

यसैगरी सरकारको मातहतमा रहेका नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण गर्न सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न विधेयक ल्याइयो । सार्वजनिक प्रसारण सेवा हुनका लागि केही निश्चित पक्ष हुनुपर्ने हुन्छ । कार्यक्रम सामग्रीमा मूलतः बृहत् विचार, धारणा, गुणस्तरीयता, सन्तुलित र निष्पक्षता सुनिश्चित गर्ने व्यवस्था हुनुपर्छ । सरकारबाट प्राप्त हुने रकमको विषयमा स्वतन्त्रता र कार्यक्रममा असर नपर्ने सुनिश्चितता हुनुपर्छ । हस्तक्षेप नहुने गरी स्वयत्तताको पनि व्यवस्था हुनुपर्छ ।[३७] तर संसद्मा दर्ता गरिएको विधेयकमा स्वायत्त र स्वतन्त्रताको प्रत्याभूत पनि गरिएको छैन । विधेयकमा स्वशासित र सङ्गठित संस्था हुने उल्लेख छ । त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका एसोसिएट प्रोफेसर डा. कुन्दन अर्यालका अनुसार विधेयकमा स्वायत्त बनाउने अवधारणा नै छैन ।[३८]

३६ कारोबार दैनिक, २०७६ ।

३७ सेन्टर फर मिडिया रिसर्च नेपाल, २०७७ ।

३८ २०७९ साल साउन १३ गते सेन्टर फर मिडिया रिसर्च नेपालले काठमाडौँमा आयोजना गरेको कार्यक्रममा व्यक्त विचार ।

सामग्री र कार्यक्रममा निष्पक्षताको सुनिश्चितता छैन । काम, कर्तव्य र अधिकारमा सीमितता गरिएको छ । विधेयकमा नेपाल सरकारले सार्वजनिक सेवा प्रसारण संस्थालाई आवश्यकताअनुसार अनुदान निर्देशन दिन सक्ने उल्लेख छ ।

मधेस प्रदेशले २०७५ सालमा तयार पारेको एकीकृत सञ्चार विधेयकमा पनि स्वायत्त संस्थाका रूपमा हेरिएको थिएन । विधेयकको दफा ५ मा काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुने उल्लेख छ । प्रदेश सञ्चारसम्बन्धी विधेयकमा आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलको व्यवस्था गरिएको छ । तिनीहरूलाई पनि स्वायत्त भन्दा पनि स्वशासित बनाउने प्रावधान विधेयकमा छ ।

लुम्बिनी प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा बनेको ऐनमा सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान स्थापना गर्ने उल्लेख छ । यसको परिषद्को अध्यक्षमा मुख्य मन्त्री राख्ने व्यवस्था छ ।

कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा सूचना तथा आमसञ्चार माध्यमको सञ्चालन, व्यवस्थापन, प्रशिक्षण, अभिलेखीकरण र आमसञ्चार तथा सूचना प्रविधि क्षेत्रको प्रबर्द्धनका लागि मन्त्रालयलाई राय दिन कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनाको व्यवस्था छ । प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यहरू सञ्चालन गर्न तथा गराउन र प्रतिष्ठानको सम्पूर्ण काम/कारबाहीको रेखदेख गर्नका लागि मन्त्रीको अध्यक्षतामा सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान गठन भएको छ ।

ऐनको दफा नं. ३ को उपदफा २ को १ मा मन्त्रालयको मन्त्रीको अध्यक्षतामा मिडिया बोर्ड गठनको प्रावधान राखिएको छ । मुख्य समस्या यही हो । मन्त्रालयको मन्त्री अध्यक्ष हुने बोर्डमा मन्त्रालयको सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवचाहिँ सदस्य हुनुका साथै मन्त्रालयको सुरक्षा समन्वय महाशाखा प्रमुख सदस्यसचिव रहने प्रावधान राखिएको छ जसले गर्दा बोर्डमा सरकारी दबदबा रहने देखिन्छ र त्यसैका कारण बोर्ड स्वतन्त्र तथा निष्पक्ष हुन सक्ने देखिँदैन । सरकारले चाहेमा यसलाई प्रयोग गरी मिडियामाथि नियन्त्रण बढाउन सक्छ । दफा ४ को उपदफा २ मा प्रदेश मिडिया बोर्डको सचिवालय आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा रहने उल्लेख छ जसले बोर्डको स्वायत्तता र स्वतन्त्रतामाथि प्रश्न उठाउँछ ।

प्रतिष्ठानको प्रशासकीय प्रमुखका रूपमा दैनिक प्रशासन सञ्चालन गर्नका लागि प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा कार्यकारी निर्देशक नियुक्त गर्ने व्यवस्था पनि मस्यौदामा छ । कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारमा आर्थिक तथा प्रशासनिक कार्य सम्पादन गर्ने, वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन र परिषद्ले तोकेका

अन्य काम गर्ने व्यवस्था राखिएको छ । कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी इमानदारीपूर्वक पूरा नगरेमा वा कार्य सन्तोषजनक नदेखिएमा वा खराब आचरणमा लागेको छ भन्ने परिषद्लाई लागेमा परिषद्को सिफारिसमा प्रदेश सरकारले पदावधि समाप्त नहुँदै निर्देशक पदबाट हटाउन सक्ने व्यवस्था पनि राखिएको छ ।

- *सरकारले निर्देशन दिन सक्ने*

सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्ने विधेयकमा वित्तीय व्यवस्थापनमा जनताको स्रोतलाई भन्दा सरकारी अनुदानलाई प्राथमिकता दिइएको छ । जनता र संसद्प्रति नभइ सरकारप्रति उत्तरदायी बनाइएको छ । सरकारले निर्देशन दिन सक्ने प्रावधान पनि राखिएको छ । सरकारले अन्तर्राष्ट्रिय मान्यता र आधारभूत सिद्धान्तविपरीत सार्वजनिक सेवा प्रसारणलाई सरकारी स्वामित्व र नियन्त्रणमा राख्ने प्रस्ताव गर्‍यो ।[३९] विधेयक संसद्मा दर्ता भएपछि २०७७ असार ३० गते महासङ्घले परिमार्जन र सुधार गर्न आग्रह गर्दै भन्यो– विधेयकमा नाम सार्वजनिक सेवा प्रसारण राखिए पनि यसको परिभाषा, गठन विधि, उद्देश्य, संरचना, नियुक्ति प्रक्रिया, प्रतिनिधित्व तथा काम कर्तव्य अधिकारलगायत उल्लिखित कैयौँ प्रावधानहरूले सार्वजनिक सेवा प्रसारणका मान्यतालाई अङ्गीकार गर्न सकेका छैनन् । यसमा भएका प्रावधानले त अहिले सरकारी स्वामित्वमा सञ्चालित रेडियो नेपाल र नेपाल टेलिभिजनलाई थप सरकारी नियन्त्रण कायम राख्ने र सरकारप्रति अझ बढी बफादार बनाउन खोजेको देखिन्छ ।

कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठानलाई सरकारले निर्देशन दिन सक्ने व्यवस्था पनि राखिएको छ । विधेयकको दफा १८ मा प्रदेश सरकारले ऐनको उद्देश्य कार्यान्वयन आवश्यक देखेका नीतिगत कुराका सम्बन्धमा प्रतिष्ठानलाई निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुने पनि मस्यौदामा उल्लेख छ ।

- *सरकारले सञ्चार माध्यम चलाउने*

मधेस प्रदेशमा तयार पारिएको एकीकृत सञ्चार विधेयक, २०७५ मा सरकारले पत्रपत्रिका, रेडियो, टेलिभिजन चलाउने प्रावधान राखिएको थियो । लोकतन्त्रमा सरकारले मिडिया सञ्चालन गर्नु उपयुक्त होइन । ऐन बनाउँदा भने सरकारले मिडिया सञ्चालन गर्ने प्रावधान हटाएको छ ।

यसैगरी वाग्मती प्रदेश सरकारले सरकार–नियन्त्रित टेलिभिजन, रेडियो, पत्रिका र छापाखाना चलाउन प्रदेश सरकारले बजेट नै ल्याएको थियो । २०७८ असार १ गते ल्याइएको आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा आमसञ्चार गृह स्थापना र

---

३९ झा, २०७७ ।

सञ्चालन गर्न रू. १० करोड बजेट विनियोजन गरिएको भए पनि विरोध भएपछि सरकारी सञ्चार माध्यम सञ्चालन गर्ने प्रयासबाट वाग्मती प्रदेश पछि हट्यो ।

कर्णाली प्रदेशको सार्वजनिक प्रसारण सम्बन्धमा कानुन व्यवस्था गर्न बनेको विधेयकमा प्रदेश सरकारले रेडियो, एफएम र टेलिभिजन सञ्चालन गर्न चाहेमा तोकिएको सर्त पूरा गरी सञ्चालन गर्न सक्ने प्रावधान राखिएको थियो । ऐन बनाउँदा हटाइएको छ । तर पनि कर्णाली प्रदेशमा सरकारले मिडिया चलाउने प्रयास जारी छ । कर्णाली प्रदेशको पूर्वआन्तरिक मामिला तथा कानुन मन्त्री सीता नेपालीको सरकारले गरेका सत्य तथ्य कामहरू जनताबीच लैजान सरकारले मिडिया चलाउनुलाई अन्यथा मान्न नमिल्ने भनाइ छ ।[४०] लोकतन्त्रमा सरकारले मिडिया चलाउनु उपयुक्त हुन्न । तर सरकारले सत्य तथ्य कुरा राख्न आफ्नो मिडिया सञ्चालन गर्नुपर्छ भन्ने कर्णाली प्रदेशको भनाइ छ ।

## ● *अधिकार कटौतीको प्रयास*

वाग्मती प्रदेशमा प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी विधेयक २०७५ अनुसार सञ्चार रजिस्ट्रारको व्यवस्था गरियो । विधेयकको दफा ३६ मा रजिस्ट्रारलाई प्रशासनिक र आर्थिक कार्यको पनि अधिकार दिइएको थियो । तर त्यसलाई पछि संशोधन गर्ने प्रयास गरियो । जसमा सञ्चार रजिस्ट्रार कार्यालयको दैनिक एवं प्रशासनिक कार्य हेर्ने प्रशासकीय प्रमुखका रूपमा कम्तीमा अधिकृत नवौँ वा सोसरहको निर्देशक राख्ने उल्लेख थियो । अधिकार कटौतीको विरोध भयो । त्यसपछि बैठक गरेर सञ्चार रजिस्ट्रारको प्रशासनिक र आर्थिक अधिकार कटौती नगर्ने सहमति भयो ।[४१] २०७९ सालको पहिलो संशोधनमा सञ्चार रजिस्ट्रारको प्रशासनिक र आर्थिक अधिकार कटौती गरिएन । तर दफा ३१ मा संशोधन गरी सञ्चार रजिस्ट्रारको नियुक्ति नभएसम्म वा १५ दिनभन्दा बढी बिदामा बसेमा वा पद रिक्त भएको अवस्थामा मन्त्रालयको सचिवले सञ्चार रजिस्ट्रारका रूपमा कामकाज गर्न सक्ने प्रावधान थपियो ।

## ● *आचारसंहिता उल्लङ्घनमा क्षतिपूर्ति*

नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा काउन्सिलको काम, कर्तव्य र अधिकारअन्तर्गत काउन्सिलले जारी गरेको आचारसंहिता पालना भए/नभएको विषयमा अनुगमन गर्ने तथा आचारसंहिता उल्लङ्घनको विषयमा उजुरी लिने, उजुरीउपर आवश्यक छानबिन गरी कारबाही गर्ने साथै आमसञ्चार

---

४० २०७८ भदौ १८ गते सेन्टर फर मिडिया रिसर्च नेपालले आयोजना गरेको जुम मिटिङमा व्यक्त विचार ।

४१ हेडम्बा, २०७९ ।

माध्यमबाट प्रसारित तथा प्रकाशित आचारसंहिता विपरितका सामग्री सम्बन्धमा छानबिन र कारबाही गर्ने जस्ता अधिकार दिइएको थियो ।

कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा संवाददातालाई २५ हजार रूपियाँदेखि १० लाख रूपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ । त्यस्तै काउन्सिलबाट जारी आचारसंहिता विपरित कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई क्षति पुगेको भएमा काउन्सिलले त्यस्तो क्षति पुगेको व्यक्ति वा संस्थालाई मनासिब क्षतिपूर्ति भराइदिन सक्नेछ भन्ने प्रावधान थियो । तर विधायन समितिले त्यसमा परिमार्जन गरी काउन्सिलबाट जारी भएको आचारसंहिता विपरित कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारण कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको भनी सम्बन्धित व्यक्तिले दिएको उजुरीउपर जाँचबुझ गर्दा कसैको मर्यादा विपरित वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित आमसञ्चार संस्था र उजुरीकर्ताको बीचमा मेलमिलाप गराउन सक्ने उल्लेख गरियो ।

## ● *प्राथमिकता निर्धारण*

प्रदेश नं. १ को रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी ऐनमा कार्यक्रम उत्पादन तथा प्रसारणको प्राथमिकता तोकिएको छ । प्रदेश स्तरका कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन र पर्यटन, वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखिएको छ भने दशौं बुँदामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए/गरेका महत्वपूर्ण गतिविधिलाई राखिएको छ । त्यसैगरी मधेस प्रदेश एफएम रेडियो र टेलिभिजनको सञ्चालनसम्बन्धी ऐनको दफा १५ मा पनि कार्यक्रम उत्पादन तथा प्रसारणका प्राथमिकताका विषय तोकिएको छ । मधेस प्रदेशले तयार पारेको आमसञ्चार प्राधिकरण २०७९ को दफा १५ मा कार्यक्रमको उत्पादन र प्रसारण गर्दा दिनुपर्ने प्राथमिकताका विषय उल्लेख गरेको पाइन्छ । वाग्मती प्रदेशको प्रदेश सञ्चार माध्यम व्सस्थापनसम्बन्धी ऐनमा पनि कार्यक्रम उत्पादन तथा प्रसारण गर्दाका प्राथमिकताका ११ वटा बुँदा उल्लेख छन् । लुम्बिनी प्रदेशले तयार पारेको सञ्चार माध्यमसम्बन्धी ऐनको २०७८ को दफा १० मा प्राथमिकताका १६ वटा बुँदा उल्लेख छन् । कर्णाली प्रदेश प्रसारण ऐनको दफा १२ मा कार्यक्रमको प्राथमिकताका १० वटा बुँदा र सुदूरपश्चिम प्रदेशको एफएम रेडियो र टेलिजिभन प्रसारणसम्बन्धी ऐन २०७६ को दफा ११ मा १४ वटा बुँदा उल्लेख छन् ।

## ● *प्रसारकको काम निर्धारण*

ऐन तथा विधेयकहरूमा प्रसारकहरूको काम, कर्तव्य र अधिकारहरु तोकिएको छ । मिडिया र पत्रकारले के गर्न हुने र के गर्न नहुने भन्ने विषय पत्रकार आचारसंहिताले निर्देशत गर्छ । तर प्रदेश नं. १ को एफएम रेडियो र टेलिभिजन प्रसारणसम्बन्धी ऐनको दफा १३ मा प्राथमिकताका १० वटा बुँदा छन् ।

मधेस प्रदेश एफएम रेडियो र टेलिभिजनको सञ्चालनसम्बन्धी ऐनमा आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छानविन गरी निर्धारित समयमा प्रसारण गर्ने/गराउनेदेखि प्रसारण संस्थाले तोकिदिएबमोजिम गर्नेसहित ८ वटा बुँदा राखिएको छ । त्यसैगरी मधेस प्रदेशले तयार पारेको एकीकृत सञ्चार विधेयकमा प्रकाशक तथा प्रसारकको काम, कर्तव्य र अधिकार उल्लेख छ । लुम्बिनी प्रदेशको सञ्चारसम्बन्धी ऐनको दफा ४५ मा सञ्चार माध्यमले पालना गर्नुपर्ने ७ वटा बुँदा राखिएको छ ।

यस्तै गण्डकी प्रदेश आमसञ्चारसम्बन्धी विधेयकको दफा २३ मा, वाग्मती प्रदेश सञ्चारसम्बन्धी ऐनको दफा १७ मा प्रसारकको काम, कर्तव्य र अधिकार उल्लेख छ । कर्णाली प्रदेशको प्रसारण ऐनको दफा १४ मा ७ वटा बुँदामा प्रसारकको काम, कर्तव्य र अधिकार उल्लेख छ । त्यसैगरी सुदूरपश्चिम प्रदेशको प्रसारणसम्बन्धी ऐनको दफा १२ मा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने व्यक्ति तथा संस्थाले पालना गर्नुपर्ने ५ वटा सर्त राखिएको छ ।

प्राथमिकता तोक्ने र सर्त तोक्ने कुराले स्वेच्छाचारिता हुने र त्यस्ता सर्तको दुरूपयोग हुने सम्भावना रहन्छ । त्यसमाथि सामग्री प्रसारण तथा प्रकाशनमा पूर्वसर्त राख्नु प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य मान्यता विपरितको कार्य हो ।

- *केही पक्षमा सुधार*

२०७४ सालदेखि २०७९ असारसम्मलाई नियाल्दा मिडियाका नीति नियम र ऐन बनाउँदा परिष्कृत र परिमार्जन भएको पाइन्छ । सुरूमा ऐन बनाउँदा एफएम रेडियो र टेलिभिजनका लागि छुट्टै र छापाखानाका लागि छुट्टै ऐन ल्याएको पाइन्छ । त्यसलाई परिमार्जन गरी पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन सबैलाई समावेश गरी ऐन ल्याउन थालिएको छ । लुम्बिनी प्रदेशमा सञ्चारसम्बन्धी विधेयक पारित भएको छ । प्रदेश नं. १, गण्डकी प्रदेश र मधेस प्रदेशमा सबैलाई समावेश गरेर एउटै विधेयक ल्याउने तयारी भएको पाइन्छ ।

विषयका हिसाबले विचार तथा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र दण्ड/जरिवानाको

प्रावधानहरूमा पनि परिष्कृत भएको पाइन्छ । मिडिया काउन्सिल विधेयक ल्याउँदा धेरै क्षेत्रबाट विरोध भएपछि परिमार्जित गरी प्रेस काउन्सिल नेपाललाई स्वायत्त संस्था बनाउने, प्रेस काउन्सिलले नै जरिवाना गर्ने प्रावधान हटाउनेलगायतका प्रावधानसहित विधेयक राष्ट्रिय सभाबाट पारित भएको छ । नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले राष्ट्रिय सभाबाट पारित विधेयकबाट केही प्रावधान हटाउनु सकारात्मक भएपनि विधेयकमा अझैपनि सुधार गर्न जरूरी छ ।[४२]

एफएम रेडियोको इजाजतपत्र रद्द गर्ने प्रावधान हटाउन थालिएको छ । मिडिया सञ्चालक र पत्रकारलाई फौजदारी सजायलगायत प्रावधानहरू हटाउनेतर्फ पनि प्रदेशहरू अग्रसर भएका पाइन्छ ।

नीति तथा विधेयकहरू ल्याउँदा सरोकारवालाहरूसँग परामर्श भएन भन्ने व्यापक गुनासो रहेकामा संवाद र छलफलको प्रक्रिया बढाएको पाइन्छ । मिडियाका नीति तथा कानुनहरू ल्याउने प्रक्रियामा भएका केही सुधार सकारात्मक भए पनि पर्याप्त छैनन् ।

●■●■

४२ २०७९ साल साउन १३ गते सेन्टर फर मिडिया रिसर्च नेपालले काठमाडौँमा आयोजना गरेको कार्यक्रममा व्यक्त विचार ।

# निष्कर्ष तथा सुझाव

मुलुक सङ्घीयतामा प्रवेश गरेपछि संविधानले तोकेको क्षेत्राधिकारभित्र सरकार (सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार) ले मिडियासम्बन्धी नियम कानुन बनाउने प्रक्रिया सुरू गरेका हुन् । केही कानुन बनेका छन् भने केही बन्ने प्रक्रियामा छन् । सङ्घको तुलनामा प्रदेशमा मिडियासम्बन्धी धेरै कानुन बनेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहमा मिडियासम्बन्धी विधेयकहरू ल्याउँदा नेपालको संविधान २०७२ द्वारा प्रदत्त अधिकारहरूलाई थप प्रबर्द्धन गर्ने भन्दा पनि प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचित पार्नेखालका प्रावधान राखिएका छन् जसले गर्दा तीनै तहका सरकारले जुनसुकै बेला पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता खोस्न सक्ने खतरा छ ।

मिडियासम्बन्धी कानुन निर्माण प्रक्रियामा केन्द्रदेखि स्थानीय तहसम्म नै समस्या देखिएको छ । विधेयक तयार पार्ने क्रममा सरोकारवालाहरूसँग बृहत् छलफल र परामर्श गरेको पाइँदैन । कुनैबेला छलफल नै गरेको पाइँदैन भने कुनैबेला निश्चित समूहसँग छलफल गर्ने र त्यसपछि सिधै विधेयक संसद् सचिवालय वा प्रदेश सभामा पेस गर्ने परिपाटी देखिएको छ । विधेयकहरू आउँदा प्रेस र पत्रकारलाई नियन्त्रण र कारबाहीलाई प्राथमिकता दिएको पाइन्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई मर्यादित र व्यवस्थित बनाउने भन्दा पनि स्वतन्त्रता बढी भएको ठान्दै नियमनका नाममा नियन्त्रणतर्फ नै अग्रसर भएको अवस्था छ । र, पहिलेदेखि राख्दै आएको प्रभाव तथा भूमिकाबाट पछि हट्न नचाहेको देखिन्छ ।

संविधानमा उल्लेख भएका अधिकारभित्र रहेर एकल अधिकारको कानुन बनाउन सङ्घ, प्रदेश र स्थानीय तह स्वतन्त्र हुन्छन् । तर साझा अधिकारमा भने परस्पर समन्वय गरेर कानुन बनाउनुपर्ने हुन्छ । यसरी कानुन बनाउँदा सङ्घको कानुनसँग नबाझ्ने गरी प्रदेश कानुन र प्रदेश कानुनसँग नबाझ्ने गरी स्थानीय तहले कानुन बनाउनुपर्ने हो । तर कानुन बनाउने सन्दर्भमा प्रदेश र स्थानीय तहभन्दा केन्द्र धेरै पछि छ । केन्द्रको कानुन निर्माणपछि अरू कानुनहरू बनाएको भए प्रष्ट हुन थप सहज हुनुपर्नेमा स्थानीय तह र प्रदेशले कानुन बनाएपछि सङ्घको कानुन बन्दा कतिपय कानुनमा संशोधन गर्नुपर्ने बाध्यता पनि हुन्छ ।

कानुन बनाउने प्रक्रियामा प्रक्रियागत समस्या पनि देखिएका छन् । सङ्घीय संसद्, प्रदेश सभा र गाउँपालिकामा निश्चित प्रक्रिया छन् । तर प्रदेश र स्थानीय तहमा कानुनका मस्यौदा बनाउनेदेखि सभामा लगेर पेस गरेर पारित गर्ने सवालमा पनि समस्या पाइन्छ । प्रक्रियागतरूपमा नहुँदा कतिपय बेला सांसदहरूले नै आपत्ति जनाएका अवस्था पनि छ ।

सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण गरेबापत पत्रकार तथा मिडिया सञ्चालकलाई कारागार हाल्ने प्रावधान वास्तवमा लोकतन्त्रको मर्म र भावनासँग मेल खाँदैन । तर फौजदारी अभियोग लगाउने गरी सरकारहरु अघि बढेका पाइन्छ । यस्ता प्रावधान राख्दा २०४८ मा तयार भएको छापाखाना तथा प्रकाशन ऐन र २०४९ सालको राष्ट्रिय प्रसारण ऐनलाई आधार मानिएको छ । सङ्घीयतापछि कानुन बनाउने तर पत्रकारलाई अप्ठ्यारो पार्न पुराना कानुनका प्रावधानलाई नयाँ कानुनमा समावेश गर्नुले सरकार र राजनीतिक दलहरूमा पुरानै धङ्धङी बाँकी रहेको बुझ्न सहयोग पुऱ्याउँछ ।

लोकतन्त्रमा सरकारले मिडिया चलाउनुलाई स्वाभाविक मानिँदैन । तर नेपालमा सङ्घ र प्रदेशमा सरकारी मिडिया सञ्चालनमा जोड दिएको पाइन्छ । हुन त सङ्घमा सार्वजनिक सेवा प्रसारणको अवधारणा ल्याइएको छ । सरकारले निर्देशनसमेत दिन सक्ने गरी ल्याइएको सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयकले नाममात्रको सार्वजनिक सेवा प्रसारण बनाउने र व्यवहारमा सरकारकै अधीनस्त बनाउने खतरा पनि उत्तिकै छ ।

प्रेस तथा अभिव्यक्तिका दृष्टिकोणले सङ्घमा पेस भएका विधेयकहरूमा समस्या धेरै छन् । र, सरोकारवालाहरूले विरोध गरेका कारण संसद्बाट अघि बढ्न सकेका छैनन् । तर पनि सरकारले पत्रकार र मिडियाका अधिकारलाई सुनिश्चित गर्ने गरी विधेयकहरु अघि बढाउने सवालमा प्रतिबद्धता व्यक्त गरेका छैनन् । यसले गर्दा अझै पनि सरोकारवालाहरु सरकार र संसद्को नियत सफा छ भन्नेमा विश्वस्त हुन सकेका छैनन् ।

प्रदेशमा पारित भएका कानुन र बन्ने प्रक्रियामा रहेका विधेयकमा समस्या छन् । इजाजत रद्द गर्ने, पत्रपत्रिको दर्ता खारेज गर्नेदेखि सरकारले विभिन्न निकायमा नियुक्ति र हटाउन सक्नेसम्मका प्रावधान राखिएका छन् । त्यसैगरी कानुन उल्लङ्घन गर्नेलाई आर्थिक जरिवानादेखि कारागार हाल्नेसम्मका प्रावधान छन् । विधेयकहरूलाई परिमार्जन गर्ने, कानुनहरु सशोधन गर्ने र नयाँ कानुन बन्ने क्रममा पनि विगतमा भन्दा सुधार भएको अवस्था छ । संविधान र नियम कानुनमा प्रेस स्वतन्त्रताका कुरा गरिए पनि अधिकारहरूलाई सङ्कुचित तथा नियन्त्रण गर्न सक्ने प्रावधानहरु रहेकाले सङ्घ, प्रदेश र स्थानीय सरकारको नियत खराब हुनासाथ जुनसुकै बेला पनि पत्रकार र मिडियालाई अप्ठ्यारोमा पार्न सक्ने देखिन्छ । आगामी दिनमा निम्न बुँदालाई ध्यान दिन जरूरी छ :

- नेपालको संविधानको प्रस्तावनामा उल्लिखित पूर्ण प्रेस स्वतन्त्रताको अवधारणाको मूल मर्म र भावनालाई आत्मसात गरी मिडियाका नीति तथा कानुनहरु बनाउनुपर्छ । पूर्ण प्रेस स्वतन्त्रता भनेको स्वेच्छाचारी हुनु भन्ने अर्थमा बुझिनु हुँदैन । मिडिया र पत्रकार पनि उत्तरदायी र जवाफदेही

पनि हुनुपर्छ । तर पनि अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालाई सङ्कुचन गर्ने प्रावधानहरूसँग कहीँकतै सम्झौता गरिनु हुँदैन ।

- नेपालको संविधानको धारा १७ मा विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र धारा १९ मा रहेको सञ्चारको हकमा प्रावधानहरूमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्ने प्रावधानहरूको थप व्याख्या गरी स्पष्ट पार्न जरूरी छ । संविधानमा रहेका मनासिब प्रतिबन्धका प्रावधानहरू स्पष्ट भएमा प्रदेश र स्थानीय तहमा बन्ने कानुनहरू पनि सोही प्रावधानबाट निर्देशित हुन पुग्छन् र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति पनि हुन सक्छ ।

- सामग्री प्रकाशन तथा प्रसारण गरेबापत इजाजतपत्र खारेज र पत्रपत्रिकाको दर्ता खारेज गर्ने प्रावधान नेपालको संविधानसँग बाझिने कुरा हो । त्यस अतिरिक्त पनि इजाजतपत्र रद्द र दर्ता खारेज गर्ने प्रावधानहरूलाई प्रश्रय दिनु हुँदैन ।

- मिडियाका नीति तथा कानुनहरू निर्माण गर्नुअघि, निर्माण र निर्माणपछि पनि सम्बन्धित पक्षहरूसँग व्यापक छलफल र परामर्श गर्नुपर्छ । र, सरोकारवालाहरूबाट उठाइएका विषयहरूलाई बेलैमा सम्बोधन गर्ने परिपाटी बसाल्न जरूरी छ । पहिला विधेयक ल्याउने, त्यसपछि आलोचना र विरोध हुने, त्यसका कारण विधेयकहरू अघि बढ्न नसक्ने अवस्थालाई हटाउने वातावरण तयार पार्नुपर्छ ।

- पत्रकार र मिडियालाई फौजदारी अभियोग लगाउने प्रावधानहरू मिडियाका कानुनहरूमा राख्न हुँदैन । यसको मतलव मिडिया र पत्रकार कानुन भन्दा माथि र बाहिर हुनुपर्छ भन्ने होइन । व्यक्तिगत तथा संस्थागतरूपमा गलत कार्य भए अन्य कानुनहरू आकर्षित हुन सक्छन् । तर पत्रकारिताको विषयलाई जोडेर फौजदारी अभियोग लगाउने प्रावधान राख्नु हुँदैन । र, देवानी संहितालाई मात्र जोड दिनुपर्छ ।

- नीति तथा कानुनहरू निर्माण गर्दा अन्तर्राष्ट्रिय अभ्यास र मूल्य मान्यताहरूलाई विशेष ध्यान दिनुपर्छ । मिडियालाई निर्देशित र नियन्त्रण गर्ने भन्दा सहजीकरण, समन्वय र विस्तार तथा विकासमा ध्यान दिनुपर्छ ।

- सङ्घमा कानुनहरू बन्न नसक्ने र प्रदेशमा एकपछि अर्को कानुनहरू बन्दै

जाँदा समस्याहरु देखिएका छन् । सङ्घमा कानुन निर्माणलाई विशेष प्राथमिकता दिने र त्यसपछि प्रदेश र स्थानीय तहमा पनि बाँकी रहेका कानुनहरु निर्माण गर्ने प्रक्रियालाई तीव्रता दिनुपर्छ । त्यसरी कानुन निर्माण गर्दा सङ्घीयताको मूल मर्म र भावनाबाट निर्देशित हुनुपर्छ ।

- सङ्घ, प्रदेश र स्थानीय तहमा बनिसकेका र बन्ने क्रममा रहेका कानुनहरूको समीक्षा गरी परिमार्जन र परिष्कृत गरेर अघि बढ्नुपर्छ ।
- संविधानमा उल्लिखित मिडियासम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारलाई स्पष्टरूपमा थप व्याख्या गरी कानुन नै निर्माण गरेर अघि बढ्नुपर्छ । सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारबारे प्रष्ट भई अघि बढ्ने वातावरण निर्माण गर्नुपर्छ ।

●■●■

## सन्दर्भ सामग्री


अनलाइनखबर । २०७७ । विधेयक संशोधनको माग राख्दै सुदूरपश्चिम पत्रकार महासङ्घ आन्दोलित । Retrieved April 18, 2022 from https://www.onlinekhabar.com/2020/08/889896

अनलाइनखबर । २०७७ । प्रदेश २ मा सञ्चारसम्बन्धी विधेयक पारितप्रति सत्तारुढ सांसदकै असन्तुष्टि । Retrieved April 20, 2022 from https://www.onlinekhabar.com/2020/06/877175

अनलाइनखबर । २०७६ । स्थानीय तहमा कानुनी अभ्यास : कोही नजान्ने, कोही नटेर्ने । Retrieved April 25, 2022 from https://www.onlinekhabar.com/2019/09/794167

आमसञ्चार विधेयक अझै कडा, जरिवानामात्रै एक करोडसम्म । २०७६ । Retrieved June 26, 2022 from https://nepallive.com/story/74381 .

कर्णाली प्रदेश सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक । २०७७ । Retrieved June 26, 2022 from http://pga.karnali.gov.np/

कर्णाली प्रदेश सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक । Retrieved June 7, 2022 from http://pga.karnali.gov.np

कारोबार दैनिक । २०७६ । मिडिया काउन्सिल विधेयक राष्ट्रिय सभाबाट पारित । Retrieved June 7, 2022 from https://www.karobardaily.com/news/28815

क्लिन फिडको व्यवस्थासहित विज्ञापन विधेयक पारित । २०७६ । Retrieved June 6, 2022 from https://www.onlinekhabar.com/2019/08/792142

कौशल, किरण र बस्याल, गोपाल । २०७८ । लुम्बिनी प्रदेश : कानुन र नीति निर्माणमा सिभिक स्पेसको अवस्था । https://nepalpolicy.org/wp-content/uploads/2021/10/Discussion-Paper-Lumbini-Province-Media-and-CSO-Paper.pdf

खड्का, घनश्याम । २०७६ । सूचना प्रविधि विधेयक : अन्तर्राष्ट्रिय मान्यता विपरित । Retrieved June 11, 2022 from https://ekantipur.com/news/2020/01/22/157965949644491636.html

गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक । २०७७ ।

जिएम, उदय (सं.) । २०७९ । *वार्षिक प्रतिवेदन* । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।

झा, धर्मेन्द्र । २०७७ । सार्वजनिक सेवा प्रसारणमा सरकारी नियन्त्रण । Retrieved June 10, 2022 from https://www.nayapatrikadaily.com/news-details/48498/2020-08-03

ढुङ्गेल, विनोद । २०७८ । नेपालमा मिडियासम्बन्धी कानुन निर्माण । Retrieved June 8, 2022 from https://nepalpolicy.org

दाहाल, तारानाथ । २०७९ । सङ्घीय प्रणाली र सञ्चारसम्बन्धी कानुन । *वार्षिक प्रतिवेदन* । उदय जिएम (सं.), पृ २३-२९ । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।

दाहाल, तारानाथ । २०७८ । सार्वजनिक सेवा प्रसारण विधेयकको शल्यक्रिया । Retrieved June 7, 2022 from https://ekantipur.com/opinion/2021/08/17/162916753042177987.html

नागरिक दैनिक । २०७६ । मिडिया काउन्सिल विधेयक रोक्न सभामुखको ध्यानाकर्षण । Retrieved June 10, 2022 from https://nagariknews.nagariknetwork.com/politics/178902-1557732480.html .

नेपाल पत्रकार महासङ्घ । २०७८ । सञ्चारको हक प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका ।

नेपाल पत्रकार महासङ्घ । नेपालमा भएका प्रेस स्वतन्त्रताका घटनाहरू । २०७८ । Retrieved April 21, 2022 from http://pressfreedom.fnjnepal.org/

नेपालको संविधान । २०७२ ।

पन्त, सङ्घर्ष । २०७८ । *मिडिया कानुन* । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ, इन्टरनेसनल अलर्ट र युरोपियन युनियन ।

पोखरेल, विपुल । २०७९ । विश्व प्रेस स्वतन्त्रता दिवस, २०२२ को अवसरमा अध्यक्षको शुभकामना । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक । २०७६ । https://assembly.p1.gov.np

प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ । २०७५ । https://assembly.p1.gov.np

प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक । २०७६ । http://provincialassembly.p2.gov.np

प्रदेश एफएम रेडियो र टेलिभिजन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक । http://provincialassembly.p2.gov.np

प्रदेश सञ्चारका माध्यम व्यवस्था (पहिलो संशोधन) विधेयक २०७८ । २०७८ ।

https://provincialassembly.bagamati.gov.np/bill/reg-bill-view/25

प्रदेश नं. ५, सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक । https://assembly.lumbini.gov.np/dynamic/list-all-bills

प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक । २०७५ ।

प्रेस काउन्सिल ऐन, २०४८ ।

फ्रिडम फोरम । २०७४ । विधेयकबारे सार्वजनिक गरेको प्रारम्भिक प्रतिक्रिया । Retrieved June 26, 2022 from https://freedomforum.org.np

फ्रिडम फोरम । २०७८ । नीति विश्लेषणपत्र, सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक । Retrieved June 18, 2022 from  https://freedomforum.org.np

फ्रिडम फोरम । २०७४ । प्रेस काउन्सिल नेपाल ऐन, २०७४ (मस्यौदा) ।

बस्नेत, लक्ष्मी । २०७७ । सुदूरपश्चिम प्रदेश सभाले पारित गऱ्यो सञ्चार माध्यममा अङ्कुश लगाउने विधेयक । Retrieved June 12, 2022 form https://www.himalkhabar.com/news/117147

महर्जन, हर्ष । २०६५ । सरकारी सञ्चार माध्यमबारे उच्चस्तरीय मिडिया आयोग २०६३ : एक टिप्पणी । Retrieved June 10, 2022 form http://www.martinchautari.org.np

रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ ।

सङ्घीयतामा मिडिया नीति तथा कानुन । २०७६ । काठमाडौं : सेन्टर फर मिडिया रिसर्च नेपाल ।

सञ्चारका माध्यम व्यवस्था विधेयक । २०७५

सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ ।

सञ्चारको हक प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका । २०७८ । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।

सूचना प्रविधि विधेयक सच्याऊ । २०७६ । Retrieved June 18, 2022 from https://www.karobardaily.com/news/27771

सेजुवाल, कुलचन्द्र र न्यौपाने, तुफान । २०७८ । युट्युबका बहानामा अभिव्यक्ति स्वतन्त्रतालाई सरकारी चुनौती । Retrieved July 28, 2022 from https://ekantipur.com/news/2022/03/08/164670413836589592.html

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७९ । सङ्घको नीति तथा कार्यक्रमहरूमा आमसञ्चार र पत्रकारिता । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७८ । प्रदेश एक सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयकको समीक्षा र सुझाव । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७८ । कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरू । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७८ । लुम्बिनी प्रदेश सञ्चार माध्यमसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरू । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७८ । आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरू । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७९ । प्रदेश एक सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयकको समीक्षा र सुझाव । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७७ । सार्वजनिक सेवा प्रसारणसम्बन्धी प्रस्तावित विधेयक र अन्तर्राष्ट्रिय मान्यताहरूको तुलनात्मक अध्ययन । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७६ । सुदूरपश्चिम प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी विधेयक टिप्पणी तथा सुझावहरू । Retrieved June 18, 2022 from https://

nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७६ । नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि टिप्पणी र सुझाव । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७६ । सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि टिप्पणी तथा सुझाव । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक विधेयक २०७५ मस्यौदामाथि टिप्पणी र सुझाव । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । प्रदेश १ को रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको समीक्षा । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल । २०७५ । प्रदेश ५ को प्रस्तावित आमसञ्चार नीति, २०७५ को मस्यौदामाथि टिप्पणी र सुझाव । Retrieved June 18, 2022 from https://nepalpolicy.org

सेन्टर फर मिडिया रिसर्च नेपाल र पाल्पा विकास केन्द्र । २०७६ । स्थानीय तहको मिडिया नीति तथा कानुन ।

श्रेष्ठ, सन्देश । २०७८ । आमसञ्चारको विरोधमा उत्रियो पत्रकार महासङ्घ गण्डकी र कास्की । Retrieved June 7, 2022 from https://nagariknews.nagariknetwork.com/social-affairs/624481-1631798450.html

हुमागाईं, लक्ष्मण । २०७६ । क्लिनफिड नीति : जर्तिरहित सुन । Retrieved June 7, 2022 from https://beta.gorkhapatraonline.com/opinion/clean-feed

हेडम्बा न्युज । २०७९ । पत्रकारलाई कैद नहुने, रजिस्ट्रारको अधिकार कटौती नहुने । Retrieved July 31, 2022 from https://hedambanews.com/news/-1938810050

Twomey, Hannah (eds). 2017. On “shrinking space” a framing paper. Retrieved March 10, 2022

# अनुसूची १

## नेपालको संविधान २०७२

१७. स्वतन्त्रताको हक : (१) कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन स्वतन्त्रता,

तर, (१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा सङ्घीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु–सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरूत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्यती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधिनता, सङ्घीय इकाइबीचको सु–सम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउने रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधिनतामा खलल पर्ने, राष्ट्रको विरूद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्ने वा सङ्घीय इकाइबीचको सु–सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु–सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरूद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा सङ्घीय इकाइबीचको सु–सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु–सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा सङ्घीय इकाइबीचको सु–सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सु–सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्ने वा त्यस्तो कार्य गर्न दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(६) खण्ड (च) को कुनै कुराले सङ्घीय इकाइबीचको सु–सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

**१९. सञ्चारको हक :** (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय इकाइबीचको सु–सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु–सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन । तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

(३) कानुन बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरूद्ध गरिने छैन ।

२७. सूचनाको हक : प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

# अनुसूची २ :

कार्य विस्तृतीकरणअनुसार तहगत सरकारको अधिकार

| सङ्घको अधिकार सूची | अधिकारको विस्तृतीकरण |
|---|---|
| फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो, टेलिभिजन | दूरसञ्चार, सूचना र सञ्चार प्रविधि, रेडियो फ्रिक्वेन्सीको बाँडफाँट |
| | दूरसञ्चार, सूचना र सञ्चार प्रविधिसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, प्रबर्द्धन र नियमन |
| | तारयुक्त र ताररहित ब्रोडब्यान्ड सञ्जालको विकास, व्यवस्थापन र नियमन |
| | भू-उपग्रह स्थापना र व्यवस्थापन |
| | दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँट, मूल्य निर्धारण र नक्साङ्कन प्रयोगको अनुमति, नवीकरण र नियमन |
| | दूरसञ्चार र राष्ट्रियस्तरको इन्टरनेटलगायत सूचना र सञ्चार प्रविधि सेवाको गुणस्तर निर्धारण, अनुमति, नवीकरण र शुल्क निर्धारण |
| | राष्ट्रियस्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन, अनुमति र नियमन |
| | सूचना प्रविधिको प्रबर्द्धन र नियमन |
| | साइवर सुरक्षासम्बन्धी कार्य |
| | दूरसञ्चार, सूचना र सञ्चार प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय सम्पर्क, अभिसन्धि र मापदण्ड कार्यान्वयन |
| | सूचना र सञ्चार प्रविधिसम्बन्धी अध्ययन/अनुसन्धान |
| फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो, टेलिभिजन | माइक्रोवेभ प्रणालीको विस्तार |
| | ब्यान्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी |
| | रेडियो यन्त्र प्रयोगको अनुमति र नवीकरण |
| | रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यमसम्वन्धी |
| | रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्थासम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन र नियमन |
| | राष्ट्रियस्तरका टेलिभिजनको अनुमति, नवीकरण र नियमन |

| सङ्घको अधिकार सूची | अधिकारको विस्तृतीकरण |
|---|---|
| फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो, टेलिभिजन | राष्ट्रियस्तरमा प्रसारण हुने वा १००० वाट भन्दा माथिको एफएम रेडियो र प्रसारण संस्थाको सञ्जालीकरण, अनुमति, नवीकरण र नियमन |
| | राष्ट्रियस्तरका टेलिभिजनको अनुमति, नवीकरण र नियमन |
| | राष्ट्रियस्तरमा प्रसारण हुने वा १००० वाट भन्दा माथिको एफएम रेडियोको अनुमति, नवीकरण र नियमन |
| | विदेसी टेलिभिजन च्यानलको डाउनलिंक, सिग्नल प्राप्ति र वितरणको अनुमति, नवीकरण र नियमन |
| | अनलाइन मिडियाको नीति, मापदण्ड/नियमन |
| | सङ्घीय रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्था सञ्चालन |
| | श्रमजीवी सञ्चारकर्मीको न्यूनतम पारिश्रमिकसम्वन्धी मापदण्ड निर्धारण |
| फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो, टेलिभिजन | सार्वजनिक प्रसारण संस्थाको सञ्चालन<br>सबै प्रकारका बहुवितरण प्रसारण प्रणालीका अनुमति, नवीकरण र नियमन |
| | विदेशी तथा नेपालबाट गरिने विदेशी छापा प्रकाशनको नियमन |
| | केन्द्रीय प्रेस रजिस्ट्रारसम्बन्धी कार्य |
| | आमसञ्चार माध्यमहरूको अभिलेख, वर्गीकरण, सहजीकरण र नियमन |
| | विज्ञापन नीति तर्जुमा, कार्यान्वयन, मापदण्ड निर्धारण र नियमन |
| | सञ्चारको हकको संरक्षण र प्रबर्द्धन |
| | सूचनाको हक |
| | सूचनाको हकसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |

## सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीबाट सङ्घको अधिकार

| सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीबाट सङ्घको अधिकार | विस्तृतीकरण |
|---|---|
| पत्रपत्रिका | पत्रपत्रिका सम्बन्धी आचारसंहिताको मापदण्ड |
| | सार्वजनिक छापा सञ्चार माध्यमको सञ्चालन, विस्तार र नियमन |
| | अनुमगन, अभिलेख र व्यवस्थापन (सङ्घस्तरीय पत्रपत्रिका) |

| प्रदेशको एकल अधिकार सूची | विस्तृतीकरण |
|---|---|
| रेडियो, एफएम, टेलिभिजन सञ्चालन | रेडियो, एफएम टेलिभिजन |
| | रेडियो, एफ एम., टेलिभिजन सञ्चालनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| | १०० वाट भन्दा माथि १००० वाटसम्मको एफ. एम. रेडियो इजाजत र नवीकरण |
| | प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन |
| | सञ्चार तथा सूचना प्रविधि र आमसञ्चार |
| | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्यान्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| | प्रदेशस्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन |
| | सूचना प्रविधिको प्रबर्द्धन |
| | प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन |
| | प्रदेशस्तरका इन्टरनेट सेवाको दर्ता, अनुमति, नवीकरण र नियमन |
| | साइबर सुरक्षा अनुगमन |
| | पत्रकार आचारसंहिता अनुगमन |

| | |
|---|---|
| रेडियो, एफएम, टेलिभिजन सञ्चालन | छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन |
| | अनलाइन मिडिया र अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, नवीकरण, अभिलेख, अनुगमन र नियमन |
| | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| | श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन |
| | प्रदेशस्तरीय प्रेस रजिस्ट्रारसम्बन्धी |
| | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| | सञ्चारको हकको प्रादेशिक संरक्षण र प्रबर्द्धन |
| | सूचनाको हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |

## सङ्घ र प्रदेशको साझा अधिकार सूचीमध्ये प्रदेशको अधिकार

| | |
|---|---|
| सङ्घ र प्रदेशको साझा अधिकार सूचीमध्ये प्रदेशको अधिकार | विस्तृतीकरण |
| | केबुल प्रसारण इजाजत, नवीकरण |
| | पत्रकार आचारसंहिता अनुगमन |
| | प्रेस सूचना प्रवाह गर्ने, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण गर्ने |
| | श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन गर्ने |

## स्थानीय तहको अधिकार

| स्थानीय तहको अधिकार | विस्तृतीकरण |
|---|---|
| एफएम सञ्चालन | १०० वाटसम्मका एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन |
| | स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर र स्थानीय केबुल तथा तारबिहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन |
| पत्रपत्रिका | स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन |

| | नीति समीक्षा | प्रकाशित मिति |
|---|---|---|
| १ | आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को प्रारम्भिक मस्यौदामाथि टिप्पणी र सुझाव | भदौ १, २०७५ |
| २ | प्रदेश नं. ३ प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी विधेयक | मंसीर ३, २०७५ |
| ३ | प्रदेश ५ को प्रस्तावित आमसञ्चार नीति, २०७५ को मस्यौदामाथि टिप्पणी र सुझाव | मंसीर ३, २०७५ |
| ४ | गण्डकी प्रदेशः मिडियासम्बन्धी नीति | पुस २६, २०७५ |
| ५ | प्रदेश १ को 'रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'माथिको समीक्षा | माघ ६, २०७५ |
| ६ | विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मस्यौदामाथि टिप्पणी र सुझाव | माघ २२, २०७५ |
| ७ | कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुन व्यवस्था गर्न बनेको विधेयक, २०७५ मस्यौदामाथि टिप्पणी र सुझाव | फागुन ८, २०७५ |
| ८ | सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि टिप्पणी र सुझाव | वैशाख २७, २०७६ |
| ९ | गण्डकी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि टिप्पणी र सुझाव | साउन ८, २०७६ |

| | | |
|---|---|---|
| १० | नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि टिप्पणी र सुझाव | साउन ९, २०७६ |
| ११ | Review of the Information Technology Bill 2019 | माघ १, २०७६ |
| १२ | सुदूरपश्चिम प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी विधेयकको टिप्पणी तथा सुझाव | माघ २९, २०७६ |
| १३ | सार्वजनिक सेवा प्रसारणसम्बन्धी प्रस्तावित विधेयक र अन्तर्राष्ट्रिय मान्यताहरूको तुलनात्मक अध्ययन | साउन २५, २०७७ |
| १४ | प्रदेश नं. २ एकीकृत सञ्चार विधेयक, २०७५ | फागुन २०७५ |
| १५ | प्रदेश नं. ५ छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | माघ २०७५ |
| १६ | प्रदेश नं. ५ प्रदेश प्रसारण विधेयक, २०७५ टिप्पणी तथा सुझाव | कार्तिक २०७७ |
| १७ | लुम्बिनी प्रदेश सञ्चार माध्यमसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरु | असार १, २०७८ |
| १८ | गण्डकी प्रदेश : आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरु | असार २०७८ |
| १९ | SHRINKING OF CIVIC SPACEM DRAFTING OF CSOS POLICIES IN NEPAL | June 2021 |
| २० | लुम्बिनी प्रदेश : कानुन र नीति निर्माणमा सिभिक स्पेसको अवस्था | असार २०७८ |
| २१ | नेपालमा मिडियासम्बन्धी कानुन निर्माण : सङ्कुचनमा मिडिया स्पेस | असार २०७८ |
| २२ | प्रदेश नं २ः प्रदेश सञ्चार सम्बन्धि ऐन २०७७ को समीक्षा र सुझावहरू | साउन २०७८ |


| | | |
|---|---|---|
| २३ | वाग्मतीमा नागरिक स्वतन्त्रता र आमसञ्चारको हक | असोज २०७८ |
| २४ | प्रदेश सरकारका नीति, कार्यक्रम र बजेटमा आमसञ्चार र पत्रकारिता | असोज २०७८ |
| २५ | कर्णाली प्रदेश कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरू | भदौ २०७८ |
| २६ | नेपालमा सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयन स्थिति | पुस २०७८ |
| २७ | नेपालको साइबर स्पेसमा व्यक्तिगत स्वतन्त्रता | पुस २०७८ |
| २८ | प्रदेश एक सञ्चार माध्यम व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझाव | चैत्र २०७८ |
| २९ | GENDER EQUALITY IN THE NEWS MEDIA IN NEPAL | March 2022 |
| ३० | स्थानीय तहमा संस्था दर्ता गर्न बनेका ऐनहरूको समीक्षा तथा सुझावहरू | जेठ २०७९ |
| ३१ | संघको नीति तथा कार्यक्रमहरूमा आमसञ्चार र पत्रकारिता समीक्षात्मक टिप्पणी | जेठ २०७९ |
| ३२ | श्रमजीवी पत्रकार कानुनको व्यवस्था र कार्यान्वयनको अवस्था | असार २०७९ |
| ३३ | कर्णाली प्रदेशको नीति निर्माणमा नागरिक अधिकारको अवस्था | साउन २०७९ |
| ३४ | सुदूरपश्चिम प्रदेशमा मिडिया नीति तथा नागरिक समाजको अवस्था | भाद्र २०७९ |
| ३५ | मधेस प्रदेशमा मिडिया कानुनको अवस्था | असोज २०७९ |
| ३६ | प्रदेश १ को कानुनमा सिभिक स्पेसको अवस्था | असोज २०७९ |

## सेन्टर फर मिडिया रिसर्च–नेपालका प्रकाशनहरु





















### थप जानकारीका लागि

नेपाल तथ्य जाँच

NepalFactCheck.org

Nepal: Civic Space Hub

nepalpolicy.org

Nepal: Media Policy Hub

mediapolicy.org.np

Center for Media Research Nepal
www.research.butmedia.org

सङ्कुचनमा प्रेस सम्बन्धी पुस्तकमा मुलुक सङ्घीयतामा गइसकेपछि सङ्घ, प्रदेश र स्थानीय तहमा बनाइएका र बन्ने क्रममा रहेका मिडिया कानुनहरूको कमीकमजोरीहरू औल्याउँदै सरोकारवाला पक्षहरूको चासोलाई समेत समावेश गरी सुझावहरू प्रस्तुत गरिएको छ ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल मिडियाका नीतिगत तथा व्यावहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडियासम्बन्धी अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायतका कार्य गर्छ ।

सहयोग

The Asia Foundation

प्रकाशक

Center *for* Media Research NEPAL

ISBN 978-9937-1-2867-4